# जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ बर्दिया

## ९ औं अद्यावधिक २०७६

# District Disaster Preparedness and Response Plan 2076



जिल्ला विपद् व्यवस्थापन समिति
बर्दिया

# आधारभुत मानविय मापदण्डका गुणस्तर र उत्तरदायित्वहरु




दस्तावेज : जिल्ला विपद् पूर्वतयारी तथा प्रति कार्ययोजना २०६८ (९औं अद्यावधिक २०७६), बर्दिया
District Disaster Prepedness and Response Plan (DPRP)-2076

प्रकाशक : जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

प्रकाशन मिति : २०७६ जेष्ठ २७ गते

सर्वाधिकार : ©प्रकाशकमा

सहयोग : एक्सन एड् नेपाल/ कमैया महिला जागरण समाज नेपाल, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा बर्दिया, सामाजिक विकास तथा अनुसन्धान केन्द्र (बाँके) नेपाल

सहजीकरण : रुपन ज्ञवाली, मुकेशचन्द्र गौतम, मान बहादुर डाँगी र गंगाराम अधिकारी

# जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ बर्दिया ९औं अद्यावधिक २०७६




## विषयगत क्षेत्रहरू

- समन्वय तथा सूचना व्यवस्थापन
- खोज तथा उद्धार
- गैर खाद्य सामग्री र शिविर व्यवस्थापन
- खाद्य तथा गोदाम व्यवस्थापन
- खानेपानी तथा सरसफाई
- संरक्षण
- स्वास्थ्य तथा पोषण
- आपत्कालिन शिक्षा
- पुन:स्थापना तथा पुन:निर्माण

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१४४
०८४-४२०१४२
०८४-४२००६५
०८४-४२०२७६
०८४-४२०२४३, फ्याक्स
Website: www.daobardia.gov.np
E-mail: info@daobardia.gov.np
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com
deoc: bardiyadeoc@gmail.com

पत्र संख्या :
चलानी नं. :

# दुई शब्द

बर्दिया जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ को ९औं अद्यावधिक गरी यहाँहरु समक्ष प्रस्तुत गर्न पाउदा खुसी लागेको छ । बर्दिया जिल्लामा बर्सेनी बाढी, नदीकटान, आगलागी, जंगली जनावर, हावाहुरी, खडेरी, शितलहर, महामारी आदि विपदबाट जनधनको क्षति भई रहेको छ । यहा विपद्का घटनाहरुको प्रतिकार्य तथा त्यसको पूर्वतयारीका हिसावले विगतदेखि नै सकारात्मक पहलहरु हुदै आएको छ । जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाले वि.स. २०६८ सालदेखि निरन्तर जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्दै आएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको सक्रियता, समन्वय र सरोकारवालाको सुझाव सहित यस योजनालाइ स्थानीय तहको पुर्नसंरचना अनुरुप अद्यावधिक गर्नुका साथै विगतको विपदबाट प्राप्त सिकाइ तथा नयाँ ऐन, नियमलाई आत्मासाथ गरि यस योजनामा समावेश गरिएको छ ।

विपद् व्यवस्थापनका लागि जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ । योजनाको कार्यान्वयनमा स्थानीय तह, विषयगत क्षेत्र, सरोकारवाला संघसंस्था, रेडक्रस, DLSA/Action Aid Nepal/KMJS Nepal ले महत्वपूर्ण योगदान गर्दै आएका छन् । यति हुंदा हुदै पनि विगतको सिकाइ तथा चुनौतीहरुबाट पाठ सिक्दै जिल्ला तहबाट समन्वयात्मक भूमिकालाई थप प्रभावकारी र स्थानीय तहहरुलाइ अझ बढी जिम्मेवार बनाउदै यस वर्षको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ ।

हाल राज्य पुर्नसंरचना अनुरुप विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को पहिलो संशोधन, २०७५, विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले सबै स्थानीय तहको जिम्मेवारी तथा भूमिका स्पष्ट गरेको छ । ऐनमा व्यवस्था भए बमोजिम अबका दिन स्थानीय तहको भूमिका थप सक्रिय बनाउनु पर्ने महसुस भएको छ ।

योजना अद्यावधिक गर्ने क्रममा सहयोग पुर्‍याउने जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरु, राजनैतिक दल, स्थानीय तह, सामाजिक संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, योजना अद्यावधिक गर्न विगत देखि सहयोग पुर्‍याउने जिल्ला अगुवा सहयोगी संस्था :एक्सनएड् नेपाल/कमैया महिला जागरण समाज नेपाल को योगदान स्मरण गर्दछु । त्यसैगरी योजनालाई नयाँ अद्यावधिक गर्ने क्रममा सहयोग पुर्‍याउने नेपाल रेडक्रस सोसाइटी, कमैया महिला जागरण समाज नेपाल, सामाजिक विकास तथा अनुसन्धान केन्द्रलाई समेत धन्यवाद दिन चाहन्छु । यस योजना अद्यावधिक गर्ने कार्यमा प्रत्यक्ष सहयोग पुर्‍याउने जिल्ला विपद् व्यवस्थापन समितिका सदस्य सचिव अर्जुन सुवेदी, प्राविधिक तथा सहजिकरण टिमका रुपमा संलग्न कमैया महिला जागरण समाज नेपालका कार्यक्रम निर्देशक मानबहादुर डाँगी, रेडक्रस मार्फत जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा कार्यरत सुचना व्यवस्थापन अधिकृत स्पन ज्ञवाली र तथ्याङ्क व्यवस्थापक मुकेशचन्द्र गौतमलाई पनि धन्यवाद दिन्न चाहन्छु ।

अन्तमा, यस योजनाले विपद्का समयमा गरिने प्रतिकार्यलाई सहज र योजनाबद्ध गर्न मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

रामबहादुर कुरुम्बाङ्ग
प्रमुख जिल्ला अधिकारी
एवम्
अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

# Nepal Red Cross Society
**Bardiya District Chapter**

Gulariya Municipality-05, Red Cross Marg,
Matanga Tole, Bardiya
Phone : +977-084-420125, 421182
Fax : +977-084-420845
Email : nrcs.bardiya06@gmail.com
: nrcs_gulariya@yahoo.com


Ref. No. :

२०७६ जेष्ठ २७ गते

विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण जिल्ला विपद् व्यवस्थापन समितिको अनिवार्य आवश्यकता बनिसकेको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालनमा प्रारम्भ देखी हाल सम्म निरन्तर जिम्मेवारी तथा नियमित रुपमा प्राविधिक सहजकर्ताको रुपमा नेपाल रेडक्रस सोसाइटी बर्दिया जिल्ला शाखा रहन सक्नु र रहन पाउनु आफैमा एक गर्व हो । यसका लागि बर्दिया जिल्ला विपद् व्यवस्थापन समिति प्रति बर्दिया रेडक्रस आभार व्यक्त गर्दछ । बिशेष गरी देशको प्रशासनिक क्षेत्रको पूँन संरचना पछि विपद व्यवस्थापनको सन्दर्भमा निर्मित ऐनले रेडक्रसको भूमिकालाई केन्द्र देखि प्रदेश, जिल्ला तथा स्थानीय तह सम्म जुन स्थान दिएको छ त्यस प्रति बर्दिया रेडक्रस आभार व्यक्त गर्दछ । यसले रेडक्रस नेपाल सरकारको सहयोगी हात हो भन्ने यथार्थलाई पुष्टी गरेको छ ।

बर्दिया जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७६ जेष्ठ २७ गतेको बैठकको निर्णय अनुसार मनसुन पुर्व सम्भावित क्षतिको व्यवस्थापन तथा बार्षिक रुपमा हुने वा घट्न सक्ने विपद्का घट्नालाई मध्यनजर गरि आ.ब. २०७५/०७६ कालागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्न रेडक्रस बर्दिया जिल्ला शाखा, DLSA (Action Aid) लाई विगतका बर्षमा जस्तै यस बर्ष समेत जिम्मेवारी प्रदान गरिएको छ । स्थानीय तहलाई विपद् व्यवस्थापनका सम्बन्धमा जिम्मेवारीको बोध गराउदै स्थानीय विपद् प्रतिकार्य योजना निर्माणमा सहजकर्ताको भूमिका निर्वाह गर्न दिइएको जिम्मेवारी प्रति समेत बर्दिया रेडक्रस आभार व्यक्त गर्दै सो जिम्मेवारीलाई महत्वका साथ निर्वाह गरिएको जानकारी दिन पाउदा सभापतिको हैसियतले गर्वको अनुभुति गर्नु स्वभाविक ठान्दछु ।

आगामी दिनमा समेत विपद् व्यवस्थापनका सन्दर्भमा ३५ बर्ष देखिको अनुभवलाई नेपाल सरकारको सहयोगीका रुपमा बर्दिया जिल्लामा आफ्नो श्रोत, साधन र स्थानीय प्राविधिक क्षमतालाई अधिकत्तम प्रयोग गर्ने प्रतिबद्धता समेत व्यक्तगर्न चाहन्छु । ११ उपशाखामा फैलिएको संजाललाई करिब २५० दक्ष तालिम प्राप्त स्वयंसेवकका माध्यमबाट ४५ मन्दा बढी विपद् प्रतिकार्य दल साथमा लिई विगत ११/१२ वर्ष देखि समुदाय केन्द्रित विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्यक्रम संचालनको अनुभवले सम्भावित जोखिमलाई न्यून गर्न समुदायलाई सुसुचित गर्न र जनधनको क्षतिलाई घटाउन जिल्ला स्थित आपत्कालिन कार्य संचालन केन्द्र मार्फत रेडक्रस बर्दियाले खेलेको भूमिका सबै सामु स्पष्ट छ । समुदायलाई प्रदान गरिएका तालिम, पुर्व सूचना सामाग्री र सञ्जाल, दक्षजनशक्ति, स्थानीय तहमा प्रदान गरिएका उद्दार सामाग्रीले रेडक्रसलाई विपद्को साथीको रुपमा दिएको पहिचानलाई रेडक्रसले आफ्नो सम्पत्ति ठान्दछ ।

अन्त्यमा मानवीय सेवाको क्षेत्रमा कार्य गर्न कुनै भुगोलको सिमाले छेक्न हुदैन भन्ने मानवीय मूल्यका साथ अर्न्तर देशिय पुर्व सूचना संजाल (नेपाल भारत पुर्व सूचना प्रणाली) को संयोजकको भूमिकामा रहेको बर्दिया रेडक्रसको सभापतिको हैसियतले संस्थागत तथा राष्ट्रिय जिम्मेवारीलाई केन्द्रमा राख्दै मानवीय पिडालाई न्यूनगर्ने सन्दर्भमा जिल्ला स्थित विपद व्यवस्थापन समितिको निर्देशन अनुसार बर्दिया रेडक्रस क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।  जय रेडक्रस ।

कृष्ण प्रसाद गौतम
सभापति

actionaid
NEPAL

**शुभकामना** !

एक्सनएड मानवअधिकार, सामाजिक न्याय, लैंगिक समानता र गरिबी उन्मूलनको लागि कार्यरत अन्तर्राष्ट्रिय सामाजिक संगठन हो । सन् १९८२ मा सामाजिक न्यायकालागि कार्य गर्ने उद्देश्यले गैर सरकारी संस्थाका रुपमा स्थापित एक्सनएड नेपाल हाल नेपालको बिभिन्न स्थानीय, प्रान्तीय तथा राष्ट्रियस्तरमा कार्यरत छ ।

गरिबीका विभिन्न कारकहरु मध्ये विपद् एउटा कारण हो । विपद् जोखिमका हिसाबले नेपाल विश्वमा उच्च जोखिम भएका २० देशभित्र पर्दछ । विपद्को सामना गर्न नसक्दा हाम्रो देशमा गरिबीको रेखामुनी झर्ने जनसंख्या ठूलो छ । वि.सं. २०७२ सालको भूकम्पले गरिबीको रेखामुनी झर्नेको संख्या करिब ७ लाखले थपिएको अनुमान छ । अर्कोतिर बर्षेनी तराइका जिल्लाका बासिन्दाहरुले खेप्नु परिरहेको डुवान, कटान, पटान जस्ता बाढीजन्य विपद्ले हजारौं परिवारहरुलाई प्रभावित पारिरहेको छ । २०७३ सालमा तराईमा आएको बाढीले मात्र ३३ वटा जिल्लाहरु सवैभन्दा बढि प्रभावित भएको र त्यसले ठूलो मात्रमा जनधनको क्षतिगर्‍यो ।

यस्ता विपद्का घटनाहरुले नागरिकको जीवन सुरक्षा, वास तथा सम्पत्तिको संरक्षण र जीविका माथि नकारात्मक प्रभाव पारिरहेको सर्वविदित नै छ । यसका लागि समुदायलाई विपद्को सामना गर्न सक्षम बनाउन क्षमताअभिबृद्धि गर्ने, नीजी तथा सार्वजनिक संरचना निर्माण गर्दा विपद् आँकलनको आधारमा निर्माण गर्ने र परिआउँदा विपद्को सामना गर्नका लागि आवश्यक साधन-स्रोत सहीत तम्तयार रहने कुरा नै मुख्य हुन् । यस कार्यमा एक्सन एड नेपालले बर्दिया लगायतका एक्सनएडले काम गर्ने जिल्ला तथा समुदायहरुमा आफ्ना साझेदार सँस्थाहरु मार्फत् सक्रिय योगदान गरिरहेको छ ।

बर्दिया जिल्ला विपद् जोखिमका हिसाबले उच्च जोखिम रहेको जिल्ला मध्येको एक हो । २०७१ सालको बाढीजन्य विपद्को त्रासदीले अझै पनि आम मानिसलाई पछ्याउन छोडेको छैन । र, भूक्षयका कारण लगातार नदीको सतह भरिनुले बर्षेनी बाढीको सम्भावनालाई अझ बढाइ रहेको छ । त्यसैले विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्व तयारी गर्ने र विपद् आइपरे त्यसको प्रतिकार्यको कामलाई योजनाबद्ध गर्न सकियो भने क्षतीमा कमि ल्याउन सकिन्छ । यसै अभिप्रायका लागि जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको अगुवाइमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना **२०६८** लाई अद्यावधिक गर्दै **विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६** तयार भएको छ । यो योजनालाई अद्यावधिक गर्न जिल्ला प्रशासन कार्यालय, बर्दिया, जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र लगायत सबै सरकारी निकाय तथा नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरुको संलग्नता र सहयोग प्रति म जिल्ला अगुवा सहयोगी सँस्थाको (DLSA) तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, एक्सनएड नेपाललाई बर्दिया जिल्लाको जिल्ला अगुवा सहयोगी सँस्थाको जिम्मेवारी प्रदान गर्ने गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय बर्दिया, विभिन्न नगरपालिकाहरु र गाउंपालिकाहरुह तथा अन्य Cluster lead agencies लाई यहाँको योगदानको स्मरण गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्यमा एक्सनएड नेपालको साझेदार सँस्थाको रुपमा संयोजन तथा सहजीकरण गर्ने कमैया महिला जागरण समाज(KMJS)नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

आशा छ, मिहनतले निर्माण गरिएको यो योजना व्यवहारमा लागु हुने छ । सबैमा शुभकामना !

**विष्णु प्रसाद शर्मा**
स्रोत केन्द्र संयोजक
एक्सनएड नेपाल
पश्चिमाञ्चल स्रोत केन्द्र, नेपालगञ्ज


जि.प्र.का.काठमाडौं दर्ता नं.: ३८३

एक्सनएडअन्तर्राष्ट्रिय, हेग, नेदरल्यान्ड
दर्ता नं.: २७२६४१९८

**एक्सनएड नेपाल**
पोष्ट बक्स नं.: ६२५७
अप्सरा मार्ग, लाजिम्पाट,
काठमाडौं, नेपाल

फोन नं.:+९७७ (०) १ ४००२१७७
इमेल:mail.nepal@actionaid.org
वेबसाईट:nepal.actionaid.org

## परिच्छेद १. जिल्लाको संक्षिप्त परिचय


१.१. बर्दिया जिल्लाको संक्षिप्त परिचय ........ १-३
१.२. विपद्को जोखिम र संकटासन्नता ........ ३-४
१.३. विपद्को पृष्ठभूमी ........ ४
१.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्यहरु ........ ५
१.५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा ........ ५
१.६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा विधि तथा प्रक्रिया ........ ५-६
१.६.१. योजना तर्जुमाको पूर्वानुमान........ ६-१०
१.६.२. विपद्ले २०७५ सालमा पुऱ्याएको क्षतिको विवरण........ १०
१.६.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्य र प्रक्रिया........ १०-१२
१.६.४ प्रकोपको जोखिम विश्लेषण........ १२
१.७. जोखिम विश्लेषण ........ १३-२५
१.७.१ प्रकोपको प्रभावस्तर........ १३-२०
१.७.२ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको विवरण........ २१-२२
१.७.३ निकायगत भूमिका तथा जिम्मेवारी........ २२-२५


## परिच्छेद २. जिल्लास्थित स्रोत साधनको आाकलन


२.१ जिल्लास्थित स्रोत साधनको आँकलन ........ २६-२७
२.२. भौतिक साधन श्रोतको आवश्यकता र (Gpa) खाडल ........ २८
२.३. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ........ २८


## परिच्छेद ३. विपद्को प्राकृतिमा आधारित प्रतिकार्य योजना


३.१. विषयगत क्षेत्र : समन्वय तथा सूचना व्यवस्थापन ........ २९-३१
३.२. विषयगत क्षेत्र : खोज तथा उद्धार ........ ३२-३५
३.३. विषयगत क्षेत्र : गैर खाद्य सामग्री तथा शिविर व्यवस्थापन ........ ३६-३९
३.४. विषयगत क्षेत्र : खाद्य तथा गोदाम व्यवस्थापन ........ ४०-४४
३.५. विषयगत क्षेत्र : खानेपानी तथा सरसफाई ........ ४५-४७
३.६. विषयगत क्षेत्र : संरक्षण ........ ४८-५१
३.७. विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण ........ ५२-५६
३.८. विषयगत क्षेत्र : आपत्कालिन शिक्षा ........ ५७-६१
३.९. विषयगत क्षेत्र : पुनःस्थापना तथा पुनःर्निर्माण ........ ६२-६५


## परिच्छेद ४. कार्यान्वयन तथा पुनरावलोकन रणनीति


४.१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने ........ ६६
४.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना ........ ६६
४.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधि ........ ६६


## परिच्छेद ५. प्रतिवेदन तथा अभिलेखन


५.१. प्रतिवेदन तथा संचार ........ ६७
५.२. संस्थागत व्यवस्था ........ ६७
५.३. अभिलेखिकरण ........ ६७
५.४. अनुमोदन प्रक्रिया ........ ६७

**विपदका समयमा राहत सहयोग प्रदान गर्ने मापदण्ड ........ ६८**


## अनुसूचिहरू :


अनुसूची १ : जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त तथ्यांक अनुसार विपद्ले २०७५ सालमा पुऱ्याएको क्षतिको विवरण: ........ ६९
अनुसूची २ : विभिन्न निकायसंग भएका दक्ष जनशक्तिको विवरण ........ ७०
अनुसूची ३ : नेपाल रेडक्रस सोसाइटी बर्दिया जिल्ला शाखा अर्न्तगत तालिम प्राप्त तथा प्रशिक्षण जन शक्ति ........ ७०

अनुसूची ४ : जिल्ला निर्माण व्यवसायी संघ बर्दियामा आवद्ध निर्माण व्यवसायीहरुसंग रहेको
हेभि यन्त्र उपकरणहरुको विवरण ........ ७१
अनुसूची ५ : जिल्लामा रहेका खोज तथा उद्धारमा प्रयोगहुने डुङ्गाहरुको विवरण ........ ७१-७२
अनुसूची ६ : समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७२
अनुसूची ७ : खोज तथा उद्धार विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७३
अनुसूची ८ : गैर खाद्य सामाग्री र शिविर व्यवस्थापन विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७३-७४
अनुसूची ९ : खाद्य तथा गोदाम व्यवस्थापन विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७४
अनुसूची १० : खानेपानी तथा सरसफाई विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७५
अनुसूची ११ : संरक्षण विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७५-७६
अनुसूची १२ : स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७६
अनुसूची १३ : आपत्कालिन शिक्षा विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७७
अनुसूची १४ : पुनःस्थापन तथा पुनःनिर्माण विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ........ ७७
अनुसूची १५ : पालिका स्तरिय स्थानिय विपद व्यवस्थापन समिति/विषयगत शाखाहरुको बिवरण ........ ७८-८०
अनुसूची १६ : विपद्को समयमा सुरक्षित आश्रय स्थलको विवरण........ ८०-८१
अनुसूची १७ : जिल्ला प्रहरी कार्यालय अन्तर्गत रहेका कार्यालयहरुको विवरण ........ ८२-८३
अनुसूची १८ : जिल्लामा रहेको नेपाली सेनको सम्पर्क सूची ........ ८४
अनुसूची १९ : जिल्लामा रहेको सशस्त्र प्रहरी बलको सम्पर्क सूची ........ ८४
अनुसूची २० : सशस्त्र प्रहरी बल नेपालका यूनिट हरुमा रहेका सवारी साधन हरुको विवरण........ ८४
अनुसूची २१ : जिल्लामा रहेका स्वास्थ्य कार्यालयहरुको सम्पर्क सूची ........ ८५
अनुसूची २२ : नेपाल रेडक्रस सोसाईटी शाखा, उपशाखाहरुको सम्पर्क सूची ........ ८६
अनुसूची २३ : जिल्लामा संचालनमा रहेका एम्बुलेन्सहरुको सम्पर्क सूची ........ ८६
अनूसूची २४ : जिल्लामा साधन-श्रोत भएका निमार्ण व्यवसायीहरुको सम्पर्क सूची........ ८७
अनुसूची २५ : विपद् व्यवस्थापन क्षेत्रमा संलग्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकाय/गैरसरकारी संस्थाहरुको विवरण.... ८७
अनुसूची २६ : बबई नदी तटिय क्षेत्रका समुदायलाई बाढी पूर्व सूचना प्रदान गर्ने व्यक्तिहरुको विवरण ........ ८८
अनुसूची २७ : कर्णाली नदी टट्रिय क्षेत्रका समूदायलाई बाढी पूर्व सूचना प्रदान गर्ने व्यक्तिहरुको विवरण ........ ८९-९१
अनुसूची २८ : सञ्चारकर्मीहरुको सम्पर्क विवरण ........ ९२
अनुसूची २९ : जल तथा मौसम मापन केन्द्रहरुको सम्पर्क विवरण ........ ९३
अनुसूची ३० : विपद्को समयमा हेलिकप्टर बस्न सक्ने स्थानहरुको विवरण ........ ९३
अनुसूची ३१ : जिल्लामा रहेका दमकलहरुको विवरण ........ ९४
अनुसूची ३२ : जिल्ला स्थित क्रियासिल राजनैतिक दलहरुको सम्पर्क विवरण ........ ९४
अनुसूची ३३ : विपद्को समयमा प्रयोगहुने खोज तथा उद्धार सामाग्रीको खाण्डल पहिचान ........ ९५-९६
अनुसूची ३४ : संकटासन्न क्षेत्र सम्म पुग्न लाग्ने समय ........ ९६-९७
अनुसूची ३५ : बाढी विपद् प्रतिकार्य तालिका........ ९७-९९
अनुसूची ३६ : भुकम्प विपद् प्रतिकार्य तालिका........ १००-१०५
अनुसूची ३७: विस्तृत घरधुरी सर्वेक्षण फारम नमूना........ १०६-१०८
अनुसूची ३८ : तिन दिने बाढी पूर्वानूमान र पूर्व तयारी कार्य संचालन विधि........ १०९-११४
अनुसूची ३९ : विपद् प्रारम्भिक द्रुत लेखाजोखा नमूना फारम........ ११५-१२०

## बर्दिया जिल्लाको चिनारीः

### १.१ पृष्ठभूमी

पाँच नं. प्रदेशमा पर्ने बर्दिया जिल्ला नेपालको पश्चिम क्षेत्रको अन्नभण्डारको रुपमा पनि चिनिन्छ। यो जिल्लाको पुर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेश को बहराईच जिल्ला पर्दछ। यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग कि.मी. मध्ये दुई तिहाइ भन्दा बढी भु-भाग (६८.७६ प्रतिशत) तराईको समथल जमिनले ओगटेको छ भने बाँकी भाग (३१.२४ प्रतिशत) चुरे पर्वत पर्दछ। बिगतमा आदीबासी थारुहरुको बाहुल्यता रहेको यो जिल्ला पछिल्ला दिनहरुमा बाहिरी जिल्लाहरुबाट बसाईसराईको क्रम बढेसंगै जातिय र साँस्कृतिक बिबिधता रहेको छ।

बि.स. १९१४ मा भारतमा भएको सिपाही बिद्रोहको समस्या समाधान गर्न तत्कालिन प्रधानमन्त्री श्री ३ जंग बहादुर राणाले ईष्टईण्डिया कम्पनीलाई सहयोग गरेवापत बि.स. १८७३ को सुगौली सन्धीबाट गुमेको भु-भाग मध्ये बि.स. १९१७ मा बाँके, बर्दिया, कैलाली र कंञ्चनपुर नेपाललाई फिर्ता आएकोले बर्दिया लगाएत उल्लेखित जिल्लाहरु नयाँ मुलुकको रुपमा पनि चिनिन्छन। यस जिल्लाको नाम बर्दिया रहनुको पछाडी विभिन्न जनश्रुति, धार्मिक एवम् पौराणीक आख्यानहरु रहेको पाइन्छ। ति मध्ये केही यस प्रकार छन्।

- थारु भाषामा गाईगोरु पाल्नेलाई वर्दवा भनिन्छ। वर्दिया जिल्लामा गाईगोरुलाई प्रशस्त चरनक्षेत्र भएको ले धेरै गाई गोरु पाल्ने र वर्दवाहरु धेरै बसोबास गर्ने भएकाले पछि वर्दवाबाट अपभ्रंस भई बर्दिया जिल्ला नामकरण रहेको हो भन्ने पनि भनाई छ।
- साविक पदनाह गा.वि.स. हालको बारबर्दिया नगरपालिकामा वारवर्दिया भन्ने गाँउ छ, पहिले यसै ठाँउमा हरिहर उपाध्याय नामका ठुला जमिन्दारको महल थियो। वर्दियामा खेतिको लागि उन्नत जमिन भएको कारण बाहिरबाट बसाई सराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो, अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्ला नामाकरण रहन गएको हो भन्ने भनाई छ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षण, देशकै ठूलो कर्णाली नदी, धार्मिक-भाषिक विविधता, अन्न भण्डार, विविध धार्मिक पर्यटकीय स्थल, धार्मिक साँस्कृतिक, सहिष्णुता समाज समेतले बर्दियाको चिनारी दिइरहे को छ।

### १.१.२ भौगोलिक अवस्थिति, सीमाना

यस जिल्लाको भौगोलिक अवस्थालाई संक्षेपमा निम्न तालिकाबाट प्रस्तुत गर्न सकिन्छ।

तालिका १: भौगोलिक अवस्थिति र सीमानाः

| | |
|---|---|
| अक्षांस | २८° १७° उत्तरदेखी २८° ३९° उत्तर सम्म |
| देशान्तर | ८१° ३° पूर्वदेखी ८१° ४१° |
| पूर्व | बाँके जिल्ला |
| पश्चिम | कैलाली जिल्ला |
| उत्तर | सुर्खेत र सल्यान जिल्ला |
| दक्षिण | भारतको उ.प्र.को बहराईच जिल्ला |
| क्षेत्रफल | २,०२५ व. कि. मि. |
| औषत लम्बाई | ६४ कि.मि. |
| औषत चौडाई | ३५.७१ कि.मि. |
| उचाई | समुन्द्र सतहबाट १३८ मि. १२७९ मि.सम्म |
| अधिकतम उचाई | १२७९ मि.(चेपाङ गाउँ) |

### १.१.३ प्रमुख नदी-नाला र ताल तलैयाहरू:

**नदी-नाला तथा जल भण्डार**

कृषि प्रधान मुलुकका लागि जलसाधन सबैभन्दा महत्वपूर्ण प्राकृतिक साधन हो किनकि कृषि, उद्योग जस्ता आर्थिक क्षेत्रको विकास गर्न यसको महत्वपूर्ण भूमिका रहन्छ। भौगोलिक वनावटका कारण यस जिल्लामा धरातलीय जलसाधन प्रचुर मात्रामा रहेको छ। यहाँका जलभण्डारहरूमा मूलतः नदीनाला र तालतलैयाहरू पर्दछन्। यस जिल्लामा बग्ने मुख्य नदी र खोलाहरूमा कर्णालीनदी, गेरुवानदी, बबईनदी, ओराही खोला, बुढीकुला, मानखोला, डुडुवा नाला, रेउखोला, कुठरा लगनिया खोला आदी पर्दछन्। बाह्रै महिना पानी बग्ने यहाँका नदी र खोलाहरूबाट सिंचाईको सुविधा लिनसक्ने सम्भावना प्रचुर रहेको छ।

### १.१.४ पर्यटकीय स्थल

बर्दिया राष्ट्रियनिकुञ्ज, बढैयाताल, चिसापानी पुल, कोठियाघाटमा रहेको नेपालको सवैभन्दा लामो पक्की पुल, कृष्णसार क्षेत्र, चेपाङ्ग गाउँ, ठाकुरद्वारा, डल्ला होमस्टे, ठाकुरबाबा मन्दिर, राजापुर गणेश मन्दिर यहाँका पर्यटकिय स्थलकारुपमा रहेका छन्।

### १.१.५ व्यापारिक महत्वका स्थानहरू:

गुलरिया, ताराताल, राजापुर, भुरीगाँउ, बाँसगढी, मैनापोखर, सितलाबजार, बगनाह, स्याउली बजार, ठाकुरद्वारा, भोलागौडी, कतरनिया, शान्तिवजार, खोल्टी वजार आदि बजारहरु बर्दियाका मुख्य व्यापारिक क्षेत्रहरु हुन।

### १.१.६ राजनैतिक एवं प्रशासनिक विभाजन:

बर्दिया जिल्लालाई २ वटा गाउँपालिका र ६ वटा नगरपालिका सहितको स्थानीय तह कायम गरिएको छ। २ गाउँपालिका र ६ नगरपालिकालाई २ वटा संघिय र ४ वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। यसको विस्तृत विवरण यस प्रकार छ।

तालिका नं. २: जिल्लाको राजनैतिक बिभाजन

| विवरण | संख्या | नगरपालिका/गाउँपालिका |
|---|---|---|
| संघिय निर्वाचन क्षेत्र | २ | क्षेत्र नं. १: बाँसगढी नपा, बढैयाताल गापा, गुलरिया न.पा. र बारबर्दिया नपा<br>क्षेत्र नं. २: मधुवन नपा, ठाकुरद्वारा नपा, राजापुर नपा र गेरुवा गापा |
| प्रदेश निर्वाचन क्षेत्र | ४ | क्षेत्र नं. १: बाँसगढी नपा र गेरुवा गापा<br>क्षेत्र नं. २: गुलरिया नपा र बारबर्दिया नपा वडा नं. ४ देखि ११ सम्म<br>क्षेत्र नं. ३: मधुवन नपा, ठाकुरबाबा नपा र बारबर्दिया नपा वडा नं.१ देखि ३ सम्म<br>क्षेत्र नं. ४: राजापुर नपा र गेरुवा गाउपालिका |
| नगरपालिका संख्या | ६ | १.बाँसगढी नपा, २. गुलरिया नपा, ३. बारबर्दिया नपा, ४.मधुबन नपा, ५. ठाकुरबाबा नपा र ६. राजापुर नपा |
| गाउँपालिका सख्या | २ | १. बढैयाताल गापा र २. गेरुवा गापा |
| जम्मा वडा संख्या | ७५ | (१) बाँसगढी नपामा ९ वडा , (२) गुलरिया नपामा १२ वडा, (३) बारबर्दिया नपामा ११ वडा, (४) मधुबन नपामा ९ वडा, (५) ठाकुरबाबा नपामा ९ वडा, (६) राजापुर नपामा १० वडा, (७) बढैयाताल गापामा ९ वडा र (८) गेरुवा गापामा ६ वडा रहेका छन्। |
| घरधुरी संख्या | ८३,१४७ | स्रोतः राष्ट्रिय जनगणना २०६८ |

### १.१.७ भू-क्षेत्रको वर्गीकरण

बर्दिया जिल्लाको भौगोलिक क्षेत्रलाई मुलतः तराई र सिवालिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । सिवालिक क्षेत्रले करीब १ तिहाइ क्षेत्र ओगटेको छ । यो क्षेत्रमा २० डिग्रीभन्दा कम भिरालोपना छ । दक्षिण क्षेत्र समथर भू-भागको क्षेत्रमा भिरालोपनको अभावले गर्दा बर्षायाममा पानी जम्ने र निकासको समस्याले बाढीको रुप पनि लिने गर्दछ ।

### १.१.८ जलवायु तथा हावापानी

यस जिल्लाको भौगोलिक बनावट अनुसार हावापानी पनि दुई प्रकारको पाईन्छ । चूरे क्षेत्रमा शितोष्ण र तराइ क्षेत्रमा उष्ण ( Tropical ) प्रकारको हावापानी पाईन्छ । अधिकतम वार्षिक वर्षा २०५० मि.मि.रेकर्ड भएको पाइन्छ । बर्दिया जिल्लाको जलवायुको अभिलेख अनुसार औषत न्युनतम वर्षा ११९८ मी.ली. छ । जसमध्ये ८५ प्रतिशत वर्षा मनसुन याममा हुने गर्दछ । तुलनात्मक रुपले उत्तरी क्षेत्रमा बर्दिया निकुञ्जको घना जङ्गलको प्रभावले बढी पानी पर्दछ । यस जिल्लाको औसत सापेक्षिक आर्द्रता ७१.४ छ । हावाको औसत वेग ३ कि.मि. प्रति घण्टा छ ।

हावापानीको दृष्टिले बर्दिया जिल्लालाई मुलतः ३ भागमा विभाजन गर्न सकिन्छ ।

क) गर्मी सुख्खा र समशितोष्ण हावापानी (Hot Dry sub-tropical climate)

ख) न्यानो सुख्खा समशितोष्ण हावापानी (Warm Dry sub-tropical climate)

ग) शितोष्ण आद्र हावापानी (Cool moist Tropical)

गर्मी सुख्खायाम (बैशाख-जेष्ठ) मा भारतको थार मरुभूमीबाट तातो हावा (लू) बढ्नाले जनजीवन अस्तव्यस्त हुने गरेका छ । मौसम परिवर्तन हुने समयमा पानीजन्य र किटजन्य रोगहरु जस्तै ईन्सेफ्लाइटिस, मेनिन्जाइटिस, झाडापखाला, छालाको रोग जस्ता प्रकोपहरु बढ्ने गर्दछन् ।

### १.१.९ जनसंख्या विवरण

जनगणना २०६८ अनुसार बर्दिया जिल्लाको कुल जनसंख्या ४,२६,५७६ रहेको देखिन्छ । जसमध्ये पुरुषको जनसंख्या २,०५,०८० जना र महिलाको जनसंख्या २,२१,४९६ जना छ । यस जिल्लामा कुल घरधुरी संख्या ८३,१४७ छ । औषत घरपरिवारको आकार ५.१३ छ । जनघनत्व २११ प्रति वर्ग कि.मि र जनसंख्या बृद्धि दर १.०९ रहेको छ । यस जिल्लाको २०३८ देखि २०६८ सम्मको जनसंख्यालाई तालिका ३ मा देखाइएको छ ।

तालिका ३ : जनसंख्याको विवरण

| जनगणना | जनसख्या | | | | | बृद्धि प्रतिशत | घरधुरी संख्या | औषत परिवारको आकार |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | पुरुष | प्रतिशत | महिला | प्रतिशत | | | |
| २०३८ | ५९९०४४ | २९०३१३ | ४८.४६ | ९५१६५ | ५१.५४ | ३.८५ | | ७.५ |
| २०४८ | २९०३१३ | १७४४५४ | ५०.७९ | १४२३८६ | ५०.७९ | ३.७ | ४१२९८ | ७.० |
| २०५८ | ३८२६४९ | १९२६५५ | ५०.३५ | १८९९९४ | ५०.३५ | २.७९ | ५९५६९ | ६.४२ |
| २०६८ | ४२६५७६ | २०५०८० | ४८.०७ | २२१४९६ | ५१.९३ | १.०९ | ८३१४७ | ५.१३ |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग

### १.१.१० भू- उपयोग

जिल्लाको कुल क्षेत्रफल २,०२,५०० हेक्टर मध्ये वन क्षेत्र १,२१,६८२ हेक्टर, खेतीयोग्य जमिन ७५,००० मध्ये ६०,१०० हेक्टर जमीनमा मात्र खेती गरिएको छ । सामुदायिक वनले १८,४२५.०८ हेक्टर ओगटेको छ भने राष्ट्रिय निकुञ्जले ८७,९३६.०० हेक्टर जमीन ओगटेको छ । मध्यवर्ती क्षेत्रको वनले ११,९७० हेक्टर ओगटेको छ भने राष्ट्रिय वनले १८,६९४.६ हेक्टर ओगटेको छ ।

## १.२ विपद्को जोखिम र संकटासन्नता

बर्दिया जिल्ला प्रकोप तथा विपद्को दृष्टिले उच्च जोखिम भएको जिल्ला हो । यस जिल्लाको भौगोलिक

अवस्थिति, धरातलिय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन् । खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोग, असुरक्षित संरचना निर्माण जस्ता कारणले भू-क्षय, सुख्खाग्रस्तता, आगलागी एवं जलउत्पन्न प्रकोपहरु सिर्जना भईरहेको छ । विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाई नियाल्दा यस जिल्ला देहायका प्रकोपहरुबाट बढि प्रभावित भएको देखिन्छ । बर्दिया जिल्लामा रहेका प्रमुख प्रकोपहरु निम्नानुसार छन् - १) बाढी २) जनावरको आतंक ३) आगलागी ४) सडक दुर्घटना ५) हावाहुरी ६) महामारी ७) शितलहर ८) खडेरी ९) असिना

यस बाहेक भुकम्प र महामारी पनि यस जिल्लाका प्रकोपका रुपमा देखिएका छन् । बर्दिया जिल्लामा रहेका पुराना विद्यालय, सार्वजनिक तथा नीजि संरचनाहरु प्रायः प्राविधिक परामर्श बिनानै निर्माण गरिएकाले भूकम्पीय दृष्टिकोणबाट अति संवेदनशिल रहेका छन् ।

योजना निर्माणको क्रममा उपलब्ध सूचना, स्रोत, साधन र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शनका आधारमा माथि उल्लेखित मूख्य विपद्हरुमा केन्द्रित रही यो पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गरिएको छ । यद्दपी उल्लेखित वाहेक अन्य ठूला विपद्हरु आइलागेको अवस्थामा समेत तत्काल प्रतिकार्य योजना तर्जुमा गरी विपद्को सामना गर्न यस योजनाले सघाउन सक्ने अपेक्षा गरिएको छ ।

## १.३ विपद्को पृष्ठभूमी

नेपाल बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टी, शितलहर तथा भूकम्प जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । यस्ता विपद्वाट जोगाउन र प्रकोप सृजित विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायहरुको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आपत्कालमा गरिने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न निकायहरूको पूर्वतयारीको स्तर र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत साधनको ठूलो प्रभाव पर्दछ । तसर्थ, प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने जीउधनको क्षतिलाई न्यून गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण पक्ष हो । यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने र समुदायहरुलाई विपद् उत्थानशील गराउने कार्यमा मद्धत पुऱ्याउँदछ । यसै सन्दर्भमा गृह मन्त्रालयले तयार गरेको “विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७” को आधारमा जिल्ला स्थित सरोकारवालासँग छलफल र अर्न्तक्रिया गरी विपद्को न्यूनीकरण र सामना गर्ने क्षमताको विकास गर्न जिल्ला विपद् व्यवस्थापन समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ साल देखि नै तर्जुमा गरी अभ्यास गर्दै आएको छ । सोही योजनालाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिकरण गर्ने क्रममा “विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७” ले निर्धारण गरेका विधि तथा प्रक्रिया पूरा गरी “विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ को ९ औं अद्यावधिक २०७६” तर्जुमा गरिएको छ ।

विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरू मध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विपद् जोखिम व्यवस्थापनको एक महत्वपूर्ण अंश हो । यसले विपद् पहिले, विपद्को अवस्था र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म गरिने कार्यलाई प्राथमिकता दिन्छ । विपद् पूर्वतयारी कार्यले विपद् अघि गरिने कार्यलाई प्राथमिकतामा राखेको हुन्छ भने आपत्कालीन कार्ययोजनाले विपद्को समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई महत्व दिएको हुन्छ । विपद्बाट उत्पन्न असहज अवस्थामा प्रभावितको खोज तथा उद्धार गरी मानवजीवनको रक्षा गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेकोछ । एक क्षण अथवा केही दिन मात्रको विपद्ले लामो समय लगाएर आर्जित उपलब्धीलाई तहस नहस बनाई समग्र विकासको स्थितिलाई पछि धकेल्न सक्ने भएकाले विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको अवधारणालाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्नु आजको आवश्यकता भएको छ ।

## १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका उद्धेश्यहरू

- प्रकोपका कुनैपनि घट्नाबाट हुन सक्ने विपद् र त्यसवाट सृजित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्व योजना तर्जुमा गर्ने ।
- विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमवद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तराष्ट्रिय गैससहरुसंग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने क्षमता (Cooping Capacity) को पहिचान गर्न ।
- विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनावद्ध तरिकावाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।

## १.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो । साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ। यस योजनाका विशिष्ट उद्देश्य निम्नअनुसार छन् ।

- विपद् पहिला गर्नुपर्ने आधारभुत जोखिम न्युनीकरणका कार्य सुनिश्चित हुनेछन् ।
- विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।
- विपद् जोखिम कम गर्न सरोकारवाला र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ
- उद्धार र राहत जस्ता कार्यमा पीडित समदायको समान पहुँचको प्रत्याभुति हुनेछ ।
- सामाजिक, सास्कतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भइ विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहीता र उत्तरदायित्वको भावना विकास हुनेछ ।
- सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुनेछ ।
- जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ ।
- बिषयगत क्षेत्रहरुको आकस्मिक योजना निमार्ण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।
- विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरु अवलम्बन गर्न सजिलो पार्नेछ ।
- जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमार्फत समुदाय र सरोकारवाला बीच द्रुत सूचना स्थापित गरि प्रतिकार्य प्रभावकारी हुने छ ।
- विपद् जोखिम न्यूनिकरण गर्न सरोकारवालाहरु वीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात तत्काल प्रतिकार्य गर्न सहज हुनेछ
- विपद्को समयमा स्थानीय निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढाइने छ ।
- स्थानीय विपद् ब्यवस्थापन समितिलाई जवाफदेही बनाउदै विपद् पुर्वतयारी तथा प्रतिकार्यका लागि क्षमतावान बन्नलाई मद्दत गर्ने छन्

## १.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा विधि तथा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा योजना तर्जुमा गर्ने क्रममा गृह मन्त्रालयद्वारा जारी गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ लाई मूलआधार बनाईयता पनि नयाँ संरचाना अन्तर्गत जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरुबाट आएका सुझावलाई समेटीएको छ । जसको खाका निम्नअनुसार रहेको छ :

- मानवीय सहायतामा कार्य गर्ने साझेदारहरुको पहिचान
- विद्यमान सूचना/अभिलेखको पुनरावलोकन
- साझेदारहरुको बैठक आयोजना
- अन्तिम कार्यशालाको आयोजना
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा
- कार्ययोजना कार्यान्वयन
- समन्वय
- पुनरावलोकन

उपरोक्त मार्गदर्शनको खाकालाई अनुशरण गर्ने क्रममा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ लाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिक गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नका लागि सर्वप्रथम जिल्ला विपद् व्यवस्थापन समितिको वैठकले जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, जिल्ला अगुवा सहयोगी संस्था एक्सन एड नेपाल (DLSA), कमैया महिला जागरण समाज नेपाल र नेपाल रेडक्रस सोसाइटीलाई जिम्मेवारी प्रदान गरेको थियो । यी संस्थाहरुले जिल्लामा रहेका विपद्मा कार्य गर्ने सरकारी, गैर सरकारी, राजनैतिक दल, वुद्धिजिवी, सञ्चारकर्मी तथा स्थानीय विपद् व्यवस्थापन समिति तथा जिल्ला आप्तकालिन कार्य संचालन केन्द्रसगं समन्वय गरी आवश्यक सूचना तथा जानकारी संकलन गरि विद्यमान सूचनाहरुलाई अद्यावधिक गर्ने काम गरे । जिल्ला विपद् व्यवस्थापन समितिवाट विभिन्न ९ वटा विषयगत क्षेत्र (Cluster) को पहिचान गरि संयोजन गर्ने क्षेत्रगत कार्यालय र जिम्मेवारी समेत तोक्ने काम भयो । यसरी पहिचान भएका ९ वटै विषयगत क्षेत्रसँग सम्वन्धित सरोकारवालाहरुको बैठक, जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तथा जिल्ला स्तरीय सरोकारवालाहरुको कार्यशाला गोष्ठीमा व्यापक छलफल र अर्न्तक्रिया गरी प्राप्त भएका थप सूचना, सुझाव र निर्णयहरु समेतको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ लाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिक गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ को मस्यौदा तयार भयो । प्रस्तुत मस्यौदा उपर मिति २०७६ जेष्ठ २७ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा छलफल एवं बिश्लेषण भई प्राप्त भएका राय सुझावहरुलाई समेत समावेश गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ को ९ औं अद्यावधिक २०७६ पारित गरियो । साथै, यस योजनालाई आधार मानि स्थानीय विपद् व्यवस्थापन समितिहरुले आ-आफ्नो क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धि कृयाकलापहरु सञ्चालन गर्ने निर्णय गरियो ।

### १.६.१ योजना तर्जुको पुर्वानुमान

**परिस्थिति तथा योजना तर्जुमासम्बन्धी पूर्वानुमान**:

जिल्लामा २०४०, २०५१, २०६३, २०६५, २०७०,२०७१ र २०७४ सालमा गएको बाढीको प्रभाव तथा २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्प तथा २०७२ सालमा भएका विपद्का घटना र २०७५ सालसम्म भएका विपद्का घटनाहरुमा जिल्लामा सञ्चालन गरिएका विपद् जोखिम न्यूनिकरणका क्रियाकलापहरूलाई मध्यनजर गरी २०७६ का लागि योजना तर्जुमा गरिएको छ । २०७१ श्रावण २९ गते आएको वाढी र २०७२ र २०७३ मा भएका विपद्का घटना र त्यसले पारेका प्रभाव समेत ध्यानमा राखी यस वर्ष २०७६ (सन् २०१९) मा निम्न वमोजिम विपद् असरको पूर्वानुमान सहित राहत प्रतिकार्य योजना तयार गरिएको छ । यस वर्ष पनि २०७६ (सन् २०१९) बाढीबाट प्रभावित संख्या २०,००० घर परिवारका १,००,००० जनसंख्या उच्च प्रभावमा पर्नसक्ने पूर्वानुमान



सहित यो जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ तयार गरिएको छ। बर्दिया जिल्लामा वर्षेनी पानीजन्य आपत्‌काल निम्त्याउने मुख्य नदीहरुमा कर्णाली नदी, ववई नदी, मान खोला, ओरही खोला, रेउ खोला, वुढी कुला जस्ता नदीनालाहरु छन । यी नदीहरुमा आउने बाढीका कारण वर्षेनी ठूलो मात्रामा मानविय तथा भौतिक क्षती हुने गरेको छ।

सम्भावित बाढी विपद्‌बाट प्रभावित समुदायलाई शिघ्र उद्धार तथा राहत सेवा पुऱ्याउन विगतदेखि नै क्षेत्रगत अवधारणामा आधारित भएर योजना बमोजिम प्रतिकार्यका गतिविधिहरू संचालन भैरहेका छन । बर्दियाको पश्चिम अवस्थित राजापुर नगरपालिका र गेरुवा गाँउपालिकाका अधिकांश समुदायहरुले कर्णाली नदीको सामना गर्दछन । पाताभार, तिघ्रा, मनाउ, खैरीचन्दनपुर, गोला, दौलतपुर, राजापुर र भिम्मापुर गाउँहरु बाढीको कारण ज्यादै असुरक्षित छन् । बबई नदी र महाभारत पर्वतबाट उत्पन्न हुने अन्य साना अस्थायी खोलाहरुले पनि जिल्ला सदरमुकाम गुलरिया र वारवर्दिया नगरपालिका लगायत तल्लो भेगका समुदायमा वार्षिकरुपमा क्षति गर्ने गरेका छन् । बर्दिया जिल्लाको सबैभन्दा बढि बाढीको जोखिम भएका अधिकांश गाउँहरुमा उच्च जनघनत्व (सामान्यतया २०० देखि ६०० प्रति वर्ग किलोमिटर) छ। दौलतपुर, नेउलापुर,वनियाभार, खैरीचन्दनपुर, गुलरिया आदि जस्ता नदीको किनारमा अवस्थित गाउँहरुमा उल्लेखनीय अनुपातमा विपन्न वर्गका मानिसहरुको बसोबास छ। जसले गर्दा यी क्षेत्रमा बाढीले थप असुरक्षा बढाएको छ। विगत १०वर्षको बाढीको विवरण तालिका नं. ४ मा उल्लेख गरिएको छ।

तालिका नं.४ विगत १० वर्षको बाढीको विवरण

| क्र. सं. | आ.ब. | प्रभावित घर र जनसंख्या | | | | | मानवीय क्षति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घरपरिवार | महिला | पुरुष | बालबालिका | जम्मा | मृत्यु | बेपत्ता | घाइते |
| १ | २०६४/०६५ | ४३१४ | ८६३१ | ८५९१ | ९२४० | १७२२२ | ८ | १६ | ४ |
| २ | २०६५/०६६ | २८५९ | ९०३३ | ७०८४ | १५९३ | १६११७ | - | - | - |
| ३ | २०६६/०६७ | २८७० | ८९१७ | ७६१२ | ६९१ | १६५२९ | २ | - | - |
| ४ | २०६७/०६८ | ६ | १३ | १५ | १० | २८ | - | - | - |
| ५ | २०६८/०६९ | १४ | ३९ | ४५ | - | ८४ | - | - | - |
| ६ | २०६९/०७० | - | - | - | - | - | - | - | - |
| ७ | २०७०/०७१ | ५९० | १७६९ | १८१९ | - | ३५८८ | - | - | - |
| ८ | २०७१/०७२ | १७३७६ | - | - | - | ९३१८९ | ३१ | - | २२ |
| ९ | २०७२/०७३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | २०७३/०७४ | १ | ० | १ | १ | १ | १ | ० | ० |
| ११ | २०७४/०७५ | २०९८१ | - | - | - | १११७६४ | - | - | - |
| १२ | २०७५/०७६ | २६ | - | - | - | १४३ | २ | - | १ |
| | जम्मा | २७६८३ | २८४०२ | २५१६७ | ११५३५ | १४५५९१ | ४२ | १६ | २६ |

यो प्रति कार्ययोजना विशेष गरी जल उत्पन्न आपत्‌काललाई मध्यनजर गरी बनाइएको छ।

**(क) बाढी**

**२०७१/०४/२८ र २९ गते गएको बाढीबाट प्रभावित जनसंख्या:**

प्रभावितकुल जनसंख्या : ९३,१८९ जना,

पूर्ण प्रभावित : २०,३७६ जना,

आंशिक प्रभावित : ७२,८१३ जना

भौतिक क्षति : १७,३७६ घरधुरी

पूर्ण : ३,८५९ घरधुरी

आंशिक : १३,५१७ घरधुरी

मानवीय क्षति :

मृत्यू : ३१ जना ,

घाइते : २२ जना

**२०७४/०४/ २९ गते गएको बाढीबाट प्रभावित**:

गत वर्ष २०७४ श्रावण २९ गतेको बाढीका कारण २३७३ घर पूर्ण, १८६०८ आंशिक गरि १११७६४ जन संख्या प्रभावित भएको थियो । लगभग रु ५० करोड वरावरको कृषि तथा पशुपालन क्षेत्रमा क्षति पुगेको थियो ।

### (ख) जंगली जनावारको आतंकः

जिल्लाको कुल क्षेत्रफल २०२५०० हेक्टरमध्ये वन क्षेत्र १२१६८२ हेक्टर रहेको छ । जसमध्ये सामुदायिक वनले १८४२५.०८ हेक्टर, राष्ट्रिय निकुञ्जले ८७,९३६.०० हेक्टर जमीन ओगटेको छ । यसरीनै, मध्यवर्ती क्षेत्रको वनले ११९७० हेक्टर ओगटेको छ भने राष्ट्रिय वनले १८६९४.६ हेक्टर ओगटेको छ। जिल्लाको अधिकांश भूभाग राष्ट्रिय निकुञ्ज वन, राष्ट्रिय वन तथा सामुदायिक वन र छिमेकि मुलुक भारतको राष्ट्रिय निकुञ्ज वन, जैविक मार्ग क्षेत्र पर्दछ । फलस्वरुप बर्दिया राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, सामुदायिक वन, राष्ट्रिय वन र भारतिय निकुञ्ज आसपासका मानवीय बस्तीहरुमा जंगली जनावरको आतंक अत्याधिक रहने गरेको छ । जंगली जनावारको आतंकको कारण मानिसको ज्यान जाने, भौतिक संरचनामा क्षति पुग्नुका साथै वालिनालिको समेत क्षति हुने गरेको छ ।




### (ग) आगलागी

गर्मीयाम बढ्नासाथ प्रत्येक बर्ष जिल्लामा आगलागीको घटना हुने गरेको छ । आर्थिक विपन्नता तथा जनचेतना को कमिका कारण घर हरुको संरचना आगलागीको जोखिममा रहेका छन । समुदायका मानिसहरूको असावधानीपूर्वक आगोको प्रयोग र घरको बनोटले गर्दा गुलरिया न.पा., राजापुर न.पा.मा आगलागीका घटना बढी हुने गरेको पाइन्छ । जिल्लाका अन्य न.पा. तथा गा.पा.हरूमा पनि आगलागीको प्रकोप भएतापनि प्रभावितहरूको संख्या कम हुने गरेको छ ।




तालिका नं.९: विगत १२ बर्षको आगलागिको घटना विवरण:

तालिका नं. ९ : १२ बर्षको आगलागीको घटना विवरण :

| क्र.सं. | आ.ब. | घरपरिवार | प्रभावित घर र जनसंख्या | मृत्यु | बेपत्ता | घाइते |
|---|---|---|---|---|---|---|
| १ | २०६४/०६५ | २६ | ११९ | - | - | ४ |
| २ | २०६५/०६६ | २४ | १२५ | - | - | ४ |
| ३ | २०६६/०६७ | २७ | १४२ | - | - | २ |
| ४ | २०६७/०६८ | ४१ | २८२ | - | - | - |
| ५ | २०६८/०६९ | ५४ | ३४२ | - | - | ४ |
| ६ | २०६९/०७० | १३४ | ८०४ | - | - | - |
| ७ | २०७०/०७१ | ४३ | २४३ | - | - | - |
| ८ | २०७१/०७२ | २८ | १९५ | - | - | - |
| ९ | २०७२/०७३ | २९ | १६० | २ | - | २ |
| १० | २०७३/०७४ | २२ | १५१ | - | - | - |
| ११ | २०७४/०७५ | ४६ | १३३ | | | |
| १२ | २०७५ | ३५ | १९६ | १ | | ३ |

### (घ) सडक दुर्घटना




बर्दिया जिल्लामा मुख्यगरी पक्की सडक १०५ कि.मि., कच्चि सडक ४६ कि.मि. ग्रावेल सडक ६५ कि.मि. गरी अन्य टोलगाउँ वस्ती जोड्ने सडक वाहेक जम्मा २१६ किलोमिटरको सडक संजाल देखिन्छ ।

यस जिल्लामा सडक दुर्घटनाको प्रमुख कारणहरुमा मानवीय, यान्त्रिक, सडक, वातावरणिय कारण प्रमुख रहेको छ । देशको विकास संगसंगै यातायातका साधनको चाप यस जिल्लामा पनि अत्याधिक वढिरहेको छ। मुख्यगरी मानवीय कारण जस्तैः लापरवाही पूर्वक सवारी साधन चलाउनु, मादप पदार्थ सेवन गरी सावारी साधन चलाउनु, ट्राफिक नियमको पालना नगर्नु, पैदल यात्रीमा ट्राफिक नियमको वारेमा जानकारीमा कमी हुनु तथा सवारी साधनको अवस्था ठिक नहुनु, सवारी क्षमताभन्दा बढी भार बोक्नु र पुराना र साँघुरा सडकहरु हुनुले यस जिल्लामा वर्षेनी सडक दुर्घटना बढ्दो छ । यस जिल्लाको मुख्यगरी गुलरिया बजार, भादा नदी, गणेशपुर, सितलावजार, मैनापोखर, भोलागौडी र राजमार्ग तर्फ मानखोला नजिक, लखना चोक, बाँसगडी, माछागड, बैदी, कतर्निया, भुरीगाउँ बजार, ठाकुरद्वारा बजार, कुसुम्बा बजार, वेलवा चोक, ओराली बजार, कोठियाघाट, मानपुरटपरा, राजापुर बजार क्षेत्र सडक दुर्घटनाको दृष्टिकोणले अति जोखिम यूक्त ठाउँहरु मनिन्छ। गत वर्ष २०७४ वैशाख देखि चैत्रसम्म ठुला १२ वटा सडक दुर्घटना भएको छ जसमा ५ जनाले ज्यान गुमाएका छन भने ३४ जना घाइते भएका छन । वर्षेनी यस्तो घटनाहरु वढदो क्रममा रहेको छ ।

### ङ) भूकम्प

यस जिल्लाले हालसम्म भुकम्पका कारण कुनै त्यस्तो ठूलो क्षती ब्यर्होनु परेको छैन र भुकम्प प्रतिकार्यको अनुभव पनि छैन । तर Humanitarian Country Team (HCT) and key partners engaged Durham University ले गरेको अध्ययन अनुसार नेपालको मध्य तथा सुदुर पश्चिम भागमा भुकम्प जान सक्ने सम्भावना रहेको र ठुलो मात्रामा जनधनको क्षति हुनसक्ने अनुमान गरेको छ। भूकम्पको जोखिममा नेपाल राष्ट्र नै उच्च जोखिमा रहेको हुनाले बर्दिया जिल्ला पनि यस प्रकोपबाट अछुतो नरहन सक्छ । बिशेष गरी यस जिल्लाको केहि क्षेत्रमा भुकम्पको फल्टलाईन रहेको विज्ञ हरुको अनुमान रहेको हुँदा भूकम्पको जोखिम भएको अनुमान गर्न सकिन्छ। भुकम्पबाट विगतमा भएको क्षतिको एकिन तथ्यांक जिल्लामा उपलब्ध हुन सकेन । यद्यपि भुकम्पीय दृष्टिकोणबाट जिल्लाका गाउपालिका तथा न.पा.मा रहेका पुराना विद्यालय, निजी भवनहरु तथा संरचनाहरु जोखिममा रहेका छन् ।

**भूकम्पबाट प्रभावित हुनसक्ने सम्भावित नगर तथा समुदायहरुः**

राजापुर न.पा., पाताभार, गोला, पशुपतिनगर, दौलतपुर, मनाउ, खैरीचन्दनपुर, सुर्यपटुवा, ढोढरी, सानोश्रीताराताल (कुसुम्बा बजार), ठाकुरबाबा न.पा. (भुरीगाउँ), बाँसगढी न.पा., मैनापोखर, कालिका, मगरागडी र गुलरिया नगरपालिका तथा पुराना विद्यालय, स्वास्थ्य संस्था र निजी पुराना संरचनाहरु उच्च जोखिममा रहेका छन् । भुकम्पबाट प्राभावित जनसंख्या र संरचनाको विवरण निम्नानुसार अनुमान गरिएको छ ।

**भूकम्प पछिको अनुमानीत अवस्था** :

प्रभावित हुनसक्ने जनसंख्या : ५००० जना

मृत्यु हुन संक्ने जनसख्या : १०० जना

घाईते हुनसक्ने जनसंख्या : २००० जना

बिस्थापित हुनसक्ने जनसंख्या : ३००० जना (घाईते समेत गरी)

क्षति हुन संक्ने संरचना : पूर्ण नष्ट घर : २५० घरधुरी, आंशिक नष्ट घर : १५०० घरधुरी साथै संचार टेलिफोन टावरहरु क्षति ग्रस्त हुनसक्ने र यातायात प्रभावित क्षेत्रहरुमा १ महिना सम्म यातायात असहज हुन्छ ।

**(च) शीतलहर**

तराईका जिल्लाहरूमा हिउँदको महिना मंसिर देखि माघ/फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । चिसोबाट बालबालिका, सुत्केरी, गर्भवति, बृद्धबृद्धा तथा गरीब परिवार शीतलहरको उच्च जोखिममा रहेका छन् ।

**(छ) हुरीबतास**

विगत वर्षहरुमा हावाहुरीका कारण जिल्लामा सयैंको संख्यामा घरहरु क्षति गरिरहेको देखिन्छ । खासगरी चैत्र महिनादेखि जेष्ठ महिना सम्म हुरीबतासजन्य प्रकोपको कारण धनजनको क्षति भएको पाइएको छ । २०७५ सालको तथ्याङ्कलाई हेर्दा जिल्लामा ४१७ घरधुरी हुरीबतासका कारण प्रभावित भएको पाइएको छ ।

### १.६.२ विपद्ले २०७५ सालमा पुऱ्याएको क्षतिको विवरणः

जिल्ला आपतकालिक कार्य संचालन केन्द्र बर्दियामा स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल प्रहरी तथा नेपाल रेडक्रस सोसाइटीद्वारा केन्द्रमा सम्प्रेषण गरिएको २०७५ सालको तथ्याङ्क अनुसुचि १ मा समावेश गरिएको छ ।

### १.६.३ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्य र प्रक्रिया :

जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला बिपद् ब्यवस्थापन समिति क्रियाशिल रहेको छ । यो समितिको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीहरु विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन २०७४ बमोजिम रहेको छ ।

### सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

बर्दिया जिल्लामा आइपर्न सक्ने विपद्हरुलाई प्रभावकारी ढंगले सामना गर्न सक्ने क्षमताको विकास तथा पुर्वतयारीको आवश्यकतालाई महशुस गरी विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्देशिकामा भएको प्रावधान अनुसार जिल्ला विपद् ब्यवस्थापन समिति वर्दियाको अग्रसरतामा यस जिल्लामा वि.सं.२०६८ सालदेखि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी बार्षिकरुपमा नियमित आवश्यक परिमार्जन गर्ने गरिएको छ। बि.स.२०६४ देखि गृह मन्त्रालयले विपद् जोखिम न्युनिकरणमा संलग्न निकायहरुको प्रतिकार्य क्षमतालाई सुधार गर्ने कार्यको प्रारम्भ गरेको देखिन्छ । विपद् सम्वन्धी साझा धारणा निर्माण तथा उद्धारकर्ताको संगठनात्मक भूमिका, प्रकृया र पद्धतिमा सुधारका लागि गृह मन्त्रालयले विभिन्न तह र क्षेत्रमा राष्ट्रसंघिय निकाय, अन्तराष्ट्रिय गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, रेडक्रसको अन्तराष्ट्रिय महासंघ तथा सरकारी अधिकारीहरुको संलग्नतामा विभिन्न गोष्ठी तथा छलफल गर्ने गरेको छ ।

यी छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई मध्येनजर गर्दै जिल्ला स्थित सरोकारवाला निकाय बीच विपद् सम्बन्धी साझाधारणा र बुझाई कायम गरी योजना तर्जुमाका लागि विभिन्न चरणमा बैठक, कार्यशाला गोष्टी सम्पन्न गरि जिल्ला स्तरिय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । हाल बर्दिया जिल्लामा आपत्कालिन अवस्थामा प्रतिकार्य तथा सूचना र समन्वयका लागि जिल्ला विपद् ब्यवस्थापन समितिको नेतृत्वमा सन्चालन हुने गरी जिल्ला प्रशासन कार्यालयमा जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्र (DEOC) स्थापना भई कार्यान्वयनमा रहेको छ । पूर्वानुमानमा आधारित बाढी पूर्वतयारीको लागि कार्य सञ्चालन बिधि र पूर्वसूचना प्रणाली, आपत्कालिन कोष कार्य सञ्चालन विधि समेत तत्कालिन जिल्ला दैवीक प्रकोप उद्धार समितिबाट पारित भै कार्यान्वयमा रहेको छ। साथै जिल्ला

भित्र साविकका स्थानीय निकाय र न.पा.मा स्थानीय जलवायु अनुकुलन योजना तयार भएका छन् ।

बर्दिया जिल्लामा बिभिन्न निकायहरुवाट बिभिन्न समयमा बिपद् सम्बन्धी अध्ययन, अनुसन्धान एवं योजनाहरु सम्बन्धि प्रतिवेदनहरु प्रकाशन भएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि बिभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन गरिएको छ । केही महत्वपूर्ण सामाग्रीहरु र त्यसबाट प्राप्त असल अभ्यासहरु तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.५ : सन्दर्भ सामाग्रीहरुको विवरण

| क्र.स. | प्रतिवेदन/प्रकाशनको नाम | सिकाई/असल अभ्यासहरु |
|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८-२०७५ | जिल्लास्तरको विपद् जोखिम स्तरिकरण,र विषयगत अभ्यासहरु । |
| २ | प्रकोप व्यवस्थापन कार्ययोजना २०६६, बर्दिया | समग्र जिल्लाको विपद् जोखिमको अवस्थाको चित्रण । |
| ३ | जिल्ला विपद् व्यवस्थापन समितिका बार्षिक प्रतिबेदनहरु | जिल्लामा हुने गरेको विपद्का घटनाहरु र समाधानका उपायहरु बारे जानकारी । |
| ४ | विभिन्न गै.स.स. को सहयोगमा समुदायस्तरमा तयार गरिएका स्थानीय विपद् जोखिम व्यवस्थापन कार्ययोजना र अनूभवहरु | स्थानीय निकायले गरेको प्रयास र सफलताका कथाहरु एवं गाउँ स्तरमा योजना निर्माण गर्ने प्रक्रिया स्थानीय समुदायको प्राथमिकताहरु बारे जानकारी भएको विपद्को स्थिति र स्थानीयस्तरबाट गरेका परम्परागत असल अभ्यास र सम्भावित उपायहरु । |
| ५ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा बर्दिया को आपत्कालिन जनस्वास्थ्य योजना-२०६९( २०७० दोस्रो संसोधन ) | २०६८ मा बनेको आपत्कालिन जनस्वास्थ्य योजना २०६९ अद्यावधिक गरिएको ।<br>स्वास्थ्य क्षेत्रमा तत्काल मानवीय सहयोग पुर्‍याउन रु ७,४४,९१३ को आपत्कालिन कोष स्थापना र सो कोषमा रकम थपिदै जाने रणनीति रहेको |
| ६ | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | राष्ट्रिय स्तरमा तयार भएको नीतिबारे जानकारी र जिल्ला स्तरमा समायोजन गर्ने प्रक्रिया बारे स्पष्टता |
| ७ | विपद जोखिम न्युनिकण तथा व्यवस्थापन ऐन २०७४ को पहिलो सम्शोधन २०७५ | ऐनले व्यवस्था गरेको मापदण्ड र सरकारी संरचना बारे बुझाई |
| ८ | स्थानीय सरकार सञ्चालन सम्वन्धमा व्यवस्थापन गर्न वनेको ऐन २०७४ | विपद् जोखिम न्यूनीकरणमा स्थानीय निकायको भुमिकाबारे स्पष्टता |
| ९ | स्फेयर परियोजना | राहत मापदण्ड र न्यूनतम आवश्यकता बारे जानकारी भएको |
| १० | ह्योगो कार्य संरचना सन् २००५ देखि १५(सेन्डाई कार्य संरचना २०२०-२०३०) तथा फ्लागसिप फोर २००९ | विपद् लाई प्राथमिकता क्षेत्र अन्तर्गत समावेश गर्न |
| ११ | प्रकोप पिडितलाई राहत प्रदान गर्ने मापडण्द २०४५, तेश्रो संशोधन २०७४ | राहत सम्बन्धी मापदण्ड निर्धारण गरिएको । |
| १२ | राष्ट्रिय विपद् प्रतिकार्य कार्य ढाँचा २०७० को पहिलो सम्शोधन २०७५ | तत्कालको प्रतिफल सम्बन्धी |
| १३ | स्थानीयस्तरमा तयार गरिएका स्थानीयविपद् जोखिम व्यवस्थापन योजना | कार्ययोजना तत्काल प्रतिकार्यमा सहज |

| | | |
|---|---|---|
| १४ | लेखाजोखा मार्गदर्शन २०७२ | लाभान्वित पहिचानको आधार |
| १५ | नेपाल सरकारद्वारा गरिने निर्देशन तथा परिपत्रहरु । | प्रतिकार्यमा सहजता |
| १६ | जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रवाट प्राप्त सूचना | तथ्यांक एकिकृत तथा प्रतिकार्यमा सहजता |
| १७ | नेपाल रेडक्रस सोसाईटी बर्दिया जिल्ला शाखाबाट प्राप्त तथ्यांकहरु | तथ्यांक एकिकृत तथा प्रतिकार्यमा सहजता |
| १८ | पूर्वानुमानमा आधारीत बाढी पूर्वसूचना कार्यबिधि २०७५ | विषयगत क्षेत्रको जिम्मेवारी बाडफाँडमा सहजता । |
| १९ | दिगो बिकास लक्ष्य २०२०-३० | दिगो बिकास लक्ष्यका उद्देश्य नं. १३ को परिपुर्तिमा प्रत्येक्ष सहयोग पुग्ने । |
| २० | मनसुन पुर्व तयारी योजना २०७५ वर्दिया | जिल्लामा वाढीले पारेको प्रभावहरु |
| २१ | आपतकालिन संचार प्रणालीको तहगत आवद्धता र संचालन मापदण्ड २०७५ | विपद्का वेला सवै तह सरोकारवाला विच आपतकालिन सञ्चार संचालनाको सहि व्यवस्थापन |
| २२ | विपद् जोखीम न्युनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ | सवैको भुमीका र अधिकारवोरमा स्पष्ट |

### १.६.४ प्रकोप जोखिम विश्लेषण:

बर्दिया जिल्लामा रहेका प्रकोपहरु विश्लेषण निम्नानुसार गरिएको छ । बर्दियामा निम्नानुसारका विपद्का घटनाहरु हुने गरेका छन् १) बाढी, २) जनावरको आतंक, ३) आगलागी, ४) सडक दुर्घटना, ५) हावाहुरी, ६) महामारी, ७) शितलहर, ८) खडेरी र ९) असिना

बर्दिया जिल्लाको गा.पा./न.पा स्तरिय बिपद् प्रभावितहरुको संख्या र सङ्कटाभिमुखता स्तर तालिका ९ देखि १६ सम्म समावेश गरिएको छ ।

तालिका नं. ६ : वातावरणीय दृष्टिले संवेदनशील क्षेत्रहरू

| क्र.सं. | विवरण | साविक न.पा. तथा स्थानीय तहक.हरू | समस्याहरू |
|---|---|---|---|
| १ | भु-क्षयको दृष्टिकोणले बढी खतरा क्षेत्र | गुलरिया नगरपालिका, प्रयागपुर, बारबर्दिया नपाको बबई नदी तटिए क्षेत्र | बबई नदीबाट बढी कटान |
| २ | नदी कटानका दृष्टिकोणले बढी संवेदनशिल क्षेत्र | बारबर्दिया नपाको बबई नदी तटिए क्षेत्र र बढैयाताल गापाको मानखोला तटिय क्षेत्र | बबइ नदीबाट बढी कटान, भविष्यमा सम्वन्धित नपा र गापाका धेरै क्षेत्रमा असर गर्न सक्ने । |
| ३ | भु-क्षय तथा नदीकटानका हिसावले कम खतराजन्य क्षेत्र | राजापुर नपा, गेरुवा गापा र ठाकुरबाबा नपा अन्तरगतका कर्णाली, गेरुवा र ओराही नदी तटिय क्षेत्र | कर्णाली नदी, गेरुवा नदी र ओराही नालाबाट कटान हुने गरेको । |

माथिको तालिकामा उल्लेख गरिएको तथ्याङ्क बिश्लेषण गर्दा सबैभन्दा बढी क्षति गर्ने प्रकोपको रुपमा क्रमश: बाढी, जनावरको आतङ्क र आगलागी रहेका छन् । बर्दिया जिल्लामा रहेका पुराना विद्यालयहरु, सार्वजनिक तथा नीजि संरचनाहरु प्राय प्राविधिकको परामर्श विनानै निर्माण गरिएको हुदा भुकम्पीय जोखिका दृष्टिले पनि यो जिल्ला संबेदनशिल रहेको छ ।

## १.७ जोखिम विश्लेषण

### १.७.१ प्रकोपको प्रभावस्तर :

गाउँपालिका तथा नगरपालिकाको वडास्तरिय बाढी प्रकोपको संकटासन्न तल तालिका नं. ९-१६ मा उल्लेख गरिएको छ।

**वडैयाताल गाउपालिका**

क) जनसंख्या ४७८६८, ख) क्षेत्रफल : ११५.१९ वर्ग कि.मि, ग) साविक : सोरहवा, मैनापोखर, जमुनी र कालिका गा.वि.स. घ) वडा सख्या : ९, सिमाना : पुर्व बाँके जिल्ला, पश्चिम : गुलरिया नगरपालिका, उत्तर : बासँगडी नगरपालिका, दक्षिण : भारत

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानेर निमार्ण गरिएको छ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रबिष्ट गरिएको छ।

तालिका नं. ७

| वडा नं. | समुदायको नाम | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|---|
| १ | शान्तिपुर, सानो डाफैं, ठुलो डाँफे | ११० | २३६ | ८८४ | ४३ |
| २ | नकहनाला वरिपरी,फुटाहा, सितापुर, रानिपुर, शिवालयटोल | २८२ | ६४९ | ३३४ | ३३ |
| ३ | गौडी, प्रगतिटोल, साविक ७ हुलाकी रोडको उत्तर तर्फ, साविक ८ वट्नी नाला, साविक ९ पुष्पनगर, दौलतपुर, पिपल पुर | २६१ | ३२० | ६४५ | १ |
| ४ | गर्न्धव बस्ती, भगरा, वुटाह, सिक्टी रिहार, गोला वस्ती | ३१ | २१८ | ५८१ | ११५ |
| ५ | पासिपुर, झसैला, साधुपुर, मोहनपुर, जगतिया, सिक्टी रिहार, स्कुलटोल, वढैयागाउँको उत्तर र पुर्व, | ३७ | ४१३ | ५०० | ५९ |
| ६ | पेले टोल, बगदैली, कोठारपुर, चपला वस्ती , भेटनरी हुदै हुलाकरोड, लल्ला चोक | ८२ | ३४७ | ६६१ | ८१ |
| ७ | सहगापुर, राजापुर हुलाकीरोड वरीपरि, श्रीलँका टोल, कार्णालीपुर, मर्घटिया, तिलकाना, प्रगति वस्ती, रामनगर | ११५ | २५९ | ५०० | ३० |
| ८ | नयावस्ती, सितलाबजार क,ख, हुलाकी रोडको दक्षिण, दैलेखि टोल, पशुपतिबजार | १४० | ४७४ | ३९८ | १९१ |
| ९ | लठ्ठवा बजार, श्रीलँका, टेसनपुर | ० | ८६२ | ३६४ | ० |

## मधुवन नगरपालिका

क) जनसंख्या: ४६,४३७, ख) क्षेत्रफल : १२९.७३ वर्ग कि.मि. ग) साविक : सानोश्री, ताराताल, ढोढरी र सूर्यपटुवा गा.वि.स., घ) वडा सख्या : ९, सिमाना : पुर्व : बारबर्दिया नगरपालिका, पश्चिम : राजापुर नगरपालिका तथा भारत, उत्तर : बर्दिया राष्ट्रिय निकुञ्ज तथा ठाकुरबावा नगरपालिका, दक्षिण : गुलरिया नगरपालिका तथा भारत

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानक निमार्ण गरिएको छ ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रविष्ट गरिएको छ ।

तालिका नं. ८

| वडा नं. | समुदायको नाम | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|---|
| १ | दुर्गानगर,कुशुम्मा, पत्थारबोझी , इन्द्रपुर, छोड्की टडुवा, बड्की टडुवा, भर्नाटोल, डल्ला, सोमलपुर | ११ | ५१ | १०४ | १६३ |
| २ | रजवारा, खैरानी, गँगावटुवा, कोठिया, सोनहा, बँगलीपुर, अम्मरपुर, | ११९ | १३४ | १३७ | १३४ |
| ३ | सुकुम्वासी, भगरैया, खाता, मुक्तकमैया र भगतपुरमा | १९ | ३१ | ३२ | ३१ |
| ४ | कोढियाफाँटा ,ढोढरी उत्तरटोल , बादरभारिया, महुवा, बसन्ता, बेलवा, मचाड, ढोढरी उत्तरटोल, जव्दाटोल | २ | २ | ८ | ८ |
| ५ | शान्तिपुर ,बरगाँउ,कृष्णानगर, राम नगर | ४१ | ५२ | ३० | १३ |
| ६ | सिरकैरा ,नयाँ बजार, श्रीनगर, बुद्वनगर | ५५ | ८८ | ९३ | ७९ |
| ७ | गँगावस्ती ,शुक्रवस्ती ,दशरथ वस्ती र मुक्तकमैया वस्ती | १० | १० | १५ | २० |
| ८ | टि सि एन फाँटा, बजार क्षेत्र, दुर्गापुर, गणेशपुर, शिव नगर | ८० | ९० | १६८ | १६२ |
| ९ | धर्मवस्ती, इन्द्रपुर, कुश्मा देवि, विकास टोल | ३५ | ५३ | ६३ | १०४ |

## गुलरिया नगरपालिका

क) जनसंख्या: ६६,६७९, ख) क्षेत्रफल : ११८.२१ वर्ग कि.मि, ग) साविक : गुलरिया नगरपालिका र महोम्दपुर गा.वि.स., घ) वडा सख्या : १२ सिमाना : पुर्व वढैयाताल गाउँपालिका : पश्चिम : मधुवन नगरपालिका तथा भारत : उत्तर : बारवर्दिया नगरपालिका दक्षिण : भारत

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानेर निमार्ण गरिएको छ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रविष्ट गरिएको छ।

तालिका नं. ९

| वडा नं. | समुदायको नाम | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|---|
| 1 | चौधरीटोल, नवजगरण टोल, पार्वती मन्दिर टोल, मिलन टोल, केरावारी, सँगम टोल, दर्जिटोल, छेदापुर, सगहापुर, मलरिया टोल, १६ न गाँउ, १० न गाँउ, भगरिया टोल | ३३६ | ४३० | ४६५ | ४३७ |
| 2 | सँगम बस्ती, पण्डितपुर, पचास खल्ला, भगहर, जैनपुर, खैरापुर, पटाह | १४० | ३२० | ३०६ | ३०१ |
| 3 | हरियाली, मनकामना, चेतना, उदयपुर, उदयपुर क, अनन्दनगर, शिवमन्दिर, मानिकापुर, राधाकृष्णा क, शान्तिटोल, दर्गाटोल, शँकरटोल, जानकी, राधाकृष्णा, सिकहिया, भगौटीटोल | ११ | १६४ | ५०१ | २६७ |
| 4 | वगही, तुलसीपुर, गणेशचोको उत्तर, तुलापुर, सानो वेचैपुर, लक्ष्मी नरायण टोल, करागार, तुरुन्तपुर, हरियाली टोल, कैलाश नगर, प्रगती नगर | १३५ | ९२५ | ५४५ | १४५ |
| 5 | वालापुर, सोहेल्वा, सन्तोषी टोल | ११० | २२० | ३२१ | २३१ |
| 6 | भेटनरी टोल,दिपेन्द्र नगर,आनन्द टोल ,आदर्श नगर,विद्युत टोल,हस्पिटल हुदै दक्षिण,भनुभक्त टोल,शिवशँकर,शान्ति टोल,राधा कृष्णा टोल,समृद्धि टोल,पुरानो गा वि स | १०६ | ५३१ | २४८ | २०९ |
| 7 | चौगुर्जी,सर्जुनदी परी टपरा,भन्सार वरिपरि खल्ला | १०६ | ३०२ | ३४० | २३७ |
| 8 | कोठिया, थपुवा, मक्तिनरायण, परसपुर, गँगानगर, सुरजपुर, टेपरा, लक्ष्मणपुर, आशापुर पकरिया | २७६ | ३२५ | ३८४ | ३४९ |
| 9 | गोडियनपुर, टपरी, खालीपुर, प्रयागपुर, बह्नविगहा उत्तर, डव्वा, पदमपुर, रामनगर, पण्डापुर | १९० | १२० | २०८ | ३७० |
| 10 | मस्जिदिया, रत्नापुर, बाजी प्रसिया, जयरामपुर, रँगीपुर, शिवशँकर टोल, राधाकृष्णाटोल, चमन टोल, लटकनिया, दलित टोल, नयाँ प्रयागपुर, पुरानो प्रयागपुर, कालाबन्जर, थारु प्रसिया, रामजी टोल (रत्नापुर), | ३६७ | ४१७ | ४०९ | ७७२ |
| 11 | लालपुर, इन्द्रपुर, डाँडालालपुर | १६६ | २६७ | ३८९ | १७१ |
| 12 | ठुलो विक्री, सानोविक्री, भैसाही, तडुवा, सुर्जी गौडी, लालपुर, दुधा | ११६ | ३५५ | २८५ | १४२ |

## गेरुवा गाउपालिका

क) जनसंख्या ३४८७१, ख) क्षेत्रफल : ७८.४१ वर्ग कि.मि, ग) साविक : पाताभार, गोला, पशुपतिनगर र मनाउ, घ) वडा सख्या : ६ सिमाना : पुर्व : बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिम : राजापुर नगरपालिका, उत्तर : कैलाली जिल्ला, दक्षिण : राजापुर नगरपालिका

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानेर निमार्ण गरिएको छ ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रबिष्ट गरिएको छ ।

तालिका नं. १०

| वडा नं. | समुदायको नाम | जम्मा घरधुरी | उच्च जोखिम घर धुरी | मध्यम जोखिम घर धुरी | न्यून जोखिम घर धुरी |
|---|---|---|---|---|---|
| १ | सरखोल, भठेरा, वनखेत, वघैपुर, | ९०४ | १ | २३ | ८८१ |
| २ | टिकुलीगड, राजिपुर, वनघुश्रा | ८२९ | ० | २१ | ८०८ |
| ३ | सनकट्टी , वनकट्टी , लोहारपुर | ८३२ | ० | २१ | ८११ |
| ४ | डिकुनिया, गद्दिटोल , खल्लागाँउ, खोल्टी वजार | ११६६ | १ | २९ | ११३६ |
| ५ | विन्द्रा, वनजरीया, स्याउलीवजार | १२३६ | ० | ३१ | १२०५ |
| ६ | सोनहाफाँटा, गुप्तीपुर, सैजनावाचपुर हात्तिखल्ला | ११६८ | ० | २९ | ११३८ |

## ठाकुरवावा नगरपालिका

क) जनसंख्याः ४४३६१, ख) क्षेत्रफल : १०४.५७ वर्ग कि.मि., ग) साविक : बगनाहा, नेउलापुर, शिवपुर र ठाकुरद्वारा गा.वि.स., घ) वडा सख्या : ९, सिमाना : पुर्व : बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिम : बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तर : बर्दिया राष्ट्रिय निकुञ्ज, दक्षिण : मधुवन नगरपालिका

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानेर निमार्ण गरिएको छ ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रविष्ट गरिएको छ ।

तालिका नं. ११

| वडा नं. | समुदायको नाम | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|---|
| 1 | ढुम्रेनी, टाँडीपुर, खानेपानी टँकी टोल, त्रिभुवन टोल, सिँहबाहानी, सेम्रहवाफाँटा, खोदाउ, आदर्शनगर, विकास नगर, बनटुक्री, सुर्योदयटोल, सिमलपुर, भुरीगाँउ, कृष्णा नगर, बुद्धनगरटोल | ० | २३४ | १२३ | ३५ |
| 2 | रानीपुर बेर्समाफाँटा, अम्वासा, अम्रेनी, कर्मलाको निमुनिया फाँटा, प्रतापपुरको काठमाण्डौ, बालाटी, पेरहानी खल्ला, खुलपुर, सतघरुवा, तीनघरुवा, सुजनपुर असपरी टोल, रानीपुर कोरनिया | २८६ | १९८ | १४५ | ६० |
| 3 | नेउलापुरको चटकपुर, मिर्चैयाको जीतपुर र मितपुर, मानपुर, जुड्पानी, गिद्धरपुर, कन्चनपुर | ४१६ | ३३० | २०५ | ११५ |
| 4 | खैलार, बर्गदा, सैनावर, मैनावर, बावनपुर, बगनहा | १३८ | ८९ | ५७ | ३१ |
| 5 | गोविन्दपुर, घुम्नाफाँटा, बीरेन्द्रटोल, बनकट्टी, शाहीपुर, बनवीरपुर, तकिया, खोनपुर, ढोँग्रहवा | २९५ | २०७ | १२२ | ६३ |
| 6 | मोतीपुर, तुलसीपुर, मनिकापुर, लँकापुर, तीनघरुवा, खोकलपुर बनखेत, दक्षिण बकुवा, लठहवा | १७० | १२० | ७३ | ४२ |
| 7 | मुक्तिपुर, कर्मला टोल, कानपुर, सुन्दरपुर, कालीगौडी, सानीगाँउ, पहाडीपुर, भदेली, बठनपुर, बर्कापुर, गिरीटोल | ३१४ | १९४ | ११० | ५५ |
| 8 | गोब्रेला, उत्तरी मडेला, चित्कैया खैरानी टोल, सुखड, सुतैया, घोघीपुर, मदनपुर | १८२ | १२७ | ७४ | ४७ |
| 9 | बेतहनी र मिठुनिया, वानतरिया, खुसलपटुवा, शिवपुर गाँउ, ठाकुरद्धारा गाँउ, बानुगाँउ | ५९ | ४४ | २९ | १८ |

## बाँसगढी नगरपालिका

क) जनसंख्या: ५५८७५, ख) क्षेत्रफल : २०६.०८ वर्ग कि.मि, ग) साविक : डेउढाकला, मोतिपुर र वेलुवा गा.वि.स., घ) वडा सख्या : ९ , सिमाना : पुर्व : बाँके जिल्ला, पश्चिम : बारबर्दिया नगरपालिका , उत्तर : बर्दिया राष्ट्रिय निकुञ्ज, दक्षिण : बडैयाताल गाउँपालिका

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानेर निमार्ण गरिएको छ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रबिष्ट गरिएको छ।

तालिका नं. १२

| वडा नं. | समुदायको नाम | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|---|
| 1 | चेपाँग,खोटे,कुरुल्ले,बटुल्ले,भगँहा | ८२ | १७८ | १८० | १२० |
| 2 | अमैया ,बनमुरवा ,बेतहनी ,हजारी बगिया ,झुरिया,नयाँवस्ती ,राझाँ,विजौरा ,अक्षरिया,पुर्व नौलो बागिया, रंगीटोल | १८७ | ५६६ | ६७७ | ३५ |
| 3 | महादेवा, सुन्दरवस्ती, बेलवा पुर्व गाँउ, लखना, शन्तिपुर, लक्ष्मणपुर,उत्तर भकारी (चमकपुर),सल्यानी टोल,गौडी, खल्ला भकारी | ६४ | ७६१ | ६२४ | २२९ |
| 4 | अस्नेरी,नेवाडा , मदहा, बठुवा, लक्ष्मणपुर,पहाडीपुर,शँखरिया, भगरपुर | ३७ | ७०९ | ८८९ | ३३४ |
| 5 | खानेपानी टोल, फिल्महल टोल, उत्तर रामपुर, मिलनचोक, हस्नापुर तथा कर्णालीपुर, बाह्र विगहा, हाउपुर, दक्षिण रामपुर ,मोतिपुर | १६८ | ४९१ | ५४३ | १८९ |
| 6 | नारायणपुर, पुर्वी दमौली, रिहारपुर, मोतीपुर पश्चिम भाग,प्रगती नगर, १० नं. टोल, दंगपुर, दमौलि, अमेलिया, जाजरकोटी टोल | ३९ | ४३० | ७३९ | २४९ |
| 7 | बड्की डेउडा, गौडी, राधा कृष्णा टोल,चौधरीपुर,गौरीपारा, सगहापुर,बोभनपुर,कालावन्जर,छोट्की डेउडा,हरैया,पर्सोहवा, बड्की डेउडा | १०० | ३३५ | ३५१ | ४७ |
| 8 | बनगौडी, लक्ष्मणा पुर्वीटोल, रेसमटोल, खैरापुर टोल, ककौरा चौक, बेलौली, पश्चिम पहाडीपुर, भैसासुर, रिहारपुर, दाँगपुर | २३२ | ४९७ | ६०२ | १०७ |
| 9 | थुमनी, दुर्गाफाँटा, खैरानी टोल, शान्तिनगर, कनैठी, तोरैया, तिकुनुवा, पहाडीपुर | २०७ | ६९८ | ६०२ | १०६ |

## राजापुर नगरपालिका

क) जनसंख्या ५९५५३, ख) क्षेत्रफल : १२७.०८ वर्ग कि.मि., ग) साविक : राजापुर, भिम्मापुर, दौलतपुर, मानपुरटपरा, बदालपुर, नयाँगाँउ र खैरीचन्दनपुर गा.वि.स., घ) वडा सख्या : १०, सिमाना : पुर्व गेरुवा गाउँपालिका, पश्चिम कैलाली जिल्ला, उत्तर कैलाली जिल्ला तथा गेरुवा गाउँपालिका, दक्षिण भारत

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानेर निमार्ण गरिएको छ ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रबिष्ट गरिएको छ ।

तालिका नं. १३

| वडा नं. | समुदायको नाम | उच्च जोखिम घर धुरी | मध्यम जोखिम घर धुरी | न्यून जोखिम घर धुरी |
|---|---|---|---|---|
| १ | टिहुनी, दौलतपुर, चनौरा, भदाली टोल, प्रेमनगर, मुर्गहवा, सोनाहा, दुर्गानगर, धोविनपुर, मैलाबरगद्दी, सिन्द्रा | २ | ६४ | १०२२ |
| २ | नयाँगाउ, बरगद्दी, बिपतपुर, डाँडाटोल, सोहरीया, चैनपुर | २ | ६१ | ९६९ |
| ३ | सिन्द्रा, मुरैया, बसन्ता, तिघ्रा, रजपुरुवा, टेडीया, चख्खापुर | २ | ५९ | ९४४ |
| ४ | संघर्षनगर, दलई, अनन्तपुर, खल्लाटोल | ४ | १०३ | १६४४ |
| ५ | जयपुर, भौरा, टंकीटोल | ३ | ७२ | ११४३ |
| ६ | कोईली, मौवा, भव्टी, जोगीपुर | २ | ६४ | १०२६ |
| ७ | शंकरपुर, भालुफाँटा, लालचीपुर, बेलासा | १ | ४० | ६३१ |
| ८ | काफ्लेटोल, कोईलीगाँउ, बन्जारीतारा, ओस्ताजपुर, मनीपुर,भोगपुर, सुकुम्वासीटोल, भिम्मापुर, धोबिनपुर | २ | ५९ | ९४२ |
| ९ | मैलानाला, ईश्वरीगञ्ज,दलैपुर, बनियापुर, चैनपुर, दुर्गानगर, गोडीयाना | २ | ५१ | ८१४ |
| १० | लालपुर, भप्टी, ढुण्डीपुर, मभरा, पहाडीपु | ३ | ७० | १११४ |

## बारबर्दिया नगरपालिका

क) जनसंख्या: ६८०१२, ख) क्षेत्रफल : २२६.०९ वर्ग कि.मिग) साविक : धधवार,मगरागाडि,पदनाहा र बनियाभार स्थानीय तह., घ) वडा सख्या : ११ सिमाना : पुर्व : बाँसगढी नगरपालिका, पश्चिम : मधुवन नगरपालिका, उत्तर : ठाकुरबाबा नगरपालिका र बर्दिया राष्ट्रिय निकुञ्ज, दक्षिण : गुलरिया नगरपालिका

यस गाउँपालिका तथा नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन २०७१ र २०७४ को बाढिबाट पूर्ण प्रभावित घरधुरी को औषत मानेर निमार्ण गरिएको छ ।




प्रस्तुत तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको संकटासन्नता क्षमता आँकलन र स्थानिय जलबायु अनुकुलन योजनाबाट प्रबिष्ट गरिएको छ ।

तालिका नं. १४

| वडा नं. | समुदायको नाम | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|---|
| 1 | राजीपुर,सैलाही ,छोट्कीपुर,लँगहवा,मदरहवा,जमुनिया र जमुना,फुलवारी ,पहडीपुर,दाँगपुर,मुर्गीहवा,कुसुम डाँडा,भँगहा ,जोधीपुर | ५७३ | १७१ | १५९ | १३७ |
| 2 | बेपत्तापुर,गिद्धरपुर र शान्तिपुर,लठठहवा,लामी दामार,हस्नापुर,दाँगपुर,घोघीपुर, जीतपुर,ढुग्राही,कुसुम डाँडा,पाँचघरुवा,नरायणपुर,बड्कापुर | ३२७ | ३४२ | २३५ | १६० |
| 3 | तँगवापुल ,बज्जा,बेलौली ,झुन्डीपुर,बनगाइ,खुर खुरे,बनहुवाफाँटा,लक्ष्मणपुर,रामपुर,मरघतान टोल,झक्कीपुर,जव्वरपुर र लालपुर,भैसाखानी,सेमरहवा, राजीवस्ती, नेपालँगज, | ६८५ | ५४१ | २७१ | १०६ |
| 4 | पदनहाबजारको वरिपरि, तरानगर, बैरिया र ज्वालागिरी,जगतिया, खैरानी, घोरपित्ता, रानीपुर, बर्बाता र सर्जीपुर, गुरुवागाँउ, फत्तेपुर | ३१२ | ४६८ | ३६९ | १४९ |
| 5 | बनघुस्री, बबुवाफाँटा, बरबर्दिया, मगरागडी, तर्कापुर, शदाशिवा, पत्थरपुर, धोविया, जव्दहवा | २०१ | ४०४ | ३४३ | ६० |
| 6 | पत्थारडाँडा,गिरीटोल,कोठारपुर,जयपुर,गुलरा ( गुमस्ता),गुलरा ,जोगनटोल,सिउरिया,बाहुनटोल,मन्दिर टोल,खाडा वस्ती,सम्झाना,भातपुर,दक्षिणटोल,मनिकापुर, दुल्लीपकरिया, शक्तिनगर, | ६२५ | ४०६ | २५७ | १८५ |
| 7 | सोनपुर,सिउनिया,हर्नवा,घुस्रा,राजीपुर, जकार र शिवनगर | २०१ | ४२८ | ५१० | २७९ |
| 8 | भगतपुर,राजकुला टोल,अलवलवा टोल,श्रीलँका,नहरदेखि उत्तर ,गाँउदेखि उत्तर पश्चिम,सम्झाना,उत्तर थानफेना,थानफेना,बरगदी,कालिका | २७१ | ४८४ | ४६३ | २०५ |
| 9 | खल्ला कतर्निया,पर्सौहवा,मथिल्लो बनगाई,बनगाई बनखेत,सुकुम्वासी ( जम्ली टोल) | १७५ | ३६० | ४११ | ६३ |
| 10 | हौसलपुर, गुमस्ता, डफैया, मेरैया, बैदा, सिमरहवा, लम्कीफाँटा, विजय नगर | ४७८ | ६१५ | ४३४ | ४०३ |
| 11 | खुन्तीपुर, जव्दी, बेलभार, फचकहवा, अकलघरवा, शान्तिटोल | १९० | २२९ | ३६० | ४४५ |

## १.७.२ विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको विवरण

जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७५ चैत्र २४ गते को बैठकले बर्दिया जिल्लामा २०७६ सालको लागि पनि साविक कै ९ वटा विषयगत क्षेत्रलाई निरन्तरता दिने र हाल राज्य पुर्नसंरचना अनुसार जिल्लामा रहेका विषयगत क्षेत्रका अगुवाई गर्ने संस्थाहरु जिल्ला तहमा घट्दैजाँदा मुलतः जिल्लास्तरमा समन्वयकारी भुमिकामा जोड दिदै तयार पारिएको छ। स्थानिय तहमा रहेका सम्बन्धित गाउपालिका/नगरपालिकामा शाखा/इकाईको रुपमा रहेकाले गाउँपालिका नगरपालिकाको अगुवाइमा विषयगत क्षेत्र परिचालनमा जोड दिदै स्थानिय तहलाई बढी जिम्मेदार बनाउने प्रयास गरिएको छ। विषयगत क्षेत्रमा नेतृत्व प्रदान गर्ने जिल्लास्थित सम्बन्धित निकायहरू (Cluster Leads) सँग समन्वय गरी मानवीय गतिविधि सञ्चालन गर्नका लागि निम्नलिखित विषयगत क्षेत्रहरू (Clusters) गठन गरिएको छ। साथै क्षेत्रसँग सम्वन्धित सहयोगी निकायहरुको विवरण तालिका नं. १५ मा उल्लेख गरिएको छ।

तालिका नं. १५ : बिषयगत क्षेत्रहरु, अगुवा संस्था र सदस्यहरु

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| १) समन्वयतथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, नेपाली सेना, सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | DEOC, नेपाल टेलिकम स्थानीय एफ.एम., पत्रपत्रिका नेपाल पत्रकार महासंघ राष्ट्रिय अनुसन्धान, कर्णाली वेसीन कार्यालय, CSDR/PA, KMJS, RKJS |
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना, सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, गाउँपालिकाहरु, नगरपालिकाहरु, नेपाल रेडक्रस सोसाइटी | DEOC, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ईलाका प्रहरी कार्यालयहरु बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा |
| ३) गैर खाद्य सामग्री र शिविर व्यवस्थापन | शहरी विकास तथा भवन निमार्ण विभाग, संघिय आयोजना कार्यान्वयन इकाइ, नेपालगञ्ज र नेपाल रेडक्रस, बर्दिया शाखा | सामुदायिक वन उपभोक्ता महासघ, सुरक्षा निकाय, एक्सन एड नेपाल, युनिसेफ, सेभ द चिल्ड्रेन, डिभिजन वन कार्यालय, प्लान नेपाल | DEOC, स्थानीय विपद् व्यवस्थापन समिति (प्राविधिक शाखा, शिक्षा शाखा ) उद्योग व्यापार संघ, गैसस महासंघ, कमैया महिला जागरण समाज नेपाल |
| ४) खाद्य तथा गोदाम व्यवस्थापन | कृषि ज्ञान केन्द्र सम्पर्क कार्यलय, गुलरिया | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तहका कृषि शाखाहरु, नेपाल प्रहरी, जिल्ला समन्वय समिति विश्व खाद्य कार्यक्रम नेपाल, नेपाल रेडक्रस, एक्सनएड नेपाल | नेपाल खाद्य संस्थान राजापुर, कमैया महिला जागरण समाज नेपाल, गैसस महासंघ, जिल्ला खाद्य अधिकार संजाल, उद्योग वाणिज्य संघ, |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ फिल्ड कार्यालय बर्दिया | नेपाल रेडक्रस सोसाइटी, वेस बर्दिया, जनजागरण महिला संघ | युनिसेफ, प्लान, कमैया महिला जागरण समाज नेपाल |

| | | | |
|---|---|---|---|
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | जिल्ला वालकल्याण समिति नेपाल प्रहरी, जि.स.स. युनिसेफ, एक्सन एड् नेपाल, नेपाल रेडक्रस सोसाइटी, प्लान नेपाल | राधाकृष्ण थारु जनसेवा केन्द्र, कमैया महिला जागरण समाज नेपाल, दलित महिला उत्थान संघ माइति नेपाल, शक्ति समुह, ओरेक नेपाल |
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय, बर्दिया | जिल्ला अस्पताल, स्थानीय विपद् व्यवस्थापन समिति (स्वास्थ्य शाखा ), जिल्ला समन्वय समिति नेपाल रेडक्रस सोसाइटी , आयुर्बेद अस्पताल | सरकारी स्वास्थ्य सेवा प्रदायक निकायहरु, युनिसेफ, सेभ द चिल्ड्रेन, जनजागरण महिला संघ, सामुदायिक स्वास्थ्य केन्द्रहरु, औषधि व्यवसायी संघ |
| ८) आपत्कालिन शिक्षा | शिक्षा बिकास तथा समन्वय इकाई | सम्वन्धित स्थानीय तहमा रहेका शिक्षा बिकास शाखाहरु, जिल्ला समन्वय समिति, एक्सन एड् नेपाल युनिसेफ, सेभ द चिल्ड्रेन प्लान नेपाल, जल्ला समन्वय समिति | प्याब्सन, एन प्याब्सन आरकेजेएस, बेस बर्दिया, कमैया महिला जागरण समाज नेपाल |
| ९) पुनःस्थापना तथा पुर्ननिर्माण | शहरी विकास तथा भवन निमार्ण विभाग, संघिय आयोजना कार्यान्वयन इकाइ, नेपालगञ्ज डिभिजन कार्यालय | डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्ग फिल्ड कार्यालय बर्दिया, बबई सिंचाई आयोजना, नेपाल विद्युत प्राधिकरण, स्थानीय विपद् व्यवस्थापन समिति (प्राविधिक शाखा ) | सा.वन उपभोक्ता समितिहरु, नेपाल टेलिकम, जिल्लामा कार्यरत अन्तराष्ट्रिय गैससहरु, एक्सन एड नेपाल, कमैया महिला जागरण समाज नेपाल, नेपाल रेडक्रस सोसाइटी |

नोट : बिभिन्न क्षेत्रसँग सम्बन्धित निकायहरुको सम्पर्क व्यक्ति र सम्पर्क नम्बर विषयगत अनुसूचिहरुमा राखिएको छ।

### १.७.३ निकायगत भूमिका तथा जिम्मेवारी

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको ध्येय विपद्बाट उत्पन्न हुन सक्ने मानवीय तथा भौतिक क्षतिहरुलाई सकेसम्म कम गर्नुको साथसाथै विपद्का घटना भै हालेमा विपद् प्रभावितलाई तत्काल उद्धार तथा राहत सहयोग उपलब्ध गराउनु हो । बर्दिया जिल्लामा विपद्को अवस्थामा हुन सक्ने मानवीय तथा भौतिक क्षतिलाई न्युनिकरण गर्न तथा प्रतिकार्यलाई छिटो, छरितो, ब्यवस्थित तथा जवाफदेही बनाउन मानवीय सहायताको क्षेत्रमा कार्यरत निकायहरुको पहिचान, पहुँच आँकलन र त्यस्तो महत्वपूर्ण समयमा कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरा यकिन गर्न अति आवश्यक हुन्छ । त्यसैले, ती निकायहरुको जिल्लामा पहुँच तथा कार्यक्रमको प्रकृतिलाई तालिका नं. १६ मा उल्लेख गरिएको छ।

तालिका नं. १६ : निकायगत भूमिका तथा जिम्मेवारी

| क्र. सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, बर्दिया | प्रमुख जिल्ला अधिकारी | विपद् जोखिम व्यवस्थापन ऐन २०७४ गरको व्यवस्था वमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समितिको सामान्य कार्य शर्तहरु :<br>● विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिहरु संग समन्वय गर्ने वा समन्वय गर्न लगाउने ।<br>● जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय मार्फत कार्यकारी समितिमा पेश गर्ने ।<br>● स्थानीय तहहरुमा रहेका स्थानीय विपद व्यस्थापन समितिबाट संचालित राहत तथा उद्धारको कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने ।<br>● समय-समय मा विपद् राहत उद्धार कार्यमा भैरहेको प्रगतिको बारेमा क्षेत्रीय तथा केन्द्रीय विपद् व्यवस्थापन समितिलाई जानकारी दिने ।<br>● संघीय कार्यकारी समिति, गृह मन्त्रालय तथा प्रदेश विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने ।<br>● वाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका वीच समन्वय वैठकको आयोजना गर्ने ।<br>● वाह्य सहयोगका लागि सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, DLSA, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुकावीच प्रतिकार्यको समीक्षा गर्न वैठक संचालन गर्ने ।<br>● क्षतिको २४ घन्टा भित्र IRA मोवाइल एप्लीकेशन मार्फत विवरण सङ्कलन गर्ने ।<br>● बहु विषयगत प्रारम्भिक द्रुत लेखाजोखा, आवस्यकता अनुसार थप लेखा जोखा गर्ने निर्णय गर्ने र संङ्कलित तथ्याङ्क विश्लेषण र सम्प्रेषण गर्ने । |
| २ | जिल्ला समन्वय समिति बर्दिया | जिल्ला समन्वय अधिकारी | ● समन्वयात्मक कार्यमा सहयोग गर्ने ।<br>● आवास तथा पुन:स्थापना कार्य गर्ने ।<br>● स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने । |

| | | | |
|---|---|---|---|
| ३ | स्थानीय तहहरु (स्थानीय विपद् व्यवस्थापन समिति | प्रमुख/अध्यक्ष | ● विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा सुरक्षा निकाय, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् जोखिम व्यवस्थापन समितिसंग समन्वय गरी सोही अनुसार परिचालन गर्ने ।<br>● जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समितिमा विपद् लेखाजोखाको प्रतिवेद पेश गर्ने ।<br>● स्थानीय विपद् जोखिम व्यवस्थापन योजना अनुसारका विषयगत क्षेत्र र सहयोगी निकायहरु समन्वय गरी तत्काल उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्ने ।<br>● जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द र प्रदेशस्तरिय आपतकालिन कार्यसञ्चालन केन्द्रमा विपद्का घटना र सोको प्रभाव वारे जानकारी गराउने ।<br>● विपद् लेखाजोखा मार्गदर्शनले तोकेको ढाँचामा फारम छपाइ तयारी अवस्थामा राख्ने ।<br>● लेखाजोखाका लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने ।<br>● तत्काल प्रारम्भिक द्रुत लेखाजोखा गर्न लगाउने । |
| ४ | सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र नगर प्रहरी) | प्रमुख तथा प्रतिनिधि | ● प्रमुख जिल्ला अधिकारीको मातहतमा रही खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धारकार्य गर्ने ।<br>● बिशेष सुरक्षा व्यवस्था मिलाउने ।<br>● विषयगत समितीमा रही सहयोग गर्ने । |
| ५ | राजनितिक दलहरू | दलका प्रमुखहरू | ● समन्वय तथा स्रोत संकलनमा सहयोग ।<br>● जनपरिचालन गर्ने । |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | विपद् सम्पर्क व्यक्ति | ● प्रमुख जिल्ला अधिकारीको मातहतमा रही सूचना संकलन, समन्वय र संप्रेशन गर्ने ।<br>● विषयगत समितीमा रही सहयोग गर्ने ।<br>● सबै सरोकार निकायसंग समन्वय र सहकार्य गर्ने ।<br>● स्थानिय तहको क्षमता अभिवृद्धिकालागी सहजिकरण गर्ने ।<br>● सुचना संचार समुदाय देखी केन्द्र सम्म प्रभावकारी बनाउने ।<br>● स्रोत साधन तथा मानवस्रोतको खाडल पहिचान गरी अभाव पुरा गर्ने ।<br>● विपद्का सबै सूचनाहरुलाई एकरुपता दिदै एकद्वार प्रणालि मार्फत सम्प्रेषण गर्ने । |

| | | | |
|---|---|---|---|
| ७ | जिल्ला अगुवा सहयोगी निकाय DLSA/Action Aid Nepal | स्रोत केन्द्र प्रमुख | • विषयगत सदस्य संस्था (राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य आदि) का वीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने ।<br>• जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत अगुवा निकाय, सरकारी निकाय, नागरीक समाज तथा अन्य सरोकारवाला निकाय वीच समन्वय गर्ने ।<br>• विषयगत क्षेत्रका सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउने ।<br>• विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।<br>• मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालनगर्न सहयोग गर्ने । |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • खाद्य, गैर खाद्यसामाग्री तथा अस्थाई आवास व्यवस्थापनमा सहयोग गर्ने ।<br>• आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने ।<br>• विपद् व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकासका लागि तालिम संचालनगर्न सहयोग गर्ने ।<br>• विपद् सर्वेक्षणमा संलग्नहुने । |
| ९ | जिल्ला स्थित विषयगत सरकारी कार्यालय र स्थानीय तहमा रहेका विषयगत शाखाहरु | कार्यालय तथा शाखा प्रमुखहरु | • स्थानिय स्तरको विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने ।<br>• सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने ।<br>• वडा तथा समुदाय स्तरमा विपद् व्यवस्थापन तथा प्रतिकार्य समूह निर्माणगरी लागु गर्ने । |
| १० | उद्योग वाणिज्य/ व्यापार संघ | अध्यक्ष | • सुख्खा तथा तयारी खाना RTE जस्तैः चिउरा, भुजा, विस्कुट आदि, खाद्यसामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ११ | यातायात व्यवसायीहरु | अध्यक्ष | • राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| १२ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | • सहि सूचना संकलन विष्लेण तथा सम्प्रेषण गर्ने । |
| १३ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानवस्रोत परिचालन गर्ने<br>• स्रोत संकलनमा सहयोग गर्ने<br>• गै.स.स. वीच समन्वय<br>• क्षमता विकास तथा सहजिकरण कार्य गर्ने |

## २.१ जिल्लास्थित स्रोत-साधनको आँकलन

तालिका नं.: १७ आवश्यकताको लेखाजोखा तथा खाडल (Gap's) को पहिचान

| क्र. स. | खाडल (Gap's) | खाडल (Gap's) पुरा गर्न पुर्वतयारी कार्य | जिम्मेवारी | सहयोग गर्ने प्रतिवद्धता | समय सिमा | संयोजक |
|---|---|---|---|---|---|---|
| १ | तथ्यांक संकलन र विषयगत तथ्यांक संकलनमा समस्या | मोवाइल एप्लीकेशन मार्फत तथ्यांक संकलनका लागि इरा तालीम, मिरा फर्मेट भने वारे तालिम, ACT को व्यवस्थापन IRA,MIRA /CSDA सूचना लिने फर्मेटको छपाइ गर्ने मोवाईल डाटा मार्फत तथ्यांक संकलन गर्न प्रयास गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस, डिईओसी, | जिल्ला विपद् व्यवस्थापन समिति) जि.स.स., एक्सन एड, नेपाल रेडक्रस सोसाईटी, थारु महिला उत्थान केन्द्र | असार मसान्त सम्म | श्री अर्जन सुवेदी (प्र.अ.) कृष्ण प्रसाद गौतम (सभापति) प्रेम चौधरी- परियोजना अधिकृत/एक्सन एड नेपाल |
| २ | खोज तथा उद्धार सामाग्रीको कमी | खोज तथा उद्धारका सामाग्री -(जस्तै रवर टयुव, डँगा, डोरी, लाइफज्याकेट) तीनवटै सुरक्षानिकाय र आठ ओटै स्थानीय तहमा भण्डार गर्ने । | जिल्ला प्रशासन कार्यालय (जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति) | एक्सन एड नेपाल, जिल्ला प्रशासन कार्यालय, केएमजेएस, रेडक्रस, प्राक्टिकल एक्सन, सिएसडिआर, महिला उत्थान केन्द्र | असार मसान्त सम्म | श्री अर्जन सुवेदी (प्रशासकिय अधिकृत) |
| ३ | सुरक्षा निकायमा पौडी खेल्ने जनशक्तिको कमी | सुरक्षानिकायका करीव ९० जनालाई (जिल्ला र इलाकामा गरी) पौडी सम्वन्धि ७ दिने तालिम दिने | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | असार मसान्त सम्म | स्थानीय तहका प्रमुखहरु |
| ४ | जिल्लामा गैर खाद्य सामाग्रीको अभाव (एन.एफ.आई किट) | करीव ५००० परिवारलाई पुग्ने गैर खाद्य सामाग्रीको वन्दोवस्ती गरी ८ वटा स्थानीय तहमा स्टक गरी राख्ने | जिल्ला समन्वय समिति, न.पा., गा.पा., (स्थनिय विपद् व्यवस्थापन समितिहरु), नेपाल रेडक्रस सोसाइटी | जि.स.स., नपा, गा.पा., एक्सन एड नेपाल, विश्व खाद्य, खाद्य संस्थान राजापुर, युनिसेफ | असार १५ | (स्थानीय समन्वय अधिकारी, जिसस) स्थानीय तहका प्रमुखहरु, कृष्ण प्रसाद गौतम सभापति, (रेडक्रस) प्रेम चौधरी परियोजना अधिकृत, (AAN) |
| ५ | विपद्को समयमा कम्तिमा ७२ घण्टा सम्म पुग्ने सुख्खा खाद्य सामाग्रीको अभाव | करीव ५००० परिवारलाई पुग्ने सुख्खा खाद्य सामाग्रीको वन्दोवस्ती गरी ८ वटा स्थानीय तहले स्टक गरी राख्ने | स्थानीयविपद् व्यवस्थापन समिति का कृषि शाखाहरु | स्थानीय तह, उद्योग वाणिज्य संघहरु,विश्व खाद्य, खाद्य संस्थान राजापुर, | असार १५ | स्थानीय तहका कृषि शाखाका प्रमुखहरु |
| ६ | वर्षात भन्दा पहिले बाढी संकटासन्नता पहिचान र रोकथामका कार्य गर्न नसकिएको | वर्षात भन्दा पहिले बाढी संकटासन्नता पहिचान र रोकथामका कार्य गर्ने | स्थानीय तहहरु, जिल्ला विपद् व्यवस्थापन समिति, जल उत्पन्न प्रकोप, बबई, ओराही नदी नियन्त्रण कार्यालय, कर्णाली नदी नियन्त्रण कार्यालय | जिसस, स्थानीय तह, नेरेसो, सिएसडिआर, | असार मसान्त सम्म | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अन्तर संस्था समन्वयको कमी (संस्थाहरु वीच अस्वस्थ प्रतिस्पर्धा) राहत एउटै स्टयाण्डर्ड नभएको | प्रत्येक स्थानीय तहले विषय गत क्षेत्र हरुको छुट्टा छुटटै प्रतिकार्य योजनाबनाइ कार्यान्वयन गर्ने (स्थानीय तहको प्रतिकार्य योजना जिल्ला विपद् व्यवस्थापन समितिमा जानकारी दिने) | सम्पूर्ण स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र क्षेत्रगत अगुवा निकायहरु | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु | असार मसान्त | स्थानीय तहका प्रमुखहरु, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला अगुवा सहयोगी संस्था (Action Nepal) |
| ८ | प्रभावित स्थलमा जानका लागि बाटोको समस्या | हेलिकप्टर तथा मोटर वोटको व्यवस्था गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति | जिल्ला समन्वय समिति, सुरक्षा निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु | आवश्यक्ता अनुसार | जिल्ला प्रशासन, स्थानीयतहहरु, प्रहरी, सेना र सशस्त्र प्रहरी, नगर प्रहरी |
| ९ | स्थानीय विपद् व्यवस्थापन समितिको सक्रियता वढाउने । | गाँउपालिका, नगरपालिकामा राहत सामाग्री तयारी अवस्थामा राख्ने । र आपतकालिन कोष स्थापना गरि राख्ने कर्मचारीहरुलाई तयारी अवस्थामा रहन र बर्षातको समयमा विदा नलिने वारेमा पत्राचार गर्ने स्थानीय विपद् व्यवस्थापन समितिलाई अभिमूखिकरण गर्ने । | स्थानीय तहहरु, जिल्ला विपद् व्यवस्थापन समिति | सम्वन्धि गाँउपालिका, नगरपालिकामा काम गर्ने संस्था | निरन्तर | नगरपालिका/ गाउपालिका प्रमुखहरु |
| १० | डिइओसीमा स्थायी प्रकृतिको जनशक्तिको व्यवस्थापन | डिइओसीमा दक्ष जनशक्तिलाई निरन्तरता दिने र तालिम दिने अधिकृत स्तरको कमाण्डमा डिइओसीलाई निरन्तरता दिने | जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति | जिल्लामा कार्यरत अन्तराष्ट्रिय गैससहरु | निरन्तर | अर्जुन सुवेदी (प्रशासकिय अधिकृत जि.प्रशासन कार्यालय) |
| ११ | प्रत्येक स्थानीयतहमा स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने | सबै स्थानीय तहमा विपद् सूचना संयन्त्र तयार गर्ने विपद् फोकल पर्सनलाई सूचना व्यवस्थापन सम्वन्धि तालिम दिने । दक्ष जनशक्तिको अभिलेख तयार गर्ने । | सम्पूर्ण स्थानीय तहका प्रमुखहरु | स्थानीय विपद् व्यवस्थापन समिति | अषाढ मसान्त | सम्पूर्ण स्थानीय तहका प्रमुखहरु |

## २.२ भौतिक साधन श्रोतको आवश्यकता

तालिका नं.: १८

| सामाग्रीको विवरण | आवश्यकता | जिल्लामा श्रोत | संभावित सहयोग |
|---|---|---|---|
| सामग्री ढुवानी ट्रक र ट्रिपर | ५ नगरपालिका र २ गाउँपालिकामा | गु.न.पा.संग २ ट्रिपर र १ ट्र्याटर<br>जि. प्रहरी र शसस्त्र प्रहरीसंग १,१ ट्रक | स्थानिय तह |
| जनशक्ति तथा खाद्यान्न ओसार पसार साधन र जिप हलुका सवारी | | जि.प्रहरी | जिल्ला प्रहरी, WFP, NRCS |
| गोदाम राहत सामाग्री भण्डारका लागी | २५० मे.टन क्षमता भएको २ वटा गोदामघर (गुलरिया न.पा.मा १ र राजापुरमा १) | राजापुर खाद्य संस्थान १ | स्थानीय तह,<br>स्थानीय तथा अन्तराष्ट्रिय गै.स.स.हरु |
| मान खोलामा वाढी पूर्व सूचना प्रणालीको स्थापना | वर्षा मापन केन्द्र र सूचना संयन्त्र | | जिल्ला समन्वय समिति |
| ओराही खोला वाढी पूर्व सूचना प्रणालीको स्थापना | | | ठाकुरबाबा र मधुवन नपा |
| र्‍याफ्टिङ्ग वोट उद्धार सामाग्री | २ थान | | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह र अन्य सहयोगी निकाय |
| सुरक्षित आवास (उच्च मचान) | १० वटा(गु.न.पा.४, बारबर्दिया ३, राजापुर न.पा.३ वटा) | | स्थानीय तह, प्रदेश सरकार, केन्द्र सरकार र दातृ निक(ायहरु |

## २.३. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

विपद् व्यवस्थापनकाविविध उद्देश्यका लागि विषयगत क्षेत्र भित्र र वाहिर समन्वयात्मक संयन्त्र स्थापना गर्ने ।

- सुरक्षा निकायका कर्मचारी तथा रेडक्रसका स्वयंसेवकहरुलाई खोज तथा उद्धार सम्बन्धी तालिम दिने ।
- गैरखाद्य सामग्री तथा अन्य प्रतिकार्य सामग्रीहरुको संकलन तथा भण्डारण ।
- जिल्लास्तरमा कार्य संचालन विधि सहित आपत्कालीन् प्रतिकार्य कोष स्थापना गर्ने ।
- विपद् प्रतिकार्य सम्बन्धी कृतिम घटना अभ्यास तथा नमूना अभ्यास संचालन गर्ने ।

यसैगरि मौसम पूर्वानुमान गरि नदी तटिय समुदायका वासिन्दाहरु लाइ वाढी आउनु पूर्व सजग गराइ जिउधनको सुरक्षा गर्ने उद्देश्यका साथ यस जिल्लामा पूर्वानुमानमा आधारित बाढी पूर्वतयारीको लागि कार्य संचालन विधी (SOP) बर्दिया, नेपाल तयार गरि कार्यान्वयनमा ल्याइएको छ । सोको संक्षिप्त रुप अनुसूचि  मा प्रस्तुत गरिएको छ ।

## ३.१. विषयगत क्षेत्रः समन्वय तथा सूचना व्यवस्थापन

अगुवाई गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसंञ्चालन केन्द्र (DEOC)
मुख्य बिपद्को किसिमः बाढी, भुकम्प, आगलागी, हावाहुरी, जंगलीजनावरको आक्रमण, शितलहर, लू
विपद्को अनुमानित अवस्थाः

- यस जिल्लामा हुने गरेका बाढी, भुकम्प, आगलागी, हावाहुरी, जंगलीजनावरको प्रकोप, शितलहर, लगायत प्रकोपवाट हुने विपद्को जोखीमवाट सम्भाव्य प्रभावित २०,००० परिवारका १००,००० जना हुन सक्नेछन् ।
- ६ वटा नगरपालिका र २ वटा गाउँपालिकाका प्रभावित समुदायले सम्बन्धित निकायसँग सम्पर्क र समन्वय विस्तार गर्नुपर्ने हुन सक्छ ।
- सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट भई सूचना आदान-प्रदानमा समस्या आउनसक्छ ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा कठिनाइ उत्पन्न हुनसक्छ ।
- कर्णाली नदीको कैलाशपुरी तथा ववई नदी अन्तरगत भारतको सिमानामा रहेको गोपिया व्यारेजहरुका गेटहरुका कारण पानीको प्रवाह अवरुद्ध हुनगई नेपालतर्फको भूभाग तथा समुदायहरु डुवानमा पर्न सक्ने ।
- बाढी तथा भूकम्पका कारण भौतिक पूर्वाधारहरु जस्तै भवन, पुल, कलभर्ट सडक, विद्युत प्रशारण लाइन क्षति हुनसक्छ ।
- आगलागी तथा जङ्गलि जनावरका कारण भौतिक संरचना घरगोठ, धनमाल तथा मानवीय क्षति हुनसक्छ ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा दक्ष जनशक्तिको अभाव हुनसक्छ ।
- महामारी जन्य सम्भाव्य रोगहरु देखा पर्नसक्छन् ।
- कृषि वालीमा रोगजन्य तथा किट जन्य प्रकोप हुन सक्नेछ ।
- बालबालिका, जेष्ठनागरिक, गर्भवति महिला, अपांगता भएका ब्यक्तिहरु अति जोखिम रहनसक्छन ।

बिषयगत उद्देश्यः

- सूचना संकलन एवं व्यवस्थापनका लागि विपद् लेखाजोखा मार्गदर्शन अनुसारको ढाँचा सहितको ठोस संयन्त्र स्थापना गर्ने, सुचनाप्रवाहका वैकल्पिक उपायहरू पहिचान गर्ने तथा सुचनाहरूलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरूमा उपलब्ध गराई प्रभावकारी प्रतिकार्य प्रणाली सुनिश्चित गर्ने ।
- सूचना संकलन एवं व्यवस्थापनका लागि जनशक्ति तयार गरि राख्ने ।
- विपद्को जोखिम सम्वन्धि समुदायलाई पूर्वसूचना प्रदान गर्ने ।
- सम्पूर्ण बिषयगत क्षेत्रसँग सम्पर्क-समन्वय र परिचालन गर्ने ।
- प्राप्त सूचनाहरु संकलन तथा विश्लेषण गरी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र र जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्प्रेषण गर्ने ।
- मनसूनको समयमा माथिल्लो तटिय क्षेत्र, छिमेकी जिल्लाहरु र भारतिय समकक्षीसंग निरन्तर सम्पर्कमा रहि डुवान, कटान र क्षतिका बारेमा जानकारी लिने दिने र समस्या समाधानका लागि पहल गर्ने ।
- संघ, प्रदेश, जिल्ला, स्थानीयतह र समुदायस्तरसम्म प्रभावकारी समन्यय गरी बिपद् पुर्व तयारी तथा प्रतिकार्यका लागि जिल्ला आपतकालिन संचालन केन्द्रले भुमिका खेल्ने । विपद् सम्वन्धि सवै सूचना सङ्कलन विष्लेषण र प्रशारणमा एकद्वार प्रणालीको नीति अवलम्व गर्ने ।
- संरक्षण बिषयगत क्षेत्रको सम्पूर्ण समन्वयको कार्य गर्ने ।
- तिन दिने मनसुन पुर्वानुमानमा आधारित कार्यविधि अनुसार कार्य गर्ने

रणनीति:

- समुदायमा हुनसक्ने संभावित विपद्को सूचनाहरु सम्बन्धीत निकायहरुबाट निरन्तर प्राप्त गर्ने र विश्लेषण गर्ने ।
- विभिन्न निकायका सूचना अधिकारी एवम् समुदायस्तरका सूचना सर्म्पक व्यक्ति/समुह मार्फत स्थानीयतह, स्था( नीयतहका विपद् व्यवस्थापन समितिहरु, सुरक्षा निकाय, स्थानीय राजनितिक दल, नेपाल रेडक्रस सोसाईटी, संचारमाध्यमहरु, स्थानीय संघसंस्थासंग समन्वय र सहकार्य गरी DEOC मार्फत संभाव्य प्रभावित क्षेत्र तथा निकायहरुमा सुचना सम्प्रेषण गरी आ-आफ्ना तालुक निकायहरुमा पठाउने ।
- संभावित प्रकोप हुनसक्ने अवधिभर र विपद्को समयमा स्थानीय समाचार माध्यम (एफ. एम. रेडियो, टि.भि., पत्रिका) मार्फत प्रसारण तथा प्रकाशन गर्ने ।
- विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सक्रिय वनाउन भूमिका निर्बाह गर्ने ।

तालिका नं. १९ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना:

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ०-१ घण्टा | • तत्काल सरोकारवाला सम्पर्क व्यक्तिहरुसग सूचना लिने<br>• कर्णाली र बबईको जल मापन केन्द्रका गेज रिडरहरु संग निरन्तर सम्पर्क गरी बाढीको सूचना सङ्कलन गर्ने ।<br>• कर्णाली वेसिन कार्यालय नेपालगञ्जसँग निरन्तर मौसमी विवरण लिने<br>• सम्भाव्य प्रभावित समुदायहरुलाई विपद्को सूचना एफ एम रेडियो र टेलिफोन मार्फत आवश्यकताको आधारमा प्रवाह गर्ने ।<br>• न.पा./गापा. तथा समुदाय स्तरका विपद् व्यवस्थापन समितिसँग समन्वय गरी नियमित सूचना आदान-प्रदान गर्ने<br>• बिषयगत क्षेत्रहरुलाई तत्काल सूचना सम्प्रेषण गर्ने ।<br>• जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र NEOC मा प्रतिवेदन गर्ने ।<br>• उद्धार कार्यको लागि थप जनशक्ति र श्रोत साधन का लागि PEOC /NEOC मा तुरुन्त गर्ने ।<br>• अन्तरजिल्ला समन्वय गर्ने ।<br>• पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधिअनुसार तयारी गर्ने | • स्थानीय तहमा रहेको सरोकारवाला निकायको सर्म्पक व्यक्तिको टेलिफोन नम्वर अद्यावधिक गर्ने ।<br>• जलमापन केन्द्रहरुको सम्पर्क व्यक्तिहरुसंग सर्म्पक गर्ने ।<br>• जल तथा वर्षा मापन केन्द्रमा रहेको उपकरण र जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रुममा रहेको बिद्युतिय डिस्प्ले बोर्डको अवस्था वारे जानकारी लिने<br>• कर्णाली वेसीन कार्यालयवाट मौसम पुर्वानुमानको आंकलन गरिरहने ।<br>• सम्बन्धीत सरोकारवाला निकायका सूचना अधिकारी मार्फत बाढी प्रभावित समुदायहरुलाई सूचना प्रवाह गर्ने ।<br>• प्रभावित हुने समुदायहरुलाई उपयूक्त सूचनाको माध्यम मार्फत विपद्को बारेमा जानकारी गराउने ।<br>• पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधिअनुसार विषयगत क्षेत्रको वैठक वस्ने | • बाटो कल्भर्टहरु क्षति हुन सक्ने ।<br>• प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने ।<br>• अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने ।<br>• पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधि अद्यावधिक गर्ने | DEOC, जिल्ला विपद् व्यवस्थापन समिति. जि.स.स.,गाँउपालिका, नगर पालिका, स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रहरी कार्यालय, कर्णाली वेसीन कार्यालय, ने.रे.सो. बर्दिया, स्थानीय एफएम रेडीयोहरु<br>विश्व खाद्य कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| १-७ घण्टा | ● घाईतेहरुको विवरण लिई उपचारको व्यवस्था मिलाउने ।<br>● जल मापन केन्द्रहरुमा नियमित सम्पर्क गर्ने र सूचना सम्प्रेषण गर्ने ।<br>● बिषयगत क्षेत्रको बैठक गरी आ-आफ्ना केन्द्रिय निकायमा सूचना प्रवाह गर्ने र गर्न लगाउने ।<br>● जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयको NEOC मा निरन्तर जानकारी गराउने ।<br>● कर्णाली वेसिन कार्यालय नेपालगञ्जसग निरन्तर मौसमी विवरण लिने ।<br>● डिईओसीले ३ दिने मौसमपूर्वानुमान सूचना प्रवाह गर्ने । | ● ०-१ घण्टा भित्र गरिने सवै गतिविधिहरुलाई निरन्तरता दिने ।<br>● घाईतेहरुको उपचारका लागि सम्वन्धित निकायसंग समन्वय गर्ने | ● बाटो कल्भर्टहरुमा क्षति हुनसक्ने ।<br>● प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने ।<br>● अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने । | DEOC, जिल्ला प्रशासन कार्यालय, जि.स.स., जिल्ला प्रहरी कार्यालय, कर्णाली वेसिन कार्यालय । |
| ७-२४ घण्टा | ● घाईतेहरुको विवरण अध्यावधिक गर्ने र उपचारको क्रमलाई निरन्तरता दिने ।<br>● उद्धार गरिएका व्यक्तिहरुको लगत तयार गर्ने<br>● अन्य विषयगत क्षेत्रका क्रियाकलापमा समन्वय र सहयोग गर्ने ।<br>● प्रतिवेदन सम्बन्धित निकायमा पठाउन<br>● मोवाइल मार्फत IRA तथ्याक सकंलन गर्ने<br>● ACT परिचालनको लागि गृह मन्त्रालयमा पत्राचार गर्ने | ● प्रभावित व्यक्तिहरुलाई उपचारको लागि शिविर व्यवस्थापन गर्ने ।<br>● उद्धार गरिएको व्यक्ति (घाईते र विस्थापित) हरुको लगत तयार गरी सम्बन्धित निकायमा पठाउने ।<br>● रेडक्रस, नेपाल प्रहरी र स्थानिय तहका कर्मचारीको सहभागीतामा प्राप्त गर्ने | ● समन्वय र सहयोगमा ढिलो भएमा प्राथमिक उपचार शिविर ससञ्चालनमा ढिलाई हुने ।<br>● मोवाइलवाट तथ्याक संकला गर्ने दक्ष जनशक्तिको अभाव | DDMC, DEOC जिल्ला स्वास्थ्य कार्यालय, LDMC, DLSA र अन्य सरकारी तथा गैरसरकारी समुदाय |
| २४-४८ घण्टा | ● विपद्वाट प्रभावितहरुको लगत तयार गर्ने<br>● अस्थायी शिविर व्यवस्थापन गर्ने ।<br>● मृत जनवार(घरपालुवा चौपाया)को दुर्गन्ध व्यवस्थापन गर्ने ।<br>● अस्थायी शिविर सुरक्षा व्यवस्थापन गर्ने । | ● तयार गरिएको लगतका आधारमा राहत वितरणका लागि विषयगत क्षेत्र परिचालन गर्ने ।<br>● अस्थायी शिविरमा सुरक्षा व्यवस्था गर्ने । | | DEOC, जि.प्र.का., जि.स.स.,जिल्ला प्रहरी कार्यालय |
| ४८-७२ घण्टा | ● खोज तथा उद्धार कार्यको समन्वय र सूचनालाई निरन्तरता दिने ।<br>● दुर्गन्ध व्यवस्थापन गर्ने ।<br>● व्यक्तिगत क्षति भएको सम्पतिको विवरण संकलन गर्ने | ● व्यक्तिग क्षति भएका विवरणलाई सम्प्रेषण गरी सम्बन्धित निकायमा पठाउने । | ● समयमै व्यवस्थापन गर्न नसक्दा दुर्गन्ध फैल्न सक्ने ।<br>● दक्ष जनशक्ति नभएर गलत तथ्यांक आउन सक्ने । | DEOC ,DDMC, सुरक्षा निकाय र LDMC |
| ७२ घण्टा देखि ७ दिन | ● प्रभावित तथा क्षतिको तथ्यांक अध्यावधिक गर्ने ।<br>● शिविर व्यवस्थापनमा सहयोग गर्ने ।<br>● स्वास्थ्य शिविर सञ्चालनमा समन्वयात्म भूमिका निर्वाह गर्ने | ● सुरक्षा निकायमा समन्वय गर्ने ।<br>● स्वास्थ्य विषयगत क्षेत्र परिचालन गर्ने । | ● समन्वय र तथ्यांक व्यवस्थापन समयमै हुन नसकेमा थप जोखिम बढन सक्ने । | DDMC, LDMC, सुरक्षा निकाय, समुदाय, स्वास्थ्य विषयगत क्षेत्र |
| एक साता देखि १ महिना भित्र | ● समन्वय र सुचना व्यवस्थापन ।<br>● सबै बिषयगत क्षेत्रसंग निरन्तर समन्वय गर्ने | ● DDMC को बैठक बस्ने ।<br>● सुरक्षा समितिको बैठक बस्ने । | ● महामारी फैल्न सक्ने । | DDMC, सुरक्षा समिति, LDMC, समुदाय |

समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क सूचि: अनुसूचि ६ मा उल्लेख गरिएको छ ।

## ३.२. विषयगत क्षेत्रः खोज तथा उद्धार

अगुवाइ गर्ने निकायः जिल्ला प्रशासन कार्यालय/जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र(DEOC)

मुख्य बिपद्को किसिमः बाढी, भुकम्प, जंगलीजनावर र आगलागी

विपद्को अनुमानित अवस्थाः

- बाढीवाट प्रभावित १५००० परिवार र भूकम्पवाट प्रभावित ५,००० परिवारमध्ये ३००० परिवारलाई तत्कालउद्धार गर्नुपर्ने अवस्था रहने ।
- बाढी तथा भूकम्पबाट भौतिक संरचनाहरुः घर, बाटो, पुलकलभर्ट आदि भत्किन सक्छ यातायात अवरुद्ध हुनसक्ने ।
- मानिसहरु वेपत्ता हुने, पुरिने, वगाउने, नदी वीचमा फस्ने, घाइते हुने तथा मानवीय क्षति हुनसक्ने ।
- ६ नगरपालिका र २ गा.पा.का जोखिम यूक्त क्षेत्रहरुमा डुवान, कटान र पटान हुन सक्ने ।
- सहर उन्मुख वस्तीहरु भूकम्पिय जोखिममा पर्ने ।
- सूचना सम्पर्क बिच्छेद हुने र कायम गर्न कठिन हुने ।
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायीरूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता(अपाङ्गता) भएका मानिसहरू मुख्यरूपमा प्रभावित हुने ।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि चाप पर्ने ।
- अस्थायी आवासमा बसेको समयमा चोरी, लुटपाट, बलात्कार र मानव बेचबिखन जस्ता घटनाहरु हुन सक्ने ।

विषयगत उद्देश्यः

- प्रभावितहरुको तत्काल जीवन बचाउनु ।
- सम्भावित मानविय क्षति कम गर्नु ।
- सुरक्षित स्थानको खोजी गर्ने ।
- विपद्मा परेका समुदायलाई उद्धार गरी सुरक्षित आश्रय स्थलमा राख्ने ।
- विपद्को समयमा प्रभावित समुदाय तथा सुरक्षा पोष्टहरुमा खोज तथा उद्धारका लागि अवश्यक सामाग्रीहरुको प्रवन्ध मिलाउने ।
- विपद्मा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु, विशेष गरी महिला, वालवालिका, जेष्ठ नागरीक, अपांग तथा असहायलाई खोजी कार्यमा प्राथमिकता दिने ।
- विपद्मा परेको व्यक्तिहरुको यथाशिघ्र खोज तथा उद्धार कार्य गरि जीउधनको सुरक्षा गर्ने ।

रणनीति :

- सुरक्षा निकायको समन्वयमा समुदायका तालिम प्राप्त जनशक्तिहरुलाई परिचालन गराउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- उद्धार सामाग्रीहरुको थप आपूर्तीका लागि सम्बन्धित निकायहरुमा समन्वय गरि व्यवस्थाका लागि पहल गर्ने ।
- DEOC/DLSA मार्फत विभिन्न गैर सरकारी संस्थाहरुसँग समन्वय गरी खोज तथा उद्धार कार्यको लागि थप आवश्यक पर्ने साधन (सवारी साधन समेत) को प्रबन्ध मिलाउने ।

तालिका नं. २० विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना

| विपद्कोघटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ०-१ घण्टा | • सुचना प्राप्त गर्न साथ आपत्कालिन बैठक बस्ने ।<br>• प्रभावित क्षेत्रको पहिचान र प्राथमिकता निर्धारण गर्ने ।<br>• खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी ।<br>• स्वयम् सेवकहरु परिचालन गर्ने ।<br>• प्राथमिक उपचारक टोली परिचालन गर्ने ।<br>• DDMC का सदस्यलाई जानकारी दिने । | • सम्वद्ध व्यक्तिहरुको सम्पर्क नम्वर राख्ने<br>• खोज तथा उद्धार टोलीको लागि आवश्यक वन्दो वस्तीको सामग्रीहरू तयारी गर्ने ।<br>• खोज तथा उद्धार टोली, प्राथमिक उपचारक टोली तथा स्वयंसेवक तयारी अवस्थामा राख्ने ।<br>• रेकर्ड तयारी गर्ने ।<br>• स्वयंसेवकहरुलाई अभिमुखिकरण | • उद्धार सामग्री को कमी हुन सक्ने<br>• जोखिम क्षेत्रमा रहेका सुरक्षा निकायका पोष्टरुमा थप उद्धार सामाग्रीको व्यवस्था गर्नु पर्ने । | जिल्ला स्थित सुरक्षा निकायहरु, DEOC , प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय र नेपाल रेडक्रस सोसाइटी |
| १-७ घण्टा | • खोज तथा उद्धारका कार्य जारी राख्ने ।<br>• आवश्यकता अनुसार मोटरबोट, हेलिकप्टर, रवर बोट आदिको प्रयोग गरी खोज तथा उद्धार गर्ने । | • ०-१ घण्टामा गरिने कार्यलाई निरन्तरता दिने<br>• खोज तथा उद्धारका गर्न हेलिकप्टर तयारी अवस्थामा राख्न समन्वय गर्ने | • हेलीकप्टर तयारी अवस्थामा राख्नका लागि कठीनाई हुन सक्ने । | जिल्ला स्थित सुरक्षा निकायहरु, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय र DEOC, स्थानीय निकाय |
| ७-२४ घण्टा | • जोखिममा रहेका लाई स्थानान्तरण गर्ने<br>• घाईतेहरुलाई प्राथमिक उपचार गर्ने<br>• प्राथमिक उपचार गरि थप उपचारका लागि अस्पताल पठाउने ।<br>• घटना मुचुल्का तयार गर्ने, मृत अवस्थामा फेला परेमा पोष्टमार्टमको लागि अस्पताल पठाउने ।<br>• खोजी तथा उद्धार कार्यको निरन्तरता | • सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरि रहने ।<br>• स्वयंसेवकहरुलाई परिचालनमा निरन्तरता<br>• प्राथमिक उपचारको टोली परिचालनमा निरन्तरता ।<br>• सुरक्षा निकाय र तालिम प्राप्त स्वयम सेवकहरुलाई तयारी अवस्थामा राख्ने<br>• रेकर्ड तयारी गर्ने । | | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय, रेडक्रस सोसाइटी |

| | | | | |
|---|---|---|---|---|
| २४-४८ घण्टा | • खोज तलासको क्रममा भेटिएका व्यक्ति तथा सम्पत्तीहरु सम्बन्धित परिवार हरुलाई जिम्मा लगाउने ।<br>• घटनाको द्रुत लेखाजोखालाई निरन्तरता दिने<br>• थप भेटिएका घाईतेहरुलाई प्राथमिक उपचार गर्ने<br>• प्राथमिक उपचार गरि थप उपचारको लागि अस्पताल पठाउने ।<br>• बेपत्ता व्यक्ति, व्यक्तिगत सम्पति, पशु चौपाय खोजी दुर्गन्ध व्यवस्थापन गर्ने ।<br>• घटनाको बारेमा DDMC मा प्रतिवेदन दिने | • सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरि रहने ।<br>• खोजि तथा उद्धार कार्यलाई निरन्तरता प्रदान गर्ने ।<br>• शिविर व्यवस्थापन गर्ने<br>• स्वयंसेवक परिचालनमा निरन्तरता ।<br>• प्राथमिक उपचारको टोली परिचालनमा तयारी अवस्थामा राख्ने ।<br>• सुरक्षा निकाय र तालिम प्राप्त स्वयम सेवकहरुलाई तयारी अवस्थामा राख्ने<br>• रेकर्ड तयारी गर्ने । | | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय, स्थानीय विपद् तथा वडा विपद् व्यवस्थापन समिति, रेडक्रस सोसाइटी |

तालिका नं. २१ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र सम्बन्धित गा.पा., न.पा., ने.रे.सो., एक्सनएड नेपाल, KMJS Nepal | घरधुरी सर्वेक्षण, जि.स.स., गा.पा., न.पा.को पार्श्वचित्र, स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलबायू अनुकुलन योजना | हरेक वर्षको पुष मसान्त सम्ममा |
| २ | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग समन्वय बैठक गर्ने । | स्थानिय विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय, DEOC | बैठक | जेष्ठ मसान्त सम्म |
| ३ | विपद् व्यवस्थापन कार्यसंग सम्बन्धी कृतिम अभ्यास गराई फौजलाई तयारी राख्ने । | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, NRCS , DEOC | तालिम तथा कृत्रिम घटना अभ्यास | असार मसान्त सम्ममा |
| ४ | उद्धार सामग्रीहरूको संकलन । | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | समन्वय | आषाढको अन्त्य सम्ममा |
| ५ | सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम सेवकहरुको सम्पर्क सुचि तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय, रेडक्रस, स्थानीय तह | फोन, इमेल, संकलन गरी राख्ने | आषाढको अन्त्य सम्ममा |

| | | | | |
|---|---|---|---|---|
| ६ | सुरक्षा निकाय तथा समुदायस्तरमा रहेका उद्धार टिमलाई अभिमुखिकरण | DDMC, DEOC | अभिमुखिकरण | असार दोश्रो हप्ता |
| ८ | खोज तथा उद्धार टोलीलाई पौडी सम्वन्धि व्यवहारिक अभ्यास (Simulation) गर्ने | DDMC, सुरक्षा निकाय | तालिम दिने | ,,<br>निरन्तर |
| ९ | मौजुदा सामाग्रीहरुको जांच/परिक्षण गर्ने । | DDMC, DEOC ,सुरक्षा निकाय र स्थानीय समुदाय | अनुगमन गर्ने, पूर्व अभ्यास गर्ने । | |
| १० | आवश्यकता अनुसारको सामाग्रीहरुको पुग/नपुग आँकलन गर्ने | DEOC ,सुरक्षा निकाय, खोज तथा उद्धार विषयगत क्षेत्र | संकलन, ढुवानी र आवश्यक्ता पहिचान गर्ने । | |

खोज तथा उद्धार क्षेत्रका सदस्यहरुको सम्पर्क सूचिः अनुसूचि ७ मा उल्लेख गरिएको छ ।

खोज तथा उद्धारमा प्रयोग हुने मानविय श्रोत ( तालीम प्राप्त जनशक्ति): अनुसूचि ३ मा उल्लेख गरिएको छ ।

खोज तथा उद्धार सामाग्रीहरुको यस वर्षको मौजाद र खाडल विवरण अनुसूचि २९ मा उल्लेख गरिएको छ ।

## ३.३ विषयगत क्षेत्रः गैरखाद्य सामाग्री तथा शिविर व्यवस्थापन

अगुवाइ गर्ने निकायः **शहरी बिकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज**

अस्थायी आवास तथा गैरखाद्य सामग्री क्षेत्रः

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नु पर्ने हुन्छ। सामान्यतया समुदायमा उपलब्ध विद्यालय, सामुदायिक भवन, मन्दीर, न.पा, गाँउपालिका ,सरकारि भवन तथा सार्वजनिक खालि स्थान जस्ता स्थानलाई आपत्कालीन आश्रयस्थलको रुपमा प्रयोग गर्नुपर्ने हुन्छ भने आवशयक भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ। आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितका लागि दैनिक जीवनयापनका लागि भाँडावर्तन, ओड्ने, ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडा र इन्धन तथा नगद सहयोग लगायतको मानवीय सेवा उपलब्ध गराउनु पर्ने हुन्छ।

मुख्य बिपद्को किसिम : बाढी, भुकम्प र आगलागी

विपद्को अनुमानित अवस्थाः

जोखिममा पर्ने अनुमानित जनसंख्याः उच्च जोखिममा रहेका गाँउ पालिका तथा बाढीको कारण १५,००० परिवार मध्ये पुर्ण क्षति हुन सक्ने  अनुमानित ५,००० परिवारको लागि अस्थायी शिविरको व्यवस्थापन गर्नु पर्ने। भुकम्प को कारण ५,००० परिवार मध्ये पुर्ण क्षति हुन सक्ने अनुमानित ८,००० परिवारको लागि अस्थायी शिविरको व्यवस्थापन गर्नु पर्ने। आगलागीको कारण वार्षिक २५० परिवार पुर्ण क्षति हुन सक्ने परिवारको लागि अस्थायी शिविरको व्यवस्थापन गर्नु पर्ने। वर्दिया जिल्लामा उल्लेख गरिए वमोजिमको विपद्ले निम्न अवस्था आउन सक्ने आँकलन गरिएको छ ।

- व्यक्तिगत घरहरु, सार्वजनिक र  सामुदायिक भवनहरु क्षति/नष्ट भएको हुनेछ।
- विपद्ले  विस्थापित भई खुल्ला स्थानमा वसोवास गर्नुपर्ने अवस्था सृजित हुनेछ।
- यातायातमा अवरुद्ध भइ आवतजावतमा र राहत सामाग्री ढुवानीमा कठिनाई हुन सक्नेछ।
- सुरक्षित  आश्रय स्थल तथा गैर खाद्य सामाग्रीको अभाव हुनसक्नेछ।
- अपाङ्गता, वालवालिक,  विशेष परिस्थितिका महिला, जेष्ठनागरिकलाई दैनिक जीवन निर्वाहमा अप्ठ्यारो परिस्थिति सृजना हुन्छ।
- विद्यालयहरु क्षतिग्रस्त तथा बन्द हुनेछन्।
- विद्यालय, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरू, सार्वजनिक भवन, सामुदायिक आश्रयस्थल जस्ता सार्वजनिक संरचनाहरूमा विस्थापित मानिसहरूको बसोवासको लागि दबाव पर्ने।

विषयगत उद्देश्यः

- तत्काल गैर खाद्य सामाग्री त्रिपाल, कम्बल, म्याट्रेस तथा डोरी आदीको व्यवस्थापन गर्ने ।
- सुरक्षित आवासको लागि स्थान तथा आश्रयस्थल पहिचान गरि शिविरहरू र अस्थायी भौतिक संरचना निर्माण गर्ने।
- विपद्का कारणले घरवार विहीन मानिसहरूका निम्ति स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्ने।

रणनीति :

- विपद्को समयमा भौतिक तथा मानवीय क्षति न्यूनिकारणका लागि तत्काल उपलब्ध स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गरि आकस्मिक शिविर व्यवस्थापन गर्न स्थानीय तह तथा सरोकारवालाहरुको समन्वयमा स्थानीय स्तरका स्वयम सेवकहरुलाई व्यवस्थापन र परिचालन गर्ने

- विपद् प्रभावित व्यक्ति/परिवारहरूका लागि समयमा नै राहत प्रतिकार्य समूहको पहूँच सुनिश्चित गरी अस्थायी आवासका सामग्रीको उपलब्धता र थप घरायसी गैर खाद्यय सामाग्री उपलब्धताको आधारमा जिन्सी तथा निर्शत नगद सहयोग तथा सुरक्षित स्थानहरूमा अस्थायी आवासको व्यवस्था गरी विपद्को अवस्थाबाट जनजीवन सामान्य बनाउने ।
- विपद्बाट पूर्ण रुपमा प्रभावित हुनसक्ने पूर्वानुमान गरिएका परिवारलाई तत्काल अस्थायी आवासको व्यवस्था गर्ने र आवश्यकता एवं श्रोतको उपलब्धताको आधारमा गैरखाद्य सामग्री तथा नगद सहयोगउपलब्ध गराउने ।
- बिपद् पश्चात् बजारको चलायामान बिश्लेषण गर्ने र बजारमा आधारित भएर नगद बितरणका उपयुक्त राहत कार्यक्रम संचालन गराउने ।

मानवीय सहयोग सम्बन्धी मापदण्ड :

- स्फेयर मापदण्ड अनुसार औसतमा एक व्यक्तिका लागि ३.५ बर्ग मिटर छानाभित्रको क्षेत्रफल र क्याम्प व्यवस्थापनका लागि प्रतिब्यक्ति ४५ वर्ग मिटर क्षेत्रफल उपलब्ध उपलब्ध हुनेछ । (औसतमा एक ५ सदस्यीय परिवारका लागि कम्तिमा पनि १० मिटरको डोरीसहितको प्लाष्टिक सिट र अन्य थप सहायता सामग्री उपलब्ध गराईने छ ।)
- केन्द्रीय आवास विषयगत क्षेत्रले तयार गरेको राहत सामाग्रीको मापदण्डलाई स्थानीय सन्दर्भ र आवश्यकतामा आधारित भएर कार्यन्वयनको लागि स्थानीय तथा जिल्लातहमा छलफल तथा समन्वय गरिने छ ।
- प्रत्येक प्रभावित परिवारलाई नेपाल रेडक्रस सोसाईटीको मापदण्ड अनुसार एक सेट गैरखाद्यय सामग्री उपलब्ध गराईने छ । वा स्रोतको उपलब्धताको आधारमा स्फेयरको न्यूनतम मापदण्ड अनुसरण गर्ने प्रयास गरिने छ । अन्य घरायसी गैरखाद्यय राहत सामाग्री भने बिस्तृत सर्बेक्षण पश्चात् आवश्यकता साथै स्रोतको उपलब्धताको आधारमा नगद तथा भौचरमा आधारित भएर गर्न सकिने छ ।

तालिका नं. २२ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना

| विपद्को घटना पश्( चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य(विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संबो गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा | • समन्वय गर्ने र क्लष्टर सदस्यलाई गैह्र खाद्य क्षेत्रको बैठकको सुचना दिने ।<br>• सञ्जाल भित्रबाट सुचना संकलन (टेलिफोन मार्फत ) | • गैर खाद्य क्षेत्रको सदस्यहरुको सर्म्पक नम्वर राख्ने<br>• रेडक्रस सञ्जाल र सरोकारवाला निकाय भित्रका सदस्यहरुको सम्पर्क नम्बर संकलन र अद्य( ावधिक गर्ने | • टेलिफोनको सम्पर्क विच्छेद भएको अवस्था | शहरी बिकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज, नेपाल रेडक्रस सोसाइटी, प्रहरी, DEOC, नपा/गापा | DDMC/DEOC, DCC, DUDBC, रेडक्रस, संघसस्था |
| १ देखि७ घण्टा | • गैह्र खाद्य क्षेत्रको बैठक बस्ने र गैह्र खाद्य सामग्रीहरुको लेखाजोखा गर्ने । | • आवश्यक सामग्री उपलब्धताकोलागि बजार सर्वेक्षण गर्ने । | • तालीम प्राप्त जनशक्तिको अभाव<br>• परिचालनमा कठीनाइ<br>• प्रभावित स्थान सम्मको पहुँचमा अवरोध | DDMC/DEOC, DCC, DUDBC, नपा/ गाँपा, नेपाल प्रहरी, रेडक्रस, संघसस्था | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ देखि २४ घण्टा | • तत्काल आवश्यकताको आधारमा त्रिपाल तथा गैर खाद्य सामाग्री वितरण गर्ने । | • ५००० वटा त्रिपाल, डोरी , जुट कार्पेट र नाइलन गुन्द्री तयारी अवस्थामा राख्ने । | • ४८०० वटा त्रिपालको लागि आर्थिक अभाव । | DDMC, नेपाल रेडक्रस, सुरक्षा निकाय, राजनैतिक दलहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०० वटा त्रिपाल रेडक्रस संग रहेको, |
| २४ देखि ७२ घण्टा | • शिविरमा बसेका प्रभावित परिवार हरुलाई गैह्र खाद्य सामग्री बितरण ।<br>• वालवालिका, विशेष परिस्थितिका महिला , अपाङ्गताका लागि सरक्षण विषयगत क्षेत्रसग समन्वय गर्ने | • ५००० गैह्र खाद्य सामग्री तयारी अवस्थामा राख्ने ।<br>• १०० वटा टेन्ट तयारी अवस्थामा राख्ने । | • ४६०० गैह्र खाद्य सामग्री अभाव ।<br>• १०० टेन्टको अभाव । | | |
| एक हप्ता भित्र | • DDMC बाट निर्णय गराई Detailed Assessment Form प्रयोग गरि घरधुरी तहको सर्वेक्षण गर्ने<br>• अन्य विषयगत क्षेत्रसग समन्वय गरि अगाडी वढ्ने<br>• बजारको संभाव्यता अध्ययन गर्ने | • रेडक्रस संजाल,तालिम प्राप्त जनशक्ति क्लष्टरका सदस्यहरुलाई मिरा सम्वन्धि तालिम दिने<br>• १५००० प्रति विस्तृत सर्वेक्षणफारमहरु छपाई गर्ने ।<br>• बजार संभाव्यता बिश्लेषणका लागि क्षमता भएका आवास सदस्यहरुसँग छलफल तथा समन्वय गर्ने | • अभिमुखिकरण खर्च र छपाईका लागि आर्थिक श्रोतको अभाव । | DDMC/DEOC, रेडक्रस, एक्सन एड, सेभ द चिल्ड्रेल | |
| १ महिना सम्म | • आवास व्यवस्थापन गर्ने<br>• वासस्थानहिन परिवारलाई सुरक्षित वासस्थान निमार्ण शुरु गर्ने<br>• आवासका थप आवश्यकता परिपूर्ति गर्न निर्शत नगद सहयोगका गतिविधि संचालन गर्ने | • ५००० गैह्र खाद्य सामग्री तयारी अवस्थामा राख्ने ।<br>• ५००० वटा अस्थाई आवासका लागी सामग्री तयारी अवस्थामा राख्ने ।<br>• कामका लागि नगद कार्यक्रम मार्फत जम्मा भएको भग्नावशेष हटाउने र निशर्त नगद वितरणका कार्यक्रम संचालन गर्ने | • ४६०० गैह्र खाद्य सामग्री अभाव । | DDMC/DEOC, DCC, DUDBC, नापी, भुमिसुधार तथा मालपोत कार्यालय डिभिजन वन कार्यालय, नपा/गाँपा,नेपाल रेडक्रस, | DDMC/DEOC, DCC, DUDBC, नापी, वन कार्यालय, नपा/गाँपा,नेपाल रेडक्रस, |

गैरखाद्य सामाग्री र शिविर व्यवस्थापन क्षेत्रका सदस्यहरुको सम्पर्क सूचिः अनुसूचि ८ मा उल्लेख गरिएको छ ।

## तालिका नं. २३ गैर खाद्य सामाग्री र शिविर व्यवस्थापन

| क्र. सं. | विवरण | अनुमानित आवश्यकता | | जिल्लामा भएको परिणाम | | अपुग परिणाम | | सहयोग प्रतिवध्दता गर्ने संस्थाको नाम र सहयोगको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | ने.रु | संख्या | रु | संख्या | रु | | |
| १ | गैह्र खाद्य सामाग्री - एन.एफ.आई किट | ५००० घर परिवार | ३ करोड ५० लाख | ४०० | २८ लाख | ४६०० | ३ करोड २२ लाख | जिल्लामा कार्यरत संघ संस्थाहरुले फण्ड संकलन गरी कोष खडा गर्ने र सामान स्टक तथा व्यापारी संग सम्झौता गर्ने | २०० सेट रेडक्रस र २०० सेट सेभ द चिल्ड्रेन संग रहेको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | त्रिपाल | ५००० | ७५ लाख | ७०० | | ४२०० | | ,, | २०० रेडक्रस संग रहेको । ५०० थान युनिसेफ |
| ३ | टेण्ट | १०० | १० लाख | - | - | १०० | १० लाख | | |
| ४ | अस्थायी आवास सामाग्री | ५००० | | | | | | | |
| ५ | इराको फर्मेट र मोवाइल | ५००० प्रति | ३०००० | | | ५००० प्रति | ३०००० | DDMC, स्थानीय तह,रेडक्रस | करिव ५०० जनालाई IRA मोवाइल एप्लीकेशन चलाउने जनशक्ति उत्पादन |
| ६ | बिस्तृत सर्वेक्षणको फर्मेट छाप्ने | १५००० | २ लाख | | | १५००० | २ लाख | स्थानिय तह | |

## तालिका नं. २४ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | साझेदार संस्थाहरु सँग भएको राहत सामाग्रीहरुको परिमाण तयार गर्ने नगद र जिन्सी | जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी | बैठक तथा छलफल | मनसूनपूर्व |
| २ | ५००० घर परिवारलाई पुग्ने गैह्र सामाग्रीहरु व्यवस्था गरी राख्ने र रणनीतिक स्थानमा (राजापुर, वांसगढी, भुरिगाउं, गुलरिया, मैनापोखर, मगरागाढी) तयारी अवस्थामा राख्ने | ,, | गोदाम व्यवस्थापन सम्बन्धि तालिम | मनसूनपूर्व |
| ३ | राहत सामाग्रीहरु वितरण प्रकृया एकद्वार प्रणाली मार्फत गर्न सहमति जुटाई राख्ने । | जिल्ला विपद् व्यस्थापन समिति | बैठक तथा छलफल | मनसूनपूर्व |
| ४. | गैह्र खाद्य सामाग्री उपलव्ध गराउन सक्ने विक्रेताहरु पहिचान गरी उनीहरुसंग आपतकालिन अवस्थामा सामान उपलव्ध गराउने सम्झौत गर्ने | नेपाल रेडक्रस र जिल्ला प्रशासन कार्यालय | बजार सर्वेक्षण र लिखित सम्झौता | मनसूनपूर्व |
| ५ | गैह्र खाद्य सामाग्रीको वितरणको प्रक्रिया तयार गर्ने | ,, | छलफल | मनसूनपूर्व |
| ६ | १०० वटा टेन्ट खरिद गरी राख्ने अथवा भण्डार संग सम्झौता गर्ने | शहरी बिकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज,उद्योग वाणिज्य | बजार सर्वेक्षण र लिखित सम्झौता | मनसूनपूर्व |
| ७ | शिविर व्यवस्थापनकोलागि आवश्यक ठाउंहरु पहिचान गरी राख्ने | शहरी बिकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज, स्थानीय तहका प्राविधिक शाखा | समुदायमा छलफल | मनसूनपूर्व |
| ८ | नगद वितरण | जिल्ला विपद व्यवस्थापन समिति, रेडक्रस, | सेवा प्रदायकहरुको मापन, नगद तथा बजार बिश्लेषण सचेतना अभिमूखिकराण तथा तालिम संचालन, नगदको प्याकेज तयारी | |

## ३.४ बिषयगत क्षेत्रः खाद्य तथा गोदाम व्यवस्थापन

अगुवाइ गर्ने निकायः कृषि ज्ञान केन्द सम्पर्क कार्यालय, गुलरिया, बर्दिया
मुख्य विपद्को किसिमः बाढी, भूकम्प, खडेरी, आगलागि, सीतलहर, बन्यजन्तुबाट बाली नोक्सानी, रोग किरा संक्रमण ।

विपद्को अनुमानित अवस्थाः

- तत्कालै आवश्यक सुख्खा खानाको अभाव ।
- भण्डारण गरिएको खाद्यान्न नष्ट भएको अवस्था ।
- खाद्यान्नको अभाव, खाद्यान्नको पहुँचमा बाधा ।
- पारिवारिक स्तरमा खान पकाउने ईन्धन तथा पानीको अभाव ।
- विउ विजन नष्ट हुनु ।

विषयगत उद्देश्यः

- प्रभावित ब्यक्तिहरुका लागि समयमा नै सुख्खा खाना, खाद्यान्न तथा खाद्यान्न पहुँचको सुनिश्चतता गर्ने ।
- दैनिक जीवनयापनको आवश्यक सामग्रीहरु (खाद्य सरसामानहरु)को ब्यवस्थापन गर्ने ।
- पहिचान भएका राहत तथा उद्धार सामग्रीको संकलन, भण्डारण र वितरण गर्ने ।
- भण्डारण क्षेत्रको पहिचान र सुनिश्चितता गर्ने ।
- प्रभावितहरुको जीवनलाई सरल बनाउनमा सहयोग गर्ने ।

विषयगत रणनीतिः

- स्थानीय तह (जिल्ला समन्वय समिति.,न.पा.तथा गा.पा.)मा आपत्कालिन कोष स्थापनाका लागि पहल गर्ने ।
- खाद्य सामग्री आपूर्तिका लागि गैसस, सामाजिक संघसंस्थाहरुको सहभागिता तथा सहकार्य ।
- खाद्य सामग्री आपूर्तिका लागि स्थानीय उद्योग बाणिज्य संघहरुबाट, स्थानीय ब्यापारी तथा ब्यवसायीहरुलाई खाद्य सामग्री सञ्चितिका लागि अनुरोध गर्ने ।
- खाद्य संस्थानमा पूर्वतयारी स्वरुप चामल, पीठो लगायतका आवश्यक खाद्यान्न समाग्री मौज्दात राख्ने ।
- साल्ट ट्रेडिंगलाई चिनी र नुन मौज्दात राख्न अनुरोध गर्ने ।
- ढुवानीको लागि स्थानीय निकायहरु समन्वय गर्ने ।
- विभिन्न संघ संस्थामा रहेको मौज्दात खाद्यान्नको विवरण राख्ने ।

मानवीय सहयोगेगको मापदण्ड :
प्रभावित व्यक्तिहरुको पहुँच निम्न वस्तुमा हुनेछ :

- स्फेयर मापदण्ड अनुसार प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० किलोक्यालोरी खाद्यान्न उपलव्घ गराउन प्रयास गर्ने ।
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँच योग्य खाद्य पदार्थमा परिपूरक (complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थहरू पूरक रासनको रूपमा उपलब्ध गराउने,
- निश्चित समूहका व्यक्तिहरू (स-साना बालबच्चा, एच्आईभी एडस् संकमित व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) को आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्ने ।

(क) मापदण्ड बमोजिमको खाद्य किट (kit) सिफारिश :
चामल : प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम (स्फेयर मापदण्ड अनुसार)
दाल : प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम (स्फेयर मापदण्ड अनुसार)
वनस्पति तेल : प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि. (स्फेयर मापदण्ड अनुसार)
नुन : प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम (स्फेयर मापदण्ड अनुसार)
तरकारी : उपलव्घताको आघारमा

स्थानीय परिस्थिति बमोजिम खाद्यान्न वितरणको मात्रा निर्धारित गरिनेछ। तर पनि शुरुमा घरायसी स्तरमा वितरण गरिने र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधार तथा व्यक्ति र परिवार संख्याका आधारमा मापदण्ड बनाई वितरण गरिनेछ।

तालिका नं. २५ विपद्को समयमा गरिने कृयाकलापः

| समयावधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालिन अवस्था सम्वोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य सम्वोधन गर्न खाडलको पहिचान | मूख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | • विपद्मा परेका घरधुरी तथा जनसंख्या पहिचान र प्रारम्भिक सूचना /तथ्यांक संकलन | • बिषयगत क्षेत्रको बैठक<br>• सम्वन्धित नियकायसंग सम्पर्क समन्वय। | • सुख्खा खानाको भण्डारण परिमाण एकिन गर्ने।<br>• सहयोगी निकायको पहिचान गर्ने। | सम्वन्धित स्थानीय तहका कृषि शाखाहरु., जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, कृषि ज्ञान केन्द्र, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रश, गैससहरु | |
| २ देखि ७ घण्टा भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने कार्य र समन्वय(निरन्तर) | • स्थानीयरुपमा सुख्खा खानाको प्याकेजिंग सुरु गर्ने।<br>• थप खाद्य सामग्री खरिद गर्ने।<br>• ढुवानी व्यवस्था गर्ने।<br>• वितरण टोली तयारी अवस्थामा राख्ने।<br>• सुख्खा खानाको प्याकेट ढुवानी।<br>• खाद्य सामग्रीको परिमाण एकिन गर्ने र वितरण। | • वितरण टोलीको पहिचान<br>• राहत सामग्रीको आंकलन | उद्योग बाणिज्य संघ, यातायात व्यावसायी संघ, नेपाल रेडक्रस, कृषि ज्ञान केन्द्र, सम्वन्धित स्थानीयतहका कृषि शाखाहरु, जिल्ला समन्वय समिति, गैससहरु, | |
| ८ देखि २४ घण्टा भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने (निरन्तर)<br>• प्रारम्भिक द्रुत सर्वेक्षण सम्पन्न गर्ने।<br>• सूचना संकलन गर्ने<br>• अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | • सुख्खा खाना वितरण<br>• पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण | • खाद्यान्न सामग्री भण्डारण हुने वा नहुने अवस्था अनिश्चित<br>• राहत सामग्रीको आंकलन<br>• सामग्री ढुवानी | उद्योग बाणिज्य संघ, कृषि ज्ञान केन्द्र, यातायात व्यावसायीहरु, विश्व खाद्य कार्यक्रम, स्थानीय तहका कृषि शाखाहरु, राजापुर खाद्य संस्थान, गैससहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ देखि ४८ घण्टा भित्र | ● तथ्यांक संकलन तथा अध्यावधिक गर्ने । ● सूचना संकलन गर्ने । ● अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | ● पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने ● खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | ● खाद्यान्न सामग्रीहरुको उलब्धता सामग्री ढुवानी ब्यवस्था | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, विश्व खाद्य कार्यक्रम, स्थानीय तहका कृषि शाखाहरु, कृषि ज्ञान केन्द्र, राजापुर खाद्य संस्थान, गैससहरु | |
| ४८ देखि ७२ घण्टा भित्र | ● तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ● सूचना संकलन गर्ने ● अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | ● पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने ● खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | ● खाद्यान्न सामग्रीको उपलब्धता | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायीहरु, विश्व खाद्य कार्यक्रम, स्थानीयतहका कृषि शाखाहरु, कृषि ज्ञान केन्द्र, राजापुर खाद्य संस्थान, गैससहरु | |
| ७२ घण्टा देखि ७ दिन भित्र | ● तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ● सूचना संकलन गर्ने ● अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | ● पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने ● खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | ● खाद्यान्न सामग्रीको उपलब्धता | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, विश्व खाद्य कार्यक्रम, कृषि ज्ञान केन्द्र, स्थानीय तहका कृषि शाखाहरु , राजापुर खाद्य संस्थान, गैससहरु | |
| ७ दिन देखि २ साता भित्र | ● तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ● सूचना संकलन गर्ने ● अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | ● पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने ● खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | ● खाद्यान्न सामग्रीको उपलब्धता | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, विश्व खाद्य कार्यक्रम, कृषि ज्ञान केन्द्र, स्थानीय तहका कृषि शाखाहरु, राजापुर खाद्य संस्थान, गैससहरु | |
| २ साता देखि १ महिना भित्र | ● कृषि क्षेत्रमा परेको असरको बारेमा लेखाजोखा गर्ने, तथ्यांक तयार गरी प्रतिवेदन तयार गर्ने | ● पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने ● पुनर्स्थापनका लागि पहल गर्ने | ● बीउ लगाएत अन्य कृषि उत्पादन तथा जीविकोपार्जनको लागि राहत कार्यक्रम सञ्चालनका लागि योजना तयारी बजेट माग तथा सञ्चालन | कृषि ज्ञान केन्द्र, स्थानीय तहका कृषि शाखाहरु,उद्योग बाणिज्य संघ, विश्व खाद्य कार्यक्रम, राजापुर खाद्य संस्थान, गैससहरु, सम्वन्धित विभाग तथा मन्त्रालय | |

आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान(भौतिक साधन दक्ष जनशक्ति, पेशा) :

जिल्लाको कुल जनसंख्याः ४२६९४६ (महिलाः २२१५८० र पूरुषः २०५०९६)

कुल घरधुरीः ७९१९७

कुल परिवार संख्याः ८४२०७

तालिका नं. २६ प्रभावित हुनसक्ने अनुमानित जनसंख्या: १,००,००० जना (अनुमानीत २०,००० घरपरिवार )

| क.सं. | विवरण | अनुमानित आवश्यक्ता | | जिल्लामा भएको परिमाण | | अपुग परिमाण | | सहयोग प्रतिवद्धता गर्ने निकाय, संस्थाको नाम र सहयोगको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम ने.रु. | संख्या | रकम ने.रु. | संख्या | रकम ने.रु. | | |
| १ | चाउचाउ | ८ लाख पोका | २ करोड | ८ लाख पोका | २ करोड | | | | सहयोगका लागि प्रतिवद्धता गर्ने निकाय, पहिचान हुन नसकेको तर विपद् पश्चात योजना वनाइ केहि मात्रामा सहयोग जुटाउन सकिने विगत को अनुभव रहेको |
| २ | बिस्कुट | ४ लाख पोका | ८० लाख | ३ लाख पोका | ६० लाख | १ लाख | २० लाख | | |
| ३ | चिउरा | १००००० केजी | ९० लाख | १००००० केजी | ९० लाख | | | | |
| ४ | भुजा | १२५०० केजी | १० लाख | १२५०० केजी | १० लाख | | | | |
| ५ | चिनी | २५०० केजी | २ लाख | २५०० केजी | २ लाख | | | | |
| ६ | सखर | २५०० केजी | २ लाख | २५०० केजी | २ लाख | | | | |
| ७ | चामल | ३७१९१८ केजी | १ करोड ६७ लाख | ३७१९१८ केजी | १ करोड ६७ लाख | | | | |
| ८ | दाल | ७५०० केजी | १५ लाख | ७५०० केजी | १५ लाख | | | | |
| ९ | नून | ७०० केजी | १४ हजार | ७०० केजी | १४ हजार | | | | |
| १० | तेल | २२५०० ली | ३३ लाख ७५ हजार | २२५०० ली | ३३ लाख ७५ हजार | | | | |

जिल्लामा खाद्य सामग्रीको उपलब्धता:

मुख्य बजारहरु:गुलरिया, राजापुर, सानोश्री, ताराताल, भुरीगाउँ, ठाकुरद्वारा, बाँसगढी, मैनापोखर, माछागढ, मगरागढी, शान्तिबजार, पशुपतिनगर, बग्नाह ।

पाईने खाद्य सामग्रीहरु:

सुख्खा खाना: चाउचाउ, चिउरा, भुजा, चिनी, नुन, सख्खर(गुँड), बिस्कुट, पानी

खाद्यान्न: चामल, पिठो, दाल, तेल ठुलो मात्रामा बजारमा स्टक राख्ने नगरिएको तर माग अनुसार आपूर्ति गर्न सक्ने क्षमता भएको ।

आवश्यकता

पहिलो ४ दिनको लागि १,००,००० जनसंख्याको लागि सुख्खा खाना

- पानी बोतल ४ लाख बोतल (स्वच्छ पिउने पानी नपाएको अवस्थामा मात्र)
- चाउचाउ ८ लाख पोका (दैनिक २ पोका)
- चिउरा १,००,०००.० केजी (दैनिक २५० ग्राम)
- भुजा १,००,०००.० केजी (दैनिक २५० ग्राम)

- चिनी २०,०००.० केजी (दैनिक ५० ग्राम)
- नुन २,०००.० केजी (दैनिक ५ ग्राम)
- दालमोठ २,००००.०० केजी (दैनिक ५० ग्राम)

नियमित खानाको लागि ५औं दिन देखि २०औं दिनसम्म १६ दिनको (वयस्कका) लागि हिसाव गरिएको आधारमा

- चामल ७९२००० केजी (प्रतिदिन प्रतिब्यक्ति ४९५ ग्रामका दरले)
- दाल १६०,००० केजी (१०० ग्राम)
- तेल ४८००० ली (३०मिली)
- नून ८००० के.जी (५ ग्राम)

समन्वयका लागि महत्वपूर्ण निकायहरु तथा संघसंस्थाहरु

- उद्योग बाणिज्य/व्यापार संघहरु
- नगरपालिका/गापाहरु
- खाद्य सामग्री सप्लायर्सहरु
- चामल, दाल तथा तेल मिल उद्योगहरु
- नेपाल खाद्य संस्थान
- अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरु
- पानी, चाउचाउ, चिउरा उत्पादन उद्योग

तालिका नं. २७ जिल्लामा प्रकोपको समयमा हुने खाद्यान्नको स्टक अनुमान(केजी)

| क. सं. | मुख्य बजार | चामल | दाल | तेल | नुन | चिनी | चिउरा | भुजा | बिस्कुट | मसला | तरकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गुलरिया | ५०००० | ५००० | १००० | १००० | २००० | ५०० | ५०० | २०० | १०० | १००० | |
| २ | राजापुर | २००००० | १०००० | १००० | १००० | २००० | ५०० | ५०० | २०० | १०० | २०० | |
| ३ | सानोश्री | ५०००० | १०००० | १००० | १००० | २००० | १००० | ८०० | २०० | १०० | १०० | |
| ४ | ताराताल | १०००० | ५००० | ५०० | ५०० | १००० | ५०० | ५०० | १०० | ५० | १०० | |
| ५ | भुरीगाउँ | ५०००० | १०००० | १००० | १००० | २००० | १००० | ५०० | २०० | १०० | २०० | |
| ६ | ठाकुरद्वारा | ५०००० | २५०० | ५०० | ५०० | १००० | ५०० | ५०० | १०० | ५० | १०० | |
| ७ | बाँसगढी | १००००० | १०००० | १००० | १००० | २००० | १००० | १००० | ३०० | २०० | ५०० | |
| ८ | मैनापोखर | १००००० | १५००० | ५०० | ५०० | ७०० | ५०० | ३०० | १०० | ५० | १०० | |
| ९ | माछागढ | ५०००० | ५००० | ५०० | ५०० | ७०० | ४०० | ३०० | १०० | ५० | १०० | |
| १० | कतर्निया | ५०००० | ५००० | ५०० | ५०० | ७०० | ४०० | ३०० | १०० | ५० | १०० | |
| ११ | मगरागढी | १००००० | १०००० | १००० | १००० | २००० | ७०० | ७०० | २०० | १०० | १०० | |
| १२ | बग्नाह | ५०००० | ५००० | ५०० | ६०० | १००० | ५०० | ३०० | १०० | ५० | २०० | |
| १३ | शान्तिबजार | ५०००० | ५००० | ५०० | ५०० | १००० | ५०० | ३०० | २०० | १०० | १०० | |
| १४ | पशुपतिनगर | २००० | ५००० | ५०० | ५०० | १००० | ३०० | २०० | १०० | ५० | १०० | |
| | जम्मा | ९१२००० | १०२५०० | १०००० | १०१०० | १९१०० | ८३०० | ६६०० | २२०० | ११५० | ३००० | |

खाद्य तथा गोदाम व्यवस्थापन क्षेत्रका सदस्यहरुको सम्पर्क सूचिः अनुसूचि ९ मा उल्लेख गरिएको छ

## ३.५ विषयगत क्षेत्रः खानेपानी तथा सरसफाई

अगुवाइ गर्ने निकायः खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ , फिल्ड कार्यालय बर्दिया

प्रमुख विपद् : बाढी, भूकम्प, महामारी र आगलागी

अनुमानित प्रभावित घरधुरी संख्या २०,०००

विपद्को अनुमानित अवस्था :

- स्वच्छ खानेपानी तथा सरसफाइको असुविधाहुन सक्ने ।
- नदीको कटान, बाढी, पहिरो, भुकम्पका कारणबाट होचो स्थानमा रहेका क्षेत्रका खानेपानीको मुहानहरुमा क्षतिहुने, डुवानमा पर्ने, इनार तथा कुवाहरु दुषित हुने, पुरिने ।
- व्यक्तिगत तथा सामुदायिक चर्पीहरु क्षतिग्रस्त हुन सक्ने ।
- वातावरण दुषित हुनेगरी शौचालयहरु भरिने, सेफ्टीट्याङ्की फुट्ने, पानीका मुहानहरु दुषित हुने र सरसफाइका सामाग्रीहरुको अभाव रहने ।
- सुरक्षित पानीको अभाव तथा दुषित वातावरण ।
- फोहरमैलाको व्यवस्थापनमा कठिनाइ भई माहामारी प्रकोप फैलिन सक्ने सम्भावना ।

विषयगत उद्देश्य :

- विस्थापित भएर शिविरमा बस्ने मानिसहरुका लागि सुरक्षित खानेपानी र अस्थायी शौचालयको व्यवस्थापन गर्ने ।
- जिल्लामा कार्यरत खानेपानी तथा सरसफाइ संस्थासंग समन्वय र सहकार्य गरी जिल्लाका प्रभावित गा.पा र न.पा.मा खानेपानी र सरसफाइको अवस्थालाई व्यवस्थित र प्रभावकारीरुपमा कार्यान्वयन गर्ने र सोको रिर्पोटिङ जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने ।
- खानेपानी र सरसफाइमा आवश्यक पर्ने सामाग्रीहरुको खोज, व्यवस्थापन, भण्डारण र वितरणमा जिल्ला विपद् व्यवस्थापनको निगरानीमा रही कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने ।
- अस्थायीरुपमा व्यक्तिगत सरसफाइका सुविधाहरुमा पहुँच वृद्धिगर्ने ।
- विस्थापित मानिसहरु बस्ने शिविरहरुमा सरसफाइ कायम गर्न तिनको सशक्तिकरण कार्य गर्ने ।
- स्थानीयस्तरको पत्रपत्रिका, एफ.एम. रेडियोहरुमा खानेपानी तथा सरसफाइको कारणबाट लाग्ने सक्ने विभिन्न किसिमको माहामारीबाट बच्नको लागि अपनाइने उपायहरुको बारेमा जनताहरुलाई जानकारी दिने ।
- विपद्को समयमा खानेपानी र सरसफाइको अभावबाट हुन सक्ने माहामारी रोगलाई रोकथाम र न्यूनीकरणगर्ने ।
- जिल्ला तथा स्थानीय तहमा खानेपानी सेवाप्रदायक संस्थालाई विपद्का समयमा स्वच्छ खानेपानी सेवा संचालनको लागि सजग र जिम्मेवार बनाउने ।
- क्षतिग्रस्त भएका खानेपानी तथा सरसफाइ सम्वन्धी आयोजना र संरचनाहरुको लगत तयार पारी सम्वन्धित निकायहरुमा जिल्ला विपद् व्यवस्थापनको सिफारिस सहित पठाउने ।
- विपद् हुनु पुर्व पनि विपद्मा हुन सक्ने माहामारीलाई रोकथाम गर्न गा.पा. तथा न.पा.मा खानेपानी तथा सरसफाइ सम्वन्धि सचेतीकरण गर्ने, स्थानीय पत्रपत्रिका, रेडियोहरुमा सन्देश प्रसारण गर्ने ।

तालिका नं. २८ विपद्को समयमा गरिने क्रियाकलापहरु: (खानेपानी तथा सरसफाइ)

अनुमानित प्रभावित घरधुरी संख्या २०,०००

| समय अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था संवोधन गर्न गरिने पूर्व तयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा | • खानेपानी तथा स्वच्छता प्रर्वधन समितिको आकस्मिक बैठक बस्ने<br>• क्षतिको आकलन गर्न टोली परिचालन गर्ने | • विपद् पश्चात बैठक बस्ने समय र स्थान पहिचान गर्ने र सदस्यहरुको सम्पर्क सूची व्यवस्थित गर्ने ।<br>• क्षति आकलन टोलीको निर्माण गर्ने र टोलीको कार्य सूची निर्माण गर्ने । | • सिमित जनशक्तिबाट कार्य संचालन गर्नुपर्ने<br>• थप जनशक्तिको परिचालन गर्नुपर्ने | खानेपानी तथा सरसफाई कार्यालय , जिल्ला समन्वय समिति, गाउपालिका, नगरपालिका र Wash Cluster | ३,००,०००।- | तथ्याङ्क संकलन अभिमुखीकरण फारम छपाई र विश्लेषण |
| २४ देखि ७२ घण्टा | • द्रुत सर्वेक्षणको आधारमा प्रभावितहरुको आवश्यकता पहिचान गर्ने ।<br>• पानी शुद्धिकरण गर्ने औषधी वितरणगर्न सकिने | • पानी शुद्धिकरण गर्ने सामाग्रीहरुको व्यवस्थापन जस्तै : पियूस, एक्वाटयाव्स् वाटरगार्ड | हाइजिनकिट ९९०० वटा, | खानेपानी तथा सरसफाई कार्यालय, जिल्ला समन्वय समिति, गाउपालिका, नगरपालिका वेस बर्दिया, UNICEF, NRCS, SUAHARA, Care Nepal | १४,८५,०००।- | पियुष ५०० थान, एक्वाट्याबस् १००० पिस |
| ७२ घण्टा देखि ७ दिन सम्म | • अस्थायी चर्पी र खानेपानी को धारा निर्माण गर्ने,<br>• सन्देशमुलक सामग्री स्थानीय एफ. एम. र पत्रपत्रिकाहरुमा प्रसारण गर्ने | • चर्पी निर्माणका लागि आवश्यक सामाग्रीहरु गोदाममा व्यवस्थित गर्ने, सचेतना सामाग्रीहरु तयारी अवस्थामा राख्ने । | | खानेपानी तथा सरसफाई कार्यालय, वेस बर्दिया, UNICEF, NRCS, Save the children, SUAHARA, Care Nepal | | |
| ७ दिन देखि २ हप्ता सम्म | आश्रय स्थलहरुमा चर्पी र खानेपानीको धारा निर्माण गर्ने । | • खानेपानी र चर्पी निर्माणका लागि आवश्यक सामाग्रीहरु उचित स्थानमा गोदाम गर्ने । | ५० धारा १०० चर्पीको प्यान | खानेपानी तथा सरसफाई कार्यालय र Wash Cluster | धारा जडान रु. ८,२५००० चर्पी प्यान रु. ५०,०००।- | |
| २ हप्ता देखि १ महिना सम्म | • वितरण गरिएको सामाग्रीहरु तथा सरसफाई को अवस्थाबारे अनुगमन गर्ने, अपुगभएको सामाग्रीको उपलब्धता गर्ने र वितरण गर्ने<br>• क्षतिग्रस्त क्षेत्रको स्थलगत अध्ययन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस पेश गर्ने । | • अनुगमन टोली गठन गर्ने र अनुगमन प्रक्रिया बारे प्रष्ट पार्ने,<br>• खानेपानी आयोजना सम्वन्धी उपभोक्ता समितिलाई तालिमको व्यवस्था गर्ने । | | • खानेपानी तथा सरसफाई कार्यालय<br>• विभिन्न खानेपानी सरसफाइ समिति<br>• खानेपानी सरसफाइ सुरक्षा योजना समिति | | |

तालिका नं. २९ खाडल पहिचान (खानेपानी तथा सरसफाई):

| क्र.स. | विवरण | अनुमानित संख्या | | जिल्लामा भएको परिमाण | | अपुग परिमाण | | सहयोग प्रतिबद्धता गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| १ | स्यालो ट्‌वेल | ५० | ८२५०००।- | ५० | ८२५०००।- | | | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,दाङ | प्रयाप्त |
| २ | पलास्टिक प्यान | ४०० | २००००० | ४०० | २०००००।- | | | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,दाङ | प्रयाप्त |
| ३ | पिउस | १२००० | ४००००।- | २००० | १०००० | १०००० | ३००००।- | ८०० खानेपानी ६०० बेस बर्दिया, | अपुग सामाग्रीको व्यवस्थापन खा.पा.तथा स. कार्यालय तथा युनिसेफ |
| ४ | एक्वाट्याबस् | ८००० | १,५०,०००।- | १५०० पत्ता | १५।- | ६,५०० | ९७,५००।- | खानेपानी तथा सरसफाई डिभिजन,दाङ , यूनिसेफ | |
| ५ | झुल | १००० | ३०००००।- | | | १००० | ३०००००।- | नेपाल रेडक्रस सोसाईटी, बर्दिया | |
| ६ | सावुन | २००० | ४००००।- | २००० | ४००००।- | प्रयाप्त | | खानेपानी तथा सरसफाई डि.कार्यालय,दाङ संग १००० थान र बेस बर्दियासंग १००० थान | |
| ७ | बाल्टिन | १०००० | ३००००००।- | १०० | ३००००।- | ९९०० | २९७००००।- | ३० वटा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ७० वटा बेस संग | WASH सेक्टरसंग मागगर्ने |

## ३.६ विषयगत क्षेत्रः संरक्षण

अगुवाइ गर्ने निकायः  जिल्ला प्रशासन कार्यालय  वर्दिया

विपद्को अनुमानित अवस्थाः

- बाढीबाट प्रभावित क्षेत्रका करीव २० हजार घरधुरी र १,००,००० जनसंख्या प्रभावित हुन सक्ने ।
- विपद् बाट प्रभावित ५ हजार जनालाई संरक्षणको आवश्यक्ता पर्न सक्ने ।
- असुरक्षाको वातावरण सृजना हुने ।
- धनजनको क्षति, घाइते बाल-बालिका, बिछोडिएका बाल-बालिका, एकल महिलाहरू, अनाथ, टुहुरा बालबालिकाहरू र अपांगता भएका व्यक्तिहरुको सङ्ख्यामा वृद्धि हुने ।
- बाढी पीडितप्रति हुने हिंसा र अन्य आपराधिक गतिविधिहरू (लुटपाट, चोरी, हत्या, डकैती, अपहरण, बलात्कार) बढ्ने सम्भावना रहने ।
- गर्भवती, सुत्केरीहरू तथा अपाङ्गता भएका व्यक्तिहरु वढी प्रभावित हुने । समय भन्दा पहिले सुत्केरी हुने संभावना ।
- लिङ्गमा आधारित हिंसामा बृद्धि हुने, विशेषगरी बालिका र किशोरीहरु जोखिममा पर्ने ।
- शोषण, भेदभाव बढ्ने,समाजमा कलह र अशान्तिको वातावरण सृजना हुने ।
- मानसिक आघात, साहारा विहिन हुनेहरुको संख्यामा बृद्दि हुने ।
- गरिबी बढ्ने, बेचविखन तथा ओसार पसार हुन सक्ने ।
- यौनजन्य हिंसा हुन सक्ने ।

विषयगत संरक्षण क्षेत्र स्थापनाको उद्देश्यः

- आपतकालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार, हेला तथा जोखिममा रहेका वा जोखिममा रहने संभाव्य व्यक्तिहरू बिशेषगरी महिला तथा बालबालिकाहरुलाई हिंसा र दुर्व्यबहारबाट संरक्षण गर्ने र त्यस्ता दुर्व्यबहारबाट प्रभावित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा पहुँचकालागि सहयोग गर्ने ।
- यौन दुर्व्यवहार, शोषण तथा हिंसाको रोकथाम र तिनको अनुगमन र रिपोर्टिङ्ग गर्ने ।
- जोखिममा रहेका समूहहरूका लागि मानव अधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवीय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको सरंक्षण गर्ने ।
- बालबालिका, महिला, बिशेष क्षमताका व्यक्ति र ज्येष्ठ नागरिकहरुलाई सुरक्षित आश्रय वा वातावरणको बन्तोबस्तो भए नभएको निगरानी राख्ने र सिफारिस गर्ने ।
- जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चितका लागि आपतकालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने
- बाल तथा महिला मैत्री स्थान तथा मनो-सामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- बिछोड भएका सबै बाल-बालिका  र खास गरी पाँच वर्षको उमेर भन्दा मुनिका केटाकेटी पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोग पछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

संरक्षण समुहले गर्ने मुख्य-मुख्य क्रियाकलापहरु

- सरोकारवालाहरुसंग समन्वय
- हिंसा र दुर्व्यबहारबाट महिला, बालबालिका, अपागंता भएका व्यक्ति र जेष्ठ नागरिकको संरक्षणकोलागि आबश्यक निगरानी
- मनोसामाजिक सेवा
- लेखाजोखा तथा अनुगमन
- प्रतिबेदन तयारी, सम्प्रेषण गर्ने, पैरवी र समिक्षा

तालिका नं. ३० विपद्को अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | ● स्थानीय स्तरमा रहेका सम्पर्क निकाय/संयन्त्र/ व्यक्तिहरुद्वारा सम्बन्धित सबै मूख्य निकायहरुमा सूचना लिनेदिने | ● सम्पर्क व्यक्तिको नाम,थर र सम्पर्क नं. टाँसगरी जो सुकैले सूचना दिन सक्ने ब्यबस्था मिलाउने र जिल्ला स्तरका सरोकारवालाहरुलाई सम्पर्क नं.हरु उपलब्ध गराउने | स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुलाई अभिमूखीकरण र हातेपर्चा छपाइ निर्माणको लागि श्रोतको कमी | सम्पूर्ण स्थानीय तहमा रहेका म.तथा बा.बा.शाखा तथा अन्य सरोकारवाला | ● पूर्व सूचना तथा विपद् पूर्व तयारी वारे पुर्नताजगी २०००००।- <br>● हाते पर्चा छपाईमा रु १०००० |
| १ घण्टा देखि ७ घण्टा भित्र | ● सुरक्षित आश्रय स्थलको सुनिश्चितामा सहयोग <br>● सूचना संकलक, अनुगमनकर्ता र निगरानीकर्ताको उपस्थिती | ● जिल्ला विपद् व्यवस्थापन समितिबाट पहिचान गरिएका सुरक्षित मार्ग, स्थान, आश्रय स्थल र योजनाको जानकारी दिने | कार्यालयको सवारी साधन मोटर नभएको हुँदा समयमा सम्बन्धित स्थानमा पुगी सेवा दिन कठिन र अनुगमनकर्ताहरुलाई आधारभूत खर्च उपलब्ध नहुँदा खटिन कठिन | सम्पूर्ण स्थानीय तहमा रहेका म.तथा बा.बा.शाखा र अन्य सरोकारवाला | –निर्माण भएको सुरक्षित स्थानहरुमा राख्ने |
| ७ घण्टा देखि २४ घण्टा भित्र | ● स्थानीय महिला सहकारी संस्थाहरु , गाउँ बाल संरक्षण समितिहरु, निगरानी समूहहरु र बाल क्लबहरु परिचालन गरी सङ्कटाभिमुख समुहहरु पहिचानगरी सम्बन्धित सबै सम्पर्क निकायहरुमा आबश्यक सहयोगको लागि सिफारिस गर्ने | ● द्रुत सर्बेक्षण फाराम बिपद् पूर्वनै तयार गरी राख्ने । <br>● संभाब्य प्रभावित स्थानहरुमा स्थानीय स्तरमा पहिचान गरिएका निकायहरुलाई तयारी अबस्थामा राख्ने | ● बजेट तथा जनशक्तिको कमी <br>● बालबालिका जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुको लागि उपयुक्त आश्रय स्थल/ब्यबस्थापनमा ध्यान जाने नगरेको | नेपाल रेडक्रस सोसाइटी/ महिला तथा बालबालिका कार्यालय | ६०००० । (फारमको अभिमूखीकरण) |
| २४ देखि ४८ घण्टा भित्र | ● मानबीय सहयोगको अनुगमन र सुधार गर्न आबश्यक बिषयमा सुझाव संकलनको लागि टोली परिचालन गर्ने | ● स्थानीय स्तरमै बिभिन्न उपसमितिहरु निर्माणगरी पूर्ब तयारी अबस्थामा राख्ने । | यातायात तथा सञ्चार खर्चको अभाव | स्थानीय तहमा रहेका म.तथा बा.बा.शाखा र अन्य सरोकारवाला | १५०००० आवश्यकताको आधारमा |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ देखि ४८ घण्टा भित्र | ●शिशु, सुत्केरी, गर्भवती, नियमित औषधि सेवन गर्नुपर्ने अबस्थाका जे.ना.हरुलाई आबश्यक राहत सामाग्री प्याकेजमा वितरण गर्ने<br>●लक्षित वर्गको सुरक्षा र संरक्षणमा जोखिम कम गर्न सुझाव र समन्वयकारी भूमिकाकोलागि ब्यक्ति परिचालन गर्ने ।<br>● महिला र बालिका माथि हुन सक्ने संभाब्य हिंसा, दुर्व्यबहारबाट संरक्षणको लागि निगरानी गर्न नियमित रुपमा टोली वा ब्यक्ति परिचालन गर्ने । | • सरोकारवाला निकायहरु बीच कार्यक्षेत्र र जिम्मेवारी बाँडफाड<br>• मनोसामाजिक परामर्शकर्ताहरुको नक्शाङ्कन<br>• मनोसामाजिक परामर्शकर्ता उत्पादन एवंम पुर्नताजगी<br>• आकस्मिक सहयोगकोष स्थापना गर्ने । | ● यातायात,खाना,आबास आदि ब्यबस्थाको लागि श्रोतको कमी प्रतिस्ठा सामाग्री (Dignitykits)को कमि<br>● खोप, स्वच्छ खानेपानी, यातायात, ढुवानी खर्च र भैपरी आउने खर्च नहुदा समयमा प्रभावित स्थानमा पुग्न कठिन | स्थानीय तहमा रहेका म.तथा बा.बा.शाखा र अन्य सरोकारवाला | ४००००० (श्रोतको खोजी गर्नुपर्ने ) |
| ४८ घण्टा देखि ७२ घण्टा भित्र | ● हिंसा दुर्व्यबहारबाट संरक्षणकोलागि नियमित रुपमा टोली वा ब्यक्ति परिचालन गर्ने ।<br>● मनोसामाजिक परामर्शकर्ताहरु परिचालन गर्ने<br>● हिंसामा परेका महिलाहरुलाई अल्पकालिन आश्रय र आबश्यकक्ता अनुसार कानूनी सहायता प्रदान गर्ने । | बिपदको समयमा अप्रत्याशित सेवा दिनुपर्ने भएको हुँदा आवश्यक, श्रोतसाधन र दक्ष जनशक्तिको नाम लिष्ट विवरण संकलन गरिराख्ने । | | जिल्ला महिला कानूनी सहयायता समिति | करिब २००००० (आवश्यकता अनुसार) |
| ७२ घण्टा देखि ७ दिन भित्र | गर्भवती, सुत्केरी, बिरामी/अशक्त जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरु, अनाथ, असहायहरुलाई सहायताकोलागि आबश्यक समन्वयकारी भूमिका निर्बाह गर्न नियमित रुपमा स्वमंसेवक परिचालनको ब्यबस्था मिलाउने ।<br>● अपांगता सहायक सामाग्री उपलब्ध गराउने | ● प्रभावितहरु सेल्टरमा बस्नुपर्ने अबधिभर दैनिक आलोपालोगरी खटिने स्वमंसेवकको ब्यबस्था<br>● अनुमानित सम्भावित संख्यामा अपांगता सम्बन्धि सहायक सामाग्रीहरु खरिद वा प्राप्तगरी स्टोरगरी राख्ने | ● सहायक सामाग्री खरिदकोलागि रकमको अभाव<br>● दिनभर खटिने स्वमं सेवकलाई चिया, खाजासम्मको ब्यबस्थापनि नहुनु | स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखा<br>बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्र, जनस्वाथ्य कार्यालय | करिब २ लाख पचासहजार<br>करिब ५० हजार (श्रोतको खोजी ) |
| ७ दिन देखि २ साता भित्र | ● प्रभावित बालबालिका तथा महिलाहरुलाई मनोसामाजिक सेवामा निरन्तरता | | | स्थानीय तहका म. तथा बा.बा. शाखा, ओरेक नेपाल, माइती नेपाल, जिल्ला कानूनी सहयाता समिति, | ३००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ साता देखि १ महिना भित्र | ● बालमैत्री सुरक्षित स्थल निर्माण र उपयोग<br>● कानूनी तथा मनोसामाजिक सेवामा निरन्तरताका साथै बिशेष प्रकृतिका मुद्दाहरुलाई जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा रिफर<br>● अस्थाई आवासमा सम्भावित हिंसा बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>● विपद्बाट प्रभावितहरुको अभिलेख राख्ने<br>● नियमित बैठकहरु र समिक्षा<br>● अनुगमन तथा प्रतिबेदन | ● सहयोगी सरोकारवालाको पहिचान र समन्वय<br>● सचेतनाकोलागि आबश्यक कन्टेन र सहजकर्ता र कार्यक्षेत्र निर्धारण | बिशेष आयमुलक क्रियाकलापमा स्थाई सदस्य बाहेककालाई कार्यक्रम नराखिने र प्रभाव क्षेत्र भन्दापनि आफ्नो क्षेत्रलाई प्राथमिकता दिने र समन्वयको कमी | र सरोकारवाला सबै निकायहरु (प्लान नेपाल, सेभ द चिल्ड्रेन, यूनिसेफ, केएर नेपाल) | ४००००० आवश्यकता अनुसार |

जिल्ला स्तरमा रहेका संरक्षण क्षेत्र अन्तर्गतका सदस्य निकायहरु र सम्पर्क व्यक्तिको विबरणः अनुसूचि.....मा उल्लेख गरिएको छ ।

तालिका नं. ३१ आबश्यकताको लेखाजोखा तथा खाडल पहिचान ( भौतिक साधन, दक्ष जनशक्ति, पैसा )

| क्रसं | विबरण | अनुमानित आबश्यक्ता | | जिल्लामा भएको परिमाण | | अपुग परिमाण | | सहयोग प्रतिबद्दता गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १. | बिभिन्न बैठक, कार्यशाला, अभिमूखीकरण, सचेतना | ४३ पटक | ६८२००० | | | | | स्थानिय तहका महिला शाखा |
| २ | सूचना, सचेतना तथा तथ्याङ्क संकलन सम्बन्धि बिभिन्न फारम छपाई र वितरण | ४ पटक | ८०००० | | | | | नेरेसो, स्थानीय तह, संरक्षण कलष्टर सदस्यहरु |
| ३ | निगरानी, अनुगमन, राहत विबरण, ढुवानी, भैपरी | करिब १०० जना | ४२७५०० | | | | | नेरेसो, स्थानीय तह, संरक्षण कलष्टर सदस्यहरु |
| ४ | सहायक सामाग्री खरिद तथा ढुवानी | जना १०० | २५०००० | | | | | स्थानिय तह |
| ५ | मनोसामाजिक परामर्शसेवा | जिल्लाभर | ३००००० | | | | | ओरेक, माइती नेपाल, जिल्ला कानूनी सहयाता समति, म. तथा बा.बा. का. |
| ६ | कानूनी सहायता तथा अल्पकालिन आश्रय | जना २० | १५०००० | | | | | जिल्ला कानूनी स. स. |
| ७ | बालमैत्री सुरक्षित आश्रय स्थल स्थापना | स्थान ३ | ३००००० | | | | | सेभ द लिल्डेन, प्लान नेपाल, युनिसेफ |
| ९ | बिशेष प्रकृतीका प्रभावितलाई राहत सामाग्री वितरण | | | | | | | संरक्षण कलष्टर सवै |

विषयगत क्षेत्रका सदस्यहरुको विवरणः अनुसूचि ११ मा उल्लेख गरिएको छ ।

# ३.७ विषयगत क्षेत्र: स्वास्थ्य तथा पोषण

| | |
|---|---|
| क्षेत्रगत अगुवा | : स्वास्थ्य कार्यालय, बर्दिया |
| मुख्य विपद्को किसिम | : बाढी डुवान, आगलागी, शितलहर, लु, भूकम्प तथा विभिन्न महामारीजन्य रोगहरु |
| अनुमानित अवस्था | : २०,००० घर परिवारका १,००,००० जना समुदायलाई आपतकालिन स्वास्थ्यको सेवा आवश्यकता पर्न सक्ने अवस्था आउन सक्छ । |

अनुमानित अवस्था :

२०,००० घर परिवारका १ लाख जना प्राकृतिक विपद्बाट प्रत्येक्ष प्रभावित हुन सक्ने र आपत्कालिन स्वास्थ्य सेवा आवश्यकता पर्न सक्ने अवस्था आउन सक्छ । विपद्का कारणले विस्थापित परिवारहरूलाई स्वच्छ खानेपानी तथा सरसफाइको असुविधा हुन सक्ने, नदीको कटान, बाढी, पहिरो, भूकम्पका कारणबाट होचो स्थानमा रहेका क्षेत्रका खानेपानीको मुहानहरूमा क्षति हुने, डुवानमा पर्ने, इनार तथा कुवाहरू दूषित हुने, पुरिन सक्ने, ब्यक्तिगत तथा सामुदायिक चर्पिहरु क्षतिग्रस्त हुन सक्ने, वातावरण दूषित हुने गरी शौचालयहरू भरिने, सेफ्टीट्याङ्की फुट्ने, पानीका मुहानहरू दूषित हुने र सरसफाइका सामाग्रीहरूको अभाव हुन सक्ने र सुरक्षित पानीको अभाव तथा दूषित वातावरण भई माहामारी प्रकोप फैलिन सक्ने सम्भावना ।

विषयगत उद्देश्य :

जस्तोसुकै आपतकालीन अवस्था परे पनि मानव कल्याण तथा जीवन सुरक्षा (human survival and well-being), खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषणसम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने ।

विशिष्ट उद्देश्य (स्वास्थ्य) :

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्ने ।
- अरू द्रुत लेखाजोखा (rapid assessment) सँग एकीकृत गरि स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।
- रोग फैलन गएको खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको संचालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (referral mechanism) को विकास गर्ने ।
- पर्याप्त आपतकालीन आपूर्ति र मानव स्रोतलगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि पहल गर्ने ।

विशिष्ट उद्देश्य (पोषण) :

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा स्तनपान गराउने महिला एवं पाँच वर्ष मुनिका केटाकेटीहरूमा गम्भीर तथा मध्यम कुपोषणको अवस्थालाई रोकथाम गर्न पहल गर्ने ।
- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्ने ।
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छितरुपमा स्तनपानका विकल्पहरूको (डब्बाको दुध) वितरणमा रोक लगाउन पहल गर्ने ।
- भिटामिन ए को वितरण/जुकाको औषधि तथा प्रभावित बालबालीकाहरुका लागि खोप सेवा सुनिश्चित गर्ने ।
- समुदायस्तरमा रोग तथा चोटपटकको उपचार विद्यमान स्वास्थ्य केन्द्रको प्रणालीको क्षमताभन्दा बाहिर गएको अवस्थामा अन्य स्वास्थ्य सेवा प्रदायक निकायहरुमा रिफर गर्ने ।

तालिका नं. ३२, १.२. विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना

| समय अवधि | विपद्को समयमा गरिने आपतकालिन कार्य ( विपद्को प्रकृतिमा आधारित ) | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | • सूचना आदान-प्रदान गर्ने गराउने ( स्थानिय तह, सेना, प्रहरी र स्थानिय समाजसेवीहरु ) | • सूचनाको आधारमा स्थानिय स्वास्थ्य संस्थाहरु लाई स्वास्थ्य सेवा प्रदान गर्न गराउन तयार पार्ने । | • समयमा सही सूचना प्रवाह गर्न नसकिने । | स्थानिय तह, सेना, प्रहरी र स्थानिय समाजसेवीहरु | २०,०००। |
| २ देखि ७ घण्टा भित्र | • सूचनाको आधारमा विपद् प्रभाविद क्षेत्रमा स्थानिय तहका प्रतिनिधिहरु, स्थानिय स्वास्थ्य कर्मीहरु, सेना, प्रहरी र नेपाल रेडक्रस सोसाइटीका स्थानिय उद्धारकर्ताहरु लाई सहयोग पुयाँउनमा मद्दत गर्ने गराउने । | • विपद् प्रभाविद क्षेत्रमा विपत बाट प्रभावित व्यक्तिहरुको अवस्था प्रथामिकीकरण गर्न गराउनमा सहयोग पुयाँउने । | • उद्धारकर्ताहरु र सामग्रीहरुको कमी हुन सक्ने । | स्थानिय तह, सेना, प्रहरी, स्वास्थ्यकर्मी र स्थानिय समाजसेवीहरु | १,००,०००। |
| ८ देखि २४ घण्टा भित्र | • विपद् प्रभाविद क्षेत्रमा स्थानिय तहका प्रतिनिधिहरु, स्थानिय स्वास्थ्य कर्मीहरु, सेनाहरु, प्रहरीहरु र नेपाल रेडक्रस सोसाइटीका स्थानिय उद्धारकर्ताहरु सँग समन्वय गरी प्राथमिक उपचार सेवा पुऱ्याउने, प्रेषण गर्ने, स्वास्थ्य शिक्षा दिने, पिउने पानी शुद्धिकरण गर्नको लागी वाटर गार्ड/प्यूस ब्यवस्था गर्ने । | • विपद् प्रभाविद क्षेत्रमा प्राथमिक उपचार सेवा पुऱ्याउने, प्रेषण गर्ने, स्वास्थ्य शिक्षा दिने, पिउने पानी शुद्धिकरण गर्नको लागी वाटर गार्ड/प्यूस ब्यवस्था गर्ने । | • आपूति ब्यवस्थापन गर्न गराउनमा कठिनाई हुन सक्ने । | स्थानिय तह, सेना, प्रहरी, स्वास्थ्यकर्मी र स्थानिय समाजसेवीहरु | ५,००,०००। |
| २४ देखि ४८ घण्टा भित्र | • RRT को बैठक बसी विपदको क्षति आंकलन गर्न गराउन Cluster Rapid Response Team लाई परिचालन गर्ने ।<br>• विपद् प्रभाविद क्षेत्रमा अस्थायी स्वास्थ्य शिविर स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने । | • क्षति आंकलन टोली निर्माण गर्ने र टोलीको कार्यसूची निर्माण गरि परिचालन गर्ने गराउने ।<br>• अस्थायी स्वास्थ्य शिविर स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने । | अस्थायी स्वास्थ्य शिविर निमार्ण गर्न त्रिपाल, स्ट्रेचर तथा अन्य ब्यवस्थापन का साथै आपूति ब्यवस्थापन गर्न गराउनमा कठिनाई हुन सक्ने | DDMC तथा स्वास्थ्य कार्यालय बर्दिया | १०,००,०००। |
| ४८ देखि ७२ घण्टा भित्र | • द्रुत सर्वेक्षणको तथ्यांकको आधारमा प्रभावितहरुको स्वास्थ्य सम्बन्धी आवश्यकताको पहिचान गर्ने गराउने<br>• खानेपानी शुद्धिकरण गर्न सामाग्रीहरु लगायत भाँडा कुँडा वितरण गर्ने ।<br>• सरसफाई पानीजन्य रोगको बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने | • द्रुत सर्वेक्षण फारमबारे अभिमुखिकरण गर्ने<br>• खानेपानी शुद्धिकरण गर्ने सामाग्रीहरु उचित स्थानमा गोदाममा ब्यवस्थापन गर्ने ।<br>• सरसफाई सचेतना सम्बन्धी सामाग्रीहरु तयारी अवस्थामा राख्ने । | आपूति ब्यवस्थापन गर्न गराउनमा कठिनाई हुन सक्ने | DDMC, NRCS, EDPs र स्वास्थ्य कार्यालय बर्दिया | १०,००,०००। |

| समय अवधि | विपद्को समयमा गरिने आपतकालिन कार्य ( विपद्को प्रकृतिमा आधारित ) | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ४८ देखि ७२ घण्टा भित्र **Continue** | • स्तनपान प्रर्बद्धन गर्ने र तयारी खानाको व्यबस्थापन र बितरण गर्ने ।<br>• किट्जन्य रोगहरुबाट बच्न तथा बचाउनको लागी Long Lasting Insecticidal Nets बितरण गर्ने गराउने | • तयारी खानाका र बहु सुक्ष्म पोषक तत्व उचित स्थानमा भण्डारन गर्ने<br>• किट्जन्य रोगहरुबाट बच्न तथा बचाउनको लागी LLIN तयारी अवस्थामा राख्ने | माँग अनुसारको सामग्री प्राप्त हुन नसक्ने र भण्डारणको लागी ठाउँको अभाव हुन सक्ने । | DDMC, NRCS, EDPs र स्वास्थ्य कार्यालय बर्दिया | केन्द्र बाट प्राप्त हुने |
| ७२ घण्टा देखि ७ दिन भित्र | • DDMC र सरोकारहरूको सहकार्यमा बैठक बसी प्रकोपको बारेको जानकारी तथा स्वास्थ्य सम्बन्धी संचालन गरिएका कार्यक्रम बारे सूचना प्रदान ।<br>• जिम्मेवारी बांडफांड, अत्यावश्यकीय तथा स्वास्थ्य सेवा प्रदान, स्रोत परिचालन सुचना तथा जनचेतनामुलक सन्देशहरू प्रसारण गर्ने ।<br>• आश्रय स्थालहरुमा अस्थाई चर्पि र खानेपानीको धारा निर्माणमा सहयोग गर्ने ।<br>• अभिलेख तथा प्रतिवेदन अत्यावश्यकीय सेवाहरुको उपलब्धता (खोप, पोषण, क्षयरोग, प्रजजन स्वास्थ्य, मनोवैज्ञानिक परामर्श)<br>• Disease Surveillance<br>• Specimen Collection<br>• Spraying to prevent endemic from insects<br>• Waste management<br>• पशु उपचार, रोग नियन्त्रण र रोकथाम कार्यहरुका लागी सम्बन्धीत निकाय संग समन्वय गर्ने । | • थप औषधीको भण्डारण तथा ब्यबस्था गर्ने<br>• तालिम प्राप्त जनशक्ति परिचालन पहिचान गरी तयारी अवस्थामा राख्ने<br>• समन्वय, स्रोतको पहिचान गरी राख्ने ।<br>• चर्पि निर्माणका लागि आवश्यक सामाग्रीहरु गोदाममा व्यवस्थित गर्ने<br>• सचेतना सम्बन्धी सामाग्रीहरु तयारी अवस्थामा राख्ने<br>• पशु सेवाका लागि प्राविधिक टोली गठन | निर्माण कार्यको लागि आवश्यक सामाग्री खरीद गर्न रकमको अभाव | DDMC, NRCS, EDPs र स्वास्थ्य कार्यालय बर्दिया | १०,००,०००। |
| ७ दिन देखि २ साता भित्र | • बितरण गर्ने सामाग्रीहरु तथा सरसफाईको अवस्थाबारे अनुगमन गर्ने<br>• नपुग भएको सामाग्रीहरुको उपलब्धता गर्ने र बितरण गर्ने | • अनुगमन टोली गठन गर्ने र अनुगमन प्रक्रियाबारे स्पष्ट गराउने<br>• सामाग्रीहरु उपलब्ध गराउने निकाय एवं संगठनहरुको अग्रिम पहिचान गर्ने | समयमा अनुगमन प्रक्रिया अगाडी बढन नसक्ने । | DDMC, NRCS, EDPs र जिल्ला स्वास्थ्य कार्यालय बर्दिया | १,००,०००। |

| समय अवधि | विपद्को समयमा गरिने आपतकालिन कार्य ( विपद्को प्रकृतिमा आधारित ) | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| २ साता देखि १ महिना भित्र | • मानवको पुर्व अवस्था नहुदा सम्म प्याकेज कार्यक्रम निरन्तर संचालन तथा फलोअप गर्ने ।<br>• अनुगमन तथा निरिक्षण कार्यलाई निरन्तरता दिने । सरोकारहरूसंग बैठक, पूर्व तयारी कार्य योजनाको समिक्षा गर्ने<br>• सूचना तथा जनचेतनामुलक सन्देशहरू प्रसारण, समन्वय अत्यावश्यकीय स्वास्थ्य सेवाको निरन्तरता दिने ।<br>• मध्यम शिघ्र कुपोषणको व्यवस्थापनको लागि थप आहार कार्यक्रम तथा कडा शिघ्र कुपोषणको व्यवस्थापन कार्यक्रम लाई निरन्तरर्ता दिने<br>• सुक्ष्मपोषण तत्व कार्यक्रम अर्न्तगत बाल भिटा र भिटामिन ए वितरण<br>• गर्भवती र सुत्केरी महिलाहरुका लागि आइरन फोलिक एसिड चक्कि वितरण तथा मातृ पोषण परामर्श प्रदान गर्ने | • पूर्व तयारी कार्य योजना निमार्ण गर्ने<br>• नियमित सरोकारवालाहरु सँग समन्वय गर्ने । | नियमित सरोकारवालाहरु सँग समन्वय नहुन सक्ने । | DDMC, NRCS, EDPs र स्वास्थ्य कार्यालय बर्दिया | २०,००,०००। |

तालिका नं. ३३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि गरीएको सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

| क्र.स. | प्रतिवेदन प्रकाशनको नाम | सिकाईका असल अभ्यासहरु |
|---|---|---|
| १ | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७४ | जिल्ला स्तरको विपद् जोखिम स्तरिकरण, विषयगत अभ्यासहरु |
| २ | जिल्ला विपद् व्यवस्थापन समितिका बार्षिक प्रतिबेदनहरु | जिल्लामा हुने गरेको विपद्का घटनाहरु र समाधानका उपायहरु बारे जानकारी भएको |
| ३ | नेपाल रेडक्रस सोसाइटी बर्दिया जिल्ला शाखाद्धारा समुदाय स्तरका प्रतिवेदन तथा कार्ययोजनाहरु २०६५ देखी २०७४ | क्षेत्रगत अवधारणा अनुसार विपद् व्यवस्थापनमा बुझाई स्थानीय स्तरका ४६ ईकाईहरुद्वारा समुदायमा आधारित विपद् पूर्वतयारी योजना निर्माण र स्थानीय स्तरमा विपद् व्यवस्थापनमा भएको अगुवाई |
| ४ | राधा कृष्ण थारु जनसेवा केन्द्र बर्दियाद्धारा समदाय स्तरका प्रतिवेदन तथा कार्ययोजनाहरु २०७० | क्षेत्रगत अवधारणा अनुसार विपद् व्यवस्थापनमा बुझाई स्थानीय स्तरका ३० ईकाईहरुद्वारा समुदायमा आधारित विपद् पूर्वतयारी योजना निर्माण र स्थानीय स्तरमा विपद् व्यवस्थापनमा भएको अगुवाई |
| ५ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा बर्दियाको आपत्कालिन जनस्वास्थ्य योजना-२०६९ (पहिलो संशोधन र २०७० दोस्रो संसोधन ) | २०६९ मा २०६८ मा बनेको आपत्कालिन जनस्वास्थ्य योजना अद्यावधिक गरिएको<br>स्वास्थ्य क्षेत्रमा तत्काल मानवीय सहयोग पुऱ्याउन आपत्कालिन कोषको रु ४,८०,००० को कोष स्थापना भएको र सो कोषमा रकम थपदै जाने रणनीति रहेको । |

## ३.८ आपतकालिन शिक्षा

अगुवाइ गर्ने निकाय : शिक्षा विकास तथा समन्वय इकाइ बर्दिया,
मुख्य विपद्को किसिम : बाढी, हावाहुरी, लू, शीतलहर, महामारी, जंगली जनावरको आतंक र भूकम्प

### विपतको अनुमानित अवस्था

- बर्दिया जिल्लाका ६ नगरपालिका र २ गाउँपालिकाका करिव १५० ओटा विद्यालयहरु बाढीको कारणले प्रभावित हुने लगभग जिल्लाका ८० प्रतिशत विद्यालय तथा मदरसा भवन भुकम्पीय दृष्टिकोणबाट जोखिम रहेका ।
- लगभग २०,००० विद्यार्थीको किताव तथा शैक्षिक सामग्री आपतकालिन अवस्थामा हराउन वा नष्ट हुन सक्ने
- विद्यालयहरुलाई आपतकालिन अवस्थामा आश्रयस्थलको रुपमा प्रयोग गर्दा विद्यालयको वरीपरी महामारी जस्ता समस्याहरु उत्पन्न हुने ।
- विद्यार्थीहरुलाई विद्यालयको जाँदा आउँदा र विद्यालय परिसरमा र बाटोमा रहेका रुखहरु ढलेर च्याप्ने र चोटपटक लाग्ने सम्भावना भएको ।
- विद्यार्थीहरुलाई विद्यालय जाँदा आउँदा बस ट्रक गाडी मोटरसाइकल आदि बाहानहरुबाट दुर्घटना हुने
- गर्मि याम्मा विद्यार्थिहरु बिद्यालय जादाँ आउदाँ बिद्यालय परीसरमा हुदा उच्च तापक्रमका कारण लु लाग्ने सम्भावना रहेको ।
- जाडो याममा ठण्डी को कारण बिशेष गरेर कम उमेरका र विपन्न परीवारका( न्यानो लुगा बाट बन्चित हुने बिद्यार्थिहरु लाइ शितलहर लाग्ने सम्भावना रहेको ।
- शिक्षक हरु स्वयम विपदबाट प्रभावित भइ विद्यालय आउन नसक्ने अवस्था ।
- विद्यार्थिहरु शिक्षण सिकाइ मा अनुपस्थिति, अनुत्तिर्ण हुने , विद्यालय छाड्ने ।
- विद्यार्थिहरु मा मनोवैज्ञानिक समस्या सिर्जना हुने ।
- बाढीको बेलामा विद्यालय बन्द हुँदा वैकल्पिक पठनपाठन को व्यवस्था नहुनु ।
- बाढीका कारणले विद्यालय जाने बाटोघाटो अवरुद्ध हुने ।
- भुकम्प, आगलागी र बाढी का कारण विद्यालयमा फर्निचर, पठन पाठन सामाग्रि ,अभीलेख सामाग्रि , प्रयोगशाला सामाग्रि आशिक वा पुर्ण रुपमा क्षति हुन सक्ने
- भुकम्प हावाहुरि आगलागिका कारण शिक्षक तथा विद्यार्थिहरुको ज्यान जोखिममा पर्न सक्ने ।
- विद्यालयमा खानेपानीका स्रोत प्रदुषित हुँदा झाडापखाला सरुवा रोग, ज्वरो आदिले प्रभावित हुनु ।
- जंगली जनावरको आतंकका कारण शिक्षक विद्यार्थी प्रभावित हुन सक्ने ।

### विषयगत उद्देश्य

- प्राकृतिक विवतबाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरुलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि र उनीहरुलाई सुरक्षित रुपमा सिकाउने एवम् सिक्ने वातावरण तयार पार्ने ।
- आपतकालिन परिस्थितिमा पहिलो प्रतिकार्य उपलब्ध गराउने व्यक्तिका रुपमा सरोकारवालाहरुको क्षमता बढाउने ।
- बालवालिकाहरुको अध्ययन अध्यापनलाई आपतकालिन अवस्थामा पनि सुरक्षित तरिकाले सुचारु गर्ने ।
- बालबालिका, शिक्षक, कर्मचारी तथा अभिभावकको आपतकालिन अवस्थामा विपद जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि गर्ने ।
- प्रभावकारी आपतकालिन पूर्वतयारी तथा प्रतिकार्यलाई सहजीकरण गर्नका लागि निमित्त क्षेत्रगत कार्य समूहका सदस्यहरु (cluster members) का बीचमा प्रभाकारी समन्वय, अनुगमन तथा सूचनाको आदानप्रदान सुनिश्चित गर्ने ।
- विद्यालयको भौतिक संरचना र अभिलेख सुरक्षित गर्ने ।
- विपद्बाट भएको भौतिक क्षतिको पुनर्सथापना तथा पुनरनिर्माण गर्ने ।

तालिका नं. ३४ शिक्षा कलस्टरको विपद व्यवस्थापन कार्यान्वयन योजना एबम् गरिने कृयाकलापहरु

| समायवधि | विपद अवस्थामा गरिने आपतकालिन कार्य (विपतको प्रकृतिमा आधारित) | आपतकालिन अवस्थाको सम्वोधन गरिने पूर्वतयारी कार्य | कार्य सम्पादन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | • विषयगत क्षेत्रको बैठकको आह्वान गर्ने | • विपत प्रभावित हुने संभावित क्षेत्रमा रहेका विद्यालय मदरसाका शिक्षक र अभिभावकहरुको मोवाइल एवम् टेलिफोन नम्वर अद्यावधिक | • पूर्ण रुपले अद्यावदिक भैसकेको । | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• स्थानीय तहमा रहेका शिक्षा शाखाहरु<br>• पालिकाका वडा समितिहरु, विद्यालय, शिक्षक, नेपाल रेडक्रस सोसाइटी |
| | • शिक्षक, स्थानीय स्वयम् सेवक, सहयोगी कार्यकर्ताकोकार्यदल गठन गरी परिचालन गर्ने । | | • पूर्ण रुपले अद्यावधिक भै नसकेको । | • शिक्षा विकास तथा समन्वय इकाइ, गाउँपालिका नगरपालिका, वडा समितिहरु, शिक्षकका |
